बालमैत्री स्थानीय शासन

(प्रशिक्षण म्यानुअल भाग २)

स्थानीय प्रशिक्षकका लागि सन्दर्भ सामाग्री

२०६७

नेपाल सरकार

स्थानीय विकास मन्त्रालय

मन्तव्य

भुमिका

विषय सूची

मन्तव्य १
भुमिका २
बालबालिका तथा उनीहरुको अवस्था ४
बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र सहश्राब्दी विकास लक्ष्य ९
बालअधिकार सम्वन्धी राष्ट्रिय नीति तथा कानुनी व्यवस्था १६
विकेन्द्रित स्थानीय स्वायत्त शासन २२
बालमैत्री स्थानीय शासनको अवधारणा र यसको अभ्यास २७
बालसहभागिता ३१
बालमैत्री स्थानीय शासनको लक्ष्य, उद्देश्य तथा सिद्धान्तहरु ३८
बालमैत्री स्थानीय शासन पद्धति कार्यान्वयन ४५
बालमैत्री स्थानीय शासनका न्यूनतम सूचकहरू ४८
बालमैत्री स्थानीय शासनका साझेदार संस्थाहरूको पहिचान, विश्लेषण र जिम्मेवारी निर्धारण ५७
बालमैत्री स्थानीय शासन संचालनको संस्थागत व्यवस्था ६५
विपन्न र पिछडिएको वर्गको सहभागिता ६९
बालमैत्री स्थानीय शासनको लागि स्रोत नक्साक्तन, क्षमता विकास र लगानी योजना ७१
बालमैत्री स्थानीय शासन सम्बन्धी आवधिक तथा वार्षिक योजना तर्जुमा र कार्यान्वयन प्रक्रिया ७६
बालबालिकासम्बन्धी प्रोफाईल, स्थिति पत्र तयारी तथा प्रकाशन ८४
अनुगमन तथा मूल्यांकन ८९
कार्य योजना ९७

बालबालिका तथा उनीहरुको अवस्था

१) परिचय

१.१ बालबालिका

हामी सवै एकपटक बालक वा बालिका भैसकेका छौं र बाल्यकालको अनुभव समेत गरिसकेका छौ, त्यसैले बालबालिका को हुन् वा कसलाई बालबालिका भन्ने विषयमा धेरै ठूलो वहस नहुन सक्छ । तर हाम्रो भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक परिवेश अनुसार बालबालिकाको अवस्था भने निश्चयनै पनि फरक हुन सक्दछ । बालबालिकालाई सामान्य अर्थमा हेर्ने हो भने उनीहरु सृष्टिको निरन्तरता स्वरुप पृथ्वीमा आएका प्राणि हुन् किनकि प्रत्येक मानिस जन्मदा बालक वा बालिका भएर जन्मिएको हुन्छ । त्यसपछि मात्रै उसलाई धनि, गरिव, सम्पन्न, विपन्न, हिमाली, पहाडी वा मधेशी, जाति, जनजाति वा धर्म र नागरिकमा विभाजन गरिन्छ । बालबालिकाहरु शारीरिक, मानसिक तथा संबेगात्मक रुपमा अपरिपक्व हुन्छन् जसलाई बाल्यकालमा वा अहिले नै विशेष किसिमको संरक्षण र स्याहार आवश्यकता पर्दछ । यस्तो वातावरणमा हुर्कदै उनीहरु भविश्यमा एक वयस्क भएर आफ्ना व्यक्तिगत, पारिवारिक र सामाजिक उत्तरदायित्वहरु वहन गर्न पुग्दछन् । हाम्रो समाजमा बालबालिकाहरु जहिले पनि समाजमा भएको शक्ति सम्बन्ध वा शक्ति संरचनामा सबभन्दा पुछारमा रहेका हुन्छन् र हामी उनीहरुका कुरा कमै मात्र सुन्छौ र जति सुन्छौ त्यसमा निकै कम विषयमा मात्र ध्यान दिन्छौ । र हामी हाम्रा बालबालिकाहरुवाट हाम्रा खासगरी आमाबाबुका आकांक्षाहरु (विशेषगरी पुरा नभएका वा दमित आकांक्षाहरु) लाई काँध थापिदिने अपेक्षा गर्दै उनीहरुवाट आफ्नो स्वार्थ पुरा हुने विश्वास गर्दछौ । यस परिप्रक्ष्यमा बालबालिकाहरुमा उनीहरुको उमेर, परिपक्वता, परिवारको स्थिति, वातावरण, सक्षमता, अनुभव र उनीहरुले पाएको अवशरहरु, सामाजिकीकरण लगायत थुप्रै कुराहरुको आधारमा ज्यादै ठूलो विविधता रहेको हुन्छ । तसर्थ, जहिले पनि समाजमा एउटै मात्र बाल्यकाल नभएर थुप्रै बाल्यकालहरु हुन्छन् । तर यहा त्यस्ता विविधतालाई अलिपछि राखेर समग्र रुपमा बालबालिकाको परिभाषा र विश्लेषण गर्न खोजिएको छ । हाम्रा विद्यमान कानून, नीति तथा व्यहारहरुमा उमेरको हदलाई आधार मानि बालक (बालबालिका) को परिभाषा गर्न खोजिएको हुदा सोही परिभाषा यहाँपनि उल्लेख गरिएको छ ।

“बालक” भन्नाले सोह्र वर्षको उमेर पूरा नगरेको बालबालिका सम्झनु पर्छ (नेपालको बालबालिका सम्बन्धी ऐन, २०४८ ।

“बालबालिका” भन्नाले १८ वर्ष उमेर ननाघेका बालबालिकालाई सम्झनु पर्दछ (बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीतिक खाका, २०६७) ।

कानूनले वयस्कताको उमेर कम तोकेको अवस्थामा बाहेक बालबालिका भनेका १८ वर्षभन्दा कम उमेरका सबै बालक वा बालिका हुन् (अन्तराष्ट्रिय महासन्धी, १९८९ ।

यस्तै नेपालको बाल श्रम (निषेधेध र नियमित गर्ने ऐन, २०५६) ले चौध वर्ष उमेर पूरा नगरेका बालकलाई श्रमिकको रुपमा काममा लगाउनु हुँदैन भनि १४ वर्षलाई बालबालिकाको उमेर समूहको रुपमा चित्रण गरेको छ । अर्कोतर्फ नेपालमा नागरिकता प्राप्त गर्न १६ बर्ष उमेर पुग्नुपर्ने, मताधिकारको लागि १८ बर्ष, विवाह गर्ने उमेर १८ र २० बर्ष र निर्वाचनमा उम्मेद्वार बन्न २५ बर्षको उमेरको हद तोकिदिएर कुनै नकुनै प्रकारले बालबालिकालाई भरिभाषित गर्न खोजेको देखिन्छ ।

बालबालिका सम्बन्धी ऐन, २०४८ ले १६ वर्ष उमेर पुरा नगरेका बालबालिकालाई बालबालिकाको रुपमा मान्यता दिएको छ । तर नेपाल बालअधिकार महासन्धि १९८९ लाई अनुमोदन गरी नेपाल पक्ष भइसकेको र उक्त महासन्धिले १८ वर्ष भन्दा कम उमेरका सवैलाई बालबालिकाको मान्यता दिएको हुँदा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिक खाकामा १८ वर्ष उमेर ननाघेका सवै बालबालिका हुन् भनी परिभाषित गरेको छ ।

१.२) युवायुवति तथा वयस्क

मानिसहरु वाल्यकाल पछि युवाकालमा प्रवेश गर्ने हुदा १८ वर्ष भन्दा माथिका उमेर समूहका मानिसहरुलाई युवा भन्ने गरिन्छ । तर नेपालको राष्ट्रिय युवा नीति, २०६७ ले १६ देखि ४० वर्ष उमेर समूहका महिला, पुरुष तथा तेस्रो लिङ्गिलाई युवा/युवति भनि परिभाषित गरेको छ । अर्कोतर्फ नेपालको ३ वर्षे अन्तरिम योजना (२०६४/६५ देखि २०६६/६७) ले नेपाल १५ देखि २९ वर्ष उमेर समूहका युवाहरुको कूल जनसंख्या ६१ लाख ३१ हजार २४८ रहेको छ जुन कुल जनसंख्याको २६.५ प्रतिशत हुन आउँछ भनि उल्लेख गरेर यस उमेर समूहका मानिसहरुलाई युवा भनि परिभाषित गरेको देखिन्छ । (सन् २०११ मा यस उमेर समूहको जनसंख्या ८२ लाख ७४ हजार १३० पुगेको छ (केन्द्रीय तथ्यांक विभाग) जुन कूल जनसंख्याको २८.९५ प्रतिशत हुन्छ) । यसरी हेर्दा नेपालमा युवाको परिभाषामा समेत विधिता रहेको देखिन्छ । उमेर समूहलाई जुन रुपमा व्याख्या गरिए तापनि उक्त ३ वर्षे अन्तरिम योजनाले युवाहरुलाई भविष्यका कर्णधारका साथै वर्तमानका साझेदार हुन् र उनीहरु विकास तथा परिवर्तनका संवाहक हुन् भनि व्याख्या गरेको छ । त्यसैले युवाहरुलाई सिर्जनशील, सीपयुक्त, उद्यमी र जिम्मेवारी नागरिकहरुको रुपमा विकसित हुने अवसर सिर्जना गरिदिने दायित्व समेत राज्यको रहेको छ । परिवर्तनका संवाहक युवाहरुलाई राज्य संचालन प्रक्रिया तथा विकास कार्यक्रमहरुमा समाहित गर्न नसक्दा मुलुकले उनीहरुको प्रतिभा तथा उर्जाबाट लाभ लिन नसक्ने मात्र होइन कुलत, हिंसा तथा अस्थितरताको सामना समेत गर्नुपर्ने कुरा उक्त योजनाले स्वीकार गरेको छ ।

युवा मानिसहरुनै सामान्यतया आथिृक रुपमा सक्रिय रहने, व्यहारमा परिपक्व हुने, निर्णय क्षमताको विकास भएको हुने र उनीहरु मुलुकको राजनीति, अर्थनीति र विकासनीतिमा समेत सक्रिय रहने हुदा यस उमेर समूहका मानिसहरुलाइनै वयस्क भनि उल्लेख गर्नु उपयुक्त हुन्छ । अव ४० वर्ष भन्दा माथि उमेर समुहमा रहने मानिसहरुलाई के भन्ने भनि प्रश्न आउन सक्छ । हामी उनीहरुलाई वयस्क भनि परिभाषित गर्न सकौला तर हाल कुनैपनि दस्तावेजमा यस्तो किसिमको परिभाषा गरिएको देखिदैन । तर सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६५ ले देहायका उमेर समुहका मानिसहलाई ज्येष्ठ नागरिक भनि भरिभाषित गरेको हुदा १८ वर्ष भन्दा वढि र ७० वर्ष भन्दा कम उमेर समूहका देहायका मानिसहलाई वयस्क भनि परिभाषित गर्नु उपयुक्त हुन्छ ।

ज्येष्ठ नागरिक

(अ) ७० वर्ष उमेर पुरा भएका देशभरका सवै नागरिक,
(आ) ६० वर्ष उमेर पुरा भएका कर्णाली अंचलका सवै नागरिक ,
(इ) ६० वर्ष उमेर पुरा भएका तोकिए बमोजिमका सवै दलित नागरिक ।

२) बालबालिकाको अवस्था

नेपालको पहिलो आवधिक योजना देखिनै बालबालिकाको सम्बन्धमा बाल शिक्षा र स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु संचालन हुँदै आएको देखिन्छ । यसवाट बालबालिकाको स्वास्थ्य, शिक्षा तथा सहभागिताको स्थितिमा क्रमिक रुपमा सुधार हुँदै गए तापनि विभिन्न कारणले बालबालिकाले भोग्नुपरेका समस्या र जोखिमको तुलनामा नीतिगत, कार्यक्रमगत तथा संस्थागत प्रयासहरु अपर्याप्त देखिएका छन् । गरिबी, अशिक्षा, पारिवारिक दुर्घटना, विगतको दश वर्षसम्मको सशस्त्र द्वन्द्व र बालबालिकाविरुद्ध बढीरहेको हिंसा, शोषण तथा दुर्व्यवहारका घटनाहरुले गर्दा बालअधिकार कुण्ठित हुन पुगेको छ । नेपालमा सन् २०११ मा १४ वर्ष सम्मका बालबालिकाको कुल जनसंख्या ३५.६ प्रतिशत रहेको छभने १५ देखि १९ वर्ष उमेर समूहको जनसंख्या १०.५ प्रतिशत रहेको छ (केन्द्रिय तथ्यांक विभाग) १६ वर्षमुनिका बालबालिकाको कुल जनसंख्यको ४०.९३ प्रतिशत रहेको छ । विद्यालय जाने । यसरी हेर्दा बालबालिकाको जनसंख्या झण्डै ४५ प्रतिशत हुन आउछ । राष्ट्रिय योजना आयोगको तथ्यांक अनुसार हाल नेपालमा प्राथमिक तहको खुद भर्ना दर ९३.७ प्रतिशत रहेको छ । यस्तै निम्न माध्यमिक तहको खुद भर्ना दर ६३.२ प्रतिशत र माध्यमिक तहको खुद भर्ना दर ४०.८ प्रतिशत रहेको छ । अर्कोतर्फ हाल नेपालमा बालमृत्युदर (५ वर्ष मसनका प्रति हजार जिवीत जन्ममा) ५० रहेको छ । यस्तै शिशु मृत्युदर (प्रति हजार जिवीत जन्ममा ४२ र नवजात शिशु मृत्युदर प्रति हजार जिवीत जन्ममा २० रहेको छ । बाल श्रमसम्बन्धी गुरुयोजना २०६१-२०७१, बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ लागू भएको छ । बालबालिकाको लागि १० वर्षे (२०६१-२०७१) राष्ट्रिय कार्ययोजना अनुसार विभिन्न कार्यक्रमहरु संचालन हुन थालेका छन् । बाल गृहहरु संचालका लागि न्यूनतम मापदण्ड निर्धारण भएको छ । शिक्षा, स्वास्थ्य, खेलकुद, मनोरञ्जनका क्षेत्रमा सुविधाहरुको बृद्धि भएको छ । जोखिममा रहेका बालकालिकार्य लक्षित गरी कार्यक्रमहरु संचालन भएका छन् । पुर्नस्थापना तथा सामाजिकरणमा बृद्धि भएको छ । असक्षम, गरिव र दलित बालालिकालाई छात्रवृत्ति प्रदान गरिको छ भने अपांगता हुनेहरुका लागि शिक्षा, स्वास्थ्य, तालिम सीप विकास, सचेतना तथा समुदायमा आधारित पुर्नस्थापना कार्यक्रमहरु संचालित छन् । केन्द्रीय र जिल्लास्तरमा बाल कल्याण समितिको सुदृढीकरणका प्रयास भएका छन् । जिल्लामा प्यारालिगल समितिहरु र नेपाल प्रहरीमा

राष्ट्रिय जनगणनाको प्रतिवेदन २०५८ अनुसार नेपालमा करीव ४८ प्रतिशत बालबालिका छन् । शिक्षा मन्त्रालयको तत्थ्याङ्क अनुसार विद्यालय जाने उमेरका ९८ प्रतिशत बालबालिका विद्यालय भर्ना हुन्छन् । विद्यालय भर्ना भएका मध्ये करीव ४५ प्रतिशत मात्र ५ कक्षा पास गर्छन, ३८ प्रतिशत कक्षा ८ पास गर्छन, २८ प्रतिशत कक्षा १० पास गर्छन्, ९ प्रतिशत मात्र कक्षा १२ मा पुग्छन् । विपन्न वर्गका बालबालिका मध्ये करीव २ प्रतिशतले मात्र माद्यामिक शिक्षा पुरा गर्दछन् । शिक्षा र चेतनाको स्तर कम भएको, राज्यको सेवाको पहुँच नपुगेको क्षेत्र, आर्थिक रुपमा कमजोर रहेका वर्ग र समुहमा बाल मृत्युदर, मातृ मृत्युदर लगायत विभिन्न रोगहरुको संक्रमण बढी देखिन्छ । नेपाल श्रमशक्ति सर्वेक्षण २००८ अनुसार ५ देखि १५ वर्ष उमेर समुहका बालबालिका मध्ये करीव ३४ प्रतिशत बालबालिका श्रम बजारमा कार्यरत छन् ।

यसैगरी, नेपालको अन्तरिम संविधान २०६३ ले बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक, पालनपोषण, आधारभुत स्वास्थ्य, सामाजिक सुरक्षा प्राप्त गर्ने हक, शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषण विरुद्धको हक, असहाय, अनाथ, सुस्त मनस्थिति, द्वन्दपीडित, विस्थापित एवं जोखिममा परेका सडक बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष सुविधा पाउने हक, कुनै पनि नाबालकलाई कुनै कलकारखाना, खानी वा त्यस्तै अन्य कुनै जाखिमपूर्ण काममा लगाउन वा सेना प्रहरी वा द्वन्दमा प्रयोग गर्न नपाईने उल्लेख गरेको छ । समावेशी र समतामुलक समाज निर्माणका लागि उल्लिखित समस्या र सवाललाई समाधान गरिन् पर्दछ ।

महिला तथा बालबालिका सेलको गठन भएको छ । यौनशोषण तथा बेचविखन विरुद्ध जिल्लास्तरमा कार्यसमूहरु गठन भई कार्यरत छन् । समुदायमा आधारित बाल केन्द्रहरु संचालन भईरहेका छन् (नेपालको ३ वर्षे अन्तरिम योजना, राष्ट्रिय योजना आयोग) ।

३) बालबालिकाको लागि लगानी

३.१ बालबालिकाको लागि लगानीको अवसर

भनिन्छ ५ वर्षको उमेर सम्ममा बालबालिकाको ८० प्रतिशत भन्दा वढी मानसिक विकास भैसकेको हुन्छ, त्यसैले यसै समयमा गरेको लगानीनै बालबालिकाको लागि सही लगानी हुनेछ । यस्तो लगानी खासगरी शिक्षा, स्वास्थ्य, पोषण र सरसफाईसंग सम्बन्धीत हुनेछन् । यिनै बालबालिका भविष्यका लागि नीति निर्माता, राजनितिज्ञ, प्रशासक, प्राविधिक र विशेषज्ञ समेत वन्ने हुदा उनीहरुको लागि समयमै लगानी गर्नु आवश्यक पर्दछ । यसकारण संसारका सवै मुलुकहरुले बालबालिकाको लागि लगानी गरिरहेका हुन्छन् । तर बालबालिकाको लागि हुने लगानी विभिन्न क्षेत्रसंग सम्बन्धीत रहने हुदा बालबालिकाका लागि कुन राष्ट्रले कति लगानी गरेको छ भनि एकिन विवरण प्राप्त गर्न कठिन भएको छ । नेपालको ३ वर्षे अन्तरिम योजना (२०६४/६५ देखि २०६६/६७) ले योजना अवधिभरमा (३ वर्षमा) बालबालिकाको लागि रु १० करोड ८१ लाख रुपिया खर्च गर्ने गरी योजना तर्जुमा गरेको थियो (यसमा के कति खर्च भयो सो को एकिन विवरण प्राप्त भएको छैन) । यसका अलावा विभिन्न विषयगत मन्त्रालय, दातृ निकाय, गैर सरकारी संस्था र निजी क्षेत्रवाट समेत बालबालिकाको लागि लगानी भएको छ । तरपनि सरकारी नीति, योजना तथा कार्यक्रमहरुमा बालबालिकाको लागि लगानी वढ्दै गएको कुरा उल्लेख गरिएको छ । ““सरकारी, दातृ समुदाय र गैर सरकारी क्षेत्रमा बालबालिकाको लागि सहयोग र श्रोत परिचालन वढ्दो छ र वाल वालिकाको हक, हित र कल्याणका लागि सामाजिक सरोकारमा वृद्धि भएको छ । वालवालिकाको लागि वालवालिकाहरु पनि सशक्त रुपमा योगदान गरिरहेका छन् । यस क्षेत्रमा मानवीय एवं प्राविधिक श्रोतहरुको उपलव्धतामा पनि वृद्धि भै रहेको छ” (राष्ट्रिय योजना आयोग) ।

“बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धनको लागि नेपाल सरकार, विकास साझेदार, स्थानीय निकाय, गैर सरकारी संस्था र अन्य सहयोगी संस्थाहरुको उल्लेख्य भूमिका रहेको छ । नेपाल सरकारले स्थानीय निकायलाई स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम मार्फत थप अनुदान रकम उपलव्ध गराउने रकमबाट यस क्षेत्रमा खर्च जुटाउन सहयोग पुगेको छ । विकास साझेदारहरुले यस रणनीतिको कार्यान्वयनको लागि सामुहिक वा छुट्टा छुट्टै रुपमा कार्यक्रम सहयोग वा बजेटगत सहयोग वा अन्य सहयोगको रुपमा समझदारी पत्रमा उल्लेख भए वमोजिम थप वित्तीय सहयोग उपलव्ध गराउनेछन् । नेपाल राष्ट्रिय कार्यक्रम कार्ययोजनामा उल्लेख भए वमोजिम सन् २०१२ सम्म र त्यसपछि पनि निर्धारित कार्यक्रमलाई सघाउ पुग्ने गरी यूनिसेफ लगायतका विकास साझेदार संस्थाहरुवाट सहयोग प्राप्त गर्न ध्यान दिइनेछ । स्थानीय निकायले आवधिक तथा वार्षिक बालमैत्री योजना तर्जुमा गर्ने र यसको कार्यान्वयनको लागि आफ्नो कुल पूँजिगत वजेटको कम्तिमा १५ प्रतिशत रकम विनियोजन गरी लगानी सुनिश्चित गर्ने प्रावधान रहेको छ । यस्तै गैर सरकारी संस्था र अन्य सहयोगी संस्थाहरुले यो रणनीतिको कार्यान्वयनको लागि बनेको आवधिक तथा वार्षिक योजनासंग सह-सम्वन्ध कायम राखी वजेट सहयोग वा कार्यक्रम संचालनमा सहयोग उपलव्ध गराइ आएका छन् । यसका साथै स्थानीय विकास मन्त्रालयले स्थानीय निकायको अनुगमन मूल्यांकन लगायतका सूचकहरुमा बालमैत्री स्थानीय शासन सम्वन्धी सूचकहरु थप गर्नेछ र यस सम्वन्धी सूचकहरुको मुल्यांकनको आधारमा स्थानीय निकायलाई वार्षिक एकमुष्ट थप आर्थिक अनुदान दिन र दातृ निकायवाट थप स्रोत जुटाउन प्राथमिकता दिनेछ” । बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीतिक खाका, २०६७ ।

३.२ बालबालिकाको लागि लगानी गर्ने केही महत्वपूर्ण निकायहरु

- महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय,
- स्थानीय विकास मन्त्रालय,

- नेपाल सरकारका विषय क्षेत्रगत मन्त्रालयहरु (खासगरी शिक्षा मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, श्रम मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालय, गृह मन्त्रालय, श्रम तथा यातायात व्यवस्था मन्त्रालय),
- दात्री निकाय
- संयुक्त राष्ट्र संघीय वाल कोष तथा संयुक्त राष्ट्र संघका अन्य निकायहरु
- अन्तराष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्था
- केन्द्रीय वाल कल्याण समिति
- जिल्ला विकास समिति
- नगरपालिका
- गाउँ विकास समिति

३.३ बालबालिकाको लागी हुने लगानीले देहायका उपलव्धीहरु प्राप्त गर्न सहयोग पुऱ्याउदछ

- वालवालिकाको आधारभुत अधिकारको प्रर्वद्धन र उनीहरुको विकास तथा संरक्षणका लागि अनुकुल र बालमैत्री वातावरणको सिर्जना गर्न,
- बालबालिकाको विरुद्ध सवै प्रकारको शोषण, दुर्व्यवहार ,जोखिम र भेदभावको अन्त्य र बालबालिकाहरुको जीवनस्तरमा सुधार गर्न,
- सरकारी तथा गैरसरकारी क्षेत्रका प्रयासहरुमा सधनता, समन्वय, परस्पर अवद्धता र प्रभावकारीता ल्याउन,
- बाल संजालहरुको विकास, बाल सहभागिताको प्रर्वद्धन र बालबालिका सम्वद्ध निकायहरु र मानव संसाधनको क्षमता वृद्धि गर्न, र
- बालमैत्री स्थानीय शासनको विकास, विस्तार र प्रवर्द्धन गर्न ।

बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र सहश्राब्दी विकास लक्ष्य

१) बालअधिकार

बालअधिकार के हो भनेर वुझ्नको लागि अधिकार के हो भनेर वुझ्नु आवश्यक हुन्छ । अधिकार के हो भन्ने विषयमा धेरैले धेरै किसिमका परिभाषा दिन सक्दछन् । तर सामान्यतया अधिकारलाई मागदावी को रुपमा परिभाषित गर्ने गरिन्छ । मागदावीमा यसको परिपालन गर्ने, सम्मान गर्ने र संरक्षण गर्ने उत्तरदायित्य समेत तोकिएको हुनुपर्दछ । तरपनि अधिकार स्वतन्त्रतासंग सम्वन्धित छ र यस्तो स्वतन्त्रता कहिल्यै पनि निर्वाघ हुँदैन । यस अर्थमा अधिकार कर्तव्य र जिम्मेवारीसँग गाँसिएको हुन्छ । अधिकार र कर्तव्य एक सिक्काका दुई पाटा हुन् भन्ने गरिन्छ । कसैले आफ्नो अधिकार प्रयोग गर्दा अर्काको हक-अधिकारको सम्मान, संरक्षण र परिपालन समेत गर्नु पर्दछ । बालअधिकार भन्नाले बालबालिका सम्बन्धी सवालका अधिकारहरु भन्ने सम्झनु पर्दछ । यस्ता अधिकारहरु बालबालिकाको आवश्यकतामा आधारित हुन्छन् ।

विभिन्न देशहरुमा आ-आफ्नो परिवेश अनुसार बालअधिकारको व्याख्या र व्यवस्था गरिएको हुन्छ । तर अधिकांश मुलुकहरुले बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ ले प्रतिपादन गरेका क्षेत्रहरुलाई आधार मानी बालअधिकार संरक्षित गर्ने गरेका छन् । बालमैत्री स्थानीय शासनमा पनि यिनै विषयहरुलाई प्रमुख बालअधिकारको रुपमा लिईएको छ । त्यसैले बाअधिकार सम्बन्धी महासन्धि के हो भनि वुझ्नु आवश्यक छ ।

२) बाल अधिकार सम्बन्धी महासन्धि, १९८९

संयुक्त राष्ट्रसंघका धेरै देशहरुले स्वीकार गरेको अन्तराष्ट्रिय सम्झौतानै महासन्धि हो । यस्तो महासन्धिमा सहभागि भएका राष्ट्रका सरकार वा राष्ट्र प्रमुखहरुले हस्ताक्षर गरी महासन्धिमा उल्लेख गरिएका प्रावधानहरु आफ्नो मुलुकमा लागु गर्ने प्रतिवद्धता व्यक्त गर्दछन् । सम्बन्धीत देशले यस्तो महासन्धिलाई अनुमोदन गरेपछि यस्तो महासन्धि मुलुकको कानून सरह हुने हुदा यसको कार्यान्वयन कानूनी रुपमा वाध्यकारी हुन्छ । सन् १९८९ मा भएको संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धिमा नेपालले हस्ताक्षर गरी बालअधिकार अधिकार सम्वन्धि भएका प्रावधानहरुलाई लागु गर्ने प्रतिवद्धता जनाएको थियो । बाल अधिकार महासन्धि (CRC) १९८९ लाई नेपालले १४ सेप्टेम्वर १९९० मा अनुमोदन गरिसकेको हुदा नेपाललाई यसको कार्यान्वयन वाध्यकारी भएको छ । बाल अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न गैरविभेदीकरण (धारा २), बालवालिकको सर्बोत्तम हित (धारा ३), बालवालिकाको सर्वाङ्गीण विकास (धारा ६) र बालसहभागिता (धारा १२) को सिद्धान्तलाई प्रतिपादन गरेको यो महासन्धिनै बाल अधिकार महासन्धि, १९८९ हो । यिनै सिद्धान्तमा आधारित भई वाल वचाउ, वाल संरक्षण, वाल विकास, वाल सहभागिता जस्ता चारवटा क्षेत्रमा वर्गीकरण गरी बाल अधिकारलाई सम्वोधन गर्ने गरी नेपालमा बालमैत्री स्थानीय शासन प्रणालीको प्रवर्द्धन गर्ने प्रयास गरिएको छ ।

<u>बालअधिकार महासन्धिका धाराहरु</u>

धारा १ १८ वर्षभन्दा कम उमेरका सबैको अधिकारबारे यो महासन्धिमा व्यवस्था गरिएको छ ।

धारा २ यो महासन्धि जुनसुकै जात, धर्म, क्षमता भएका अथवा उनीहरुले जे सोच्ने वा भन्ने गरेको र जुनसुकै परिवारबाट उनीहरु आएका भए पनि सबैमा यो लागु हुन्छ ।

धारा ३ बालबालिकासँग सम्बन्धीत सबै संघसंस्थाहरुले हरेक बालबालिकाका लागि सबैभन्दा राम्रो कुरा के हुन्छ त्यसतर्फ काम गर्नुपर्छ ।

धारा ४ सरकारले बालबालिकाका लागि यी अधिकारहरु उपलब्ध गराउनुपर्छ ।

धारा ५ बालबालिकाहरु हुर्कदै जाँदा उनीहरुले यी अधिकारहरु ठीकसँग प्रयोग गर्न सिकून् भन्ने हेतुले परिवारले उनीहरुलाई निर्देशित र पथप्रदर्शन गर्ने अधिकार र जिम्मेवारीको सरकारले आदर गर्नुपर्छ ।

धारा ६ सबै बालबालिकाको जीवनप्रतिको अधिकार छ । सरकारले बालबालिकाको बचाउ र विकास स्वस्थ ढंगले भएको कुराको सुनिश्चित गर्नुपर्छ ।

धारा ७ सबै बालकालिकालाई कानुनी रुपमा आफ्नो नाम र राष्ट्रियता दर्ता गरिने अधिकार छ । साथै यसबारे थाहा पाउने र सम्भव भएसम्म उनीहरुका बाबुआमाबाटै हेरचाह पाउने अधिकार छ ।

धारा ८ सरकारले बालबालिकाहरुको नाम, राष्ट्रियता र पारिवारिक सम्बन्ध सम्बन्धी अधिकारको सम्मान गर्नुपर्छ ।

धारा ९ बालबालिकालाई उनीहरुको हित हुने अवस्थामा बाहेक उनीहरुलाई बाबुआमाबाट अलग गर्नुहुँदैन । उदाहरणको लागि बाबु वा आमाबाट दुर्व्यवहार वा अपहेलना गरिएका बाहेक कुनै बालबालिकालाई उनीहरुको बाबुआमाबाट अलग गरिएको छ भने उनीहरुलाई हानी पुग्ने अवस्थामा बाहेक उनीहरुले बाबुआमा दुवैजनाको सम्पर्कमा रहन पाउने अधिकार छ ।

धारा १० भिन्न देशमा बसोबास गर्ने परिवारहरुलाई यी मुलुकहरुमा आवतजावत गर्न अनुमति दिनुपर्छ जसले गर्दा बाबुआमा र बालबालिका सम्पर्कमा बस्न सक्दछन् अथवा पुनः एउटै परिवारका रुपमा एकै ठाउँमा बस्न सक्छन् ।

धारा ११ बालबालिकालाई उनीहरुको आफ्नो देशबाट अवैध रुपमा लग्नबाट रोक्न सरकारले कदम चाल्नुपर्छ ।

धारा १२ बालबालिकाले आफूलाई प्रभाव पार्ने खालका कुरामा व्यवस्थापकहरुले निर्णय गर्दा उनीहरुको विचारमा के हुनुपर्छ भन्ने कुरामा भन्न पाउने र उनीहरुको बिचारको कदर गरिनुपर्ने अधिकार छ ।

धारा १३ बालबालिकाहरुलाई उनीहरुको वा अन्य कसैको हानी नपुऱ्याउने खालका सूचना पाउने र त्यो आदानप्रदान गर्न पाउने अधिकार छ ।

धारा १४ बालबालिकाले अरुलाई उनीहरुको अधिकारको उपभोग गर्न पाउने कुरामा बिरोध नपुऱ्याउन पनि आफूले चाहे अनुसार सोच्न र विश्वास गर्न तथा आफ्नो धार्मिक अभ्यास गर्न पाउने अधिकार छ । अभिभावकहरुले यस बिषयमा आफ्ना बालबालिकालाई मार्गनिर्देश गर्नुपर्छ ।

धारा १५ बालबालिकालाई अरुलाई उनीहरुको अधिकारको उपयोग गर्न पाउने कुरामा अवरोध नपुऱ्याउने गरी आपसमा भेटघाट गर्ने समूह र संघसंस्थामा आवद्ध हुने अधिकार छ ।

धारा १६ बालबालिकालाई गोपनीयताको हक छ । कानुनले उनीहरुलाई उनीहरुको जीवन पद्धति, उनीहरुको नाम, परिवार, उनीहरुको घर विरुद्ध हुने आक्रमणबाट जोगाउनु पर्छ ।

धारा १७ बालबालिकालाई आमसंचार माध्यमबाट भरपर्दो सूचना पाउने अधिकार छ । टेलिभिजन, रेडियो र अखबारहरुले बालबालिकाले बुझ्न सक्ने खालको तर उनीहरुलाई हानी नपुऱ्याउने खालको सूचना प्रदान गर्नुपर्छ ।

धारा १८ बाबुआमा दुवैले आफ्ना बालबालिका हुर्काउने जिम्मेवारी बहन गर्नुपर्छ र हरेक बालबालिकाका लागि सबैभन्दा राम्रो कुरा के हो भन्ने बिषयमा सधैं ख्याल गर्नुपर्छ । सरकारले बाबुआमालाई उनीहरुका बालबालिकालाई सहयोग पुग्ने खालको सेवा दिएर सहयोग गर्नुपर्छ ।

धारा १९ सरकारले बालबालिकाको राम्रोसँग हेरबिचार भएको, उनीहरुको बाबुआमा वा अरु हेरचाह गर्ने व्यक्तिबाट हुने हिंसा, दुर्व्यवहार र उपेक्षाबाट जोगिएका छन् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ ।

धारा २० आफ्नो परिवारबाट राम्रोसँग हेरचाह हुन नसकिएको बालबालिकालाई राम्रोसँग हेरबिचार हुने व्यवस्था गरिनुपर्छ ।

धारा २१ बालबालिकालाई धर्मपुत्र-पुत्रीका रुपमा ग्रहण गरिने बेलामा पहिलो नासो उनीहरुका लागि के उत्तम हुन्छ भन्ने नै हुनुपर्छ । यो नियम सबै बालबालिकाका लागि लागू हुनुपर्छ चाहे उनीहरु आफू जन्मिएकै देशमा छन् वा अन्य मुलुकमा बस्नका लागि लगिएका छन् ।

धारा २२ शरणार्थीका रुपमा कुनै देशमा आएका बालबालिकाका लागि पनि सोही देशमा जन्मिएका बालबालिकाको जस्तै अधिकार हुन्छ ।

धारा २३ कुनैपनि प्रकारको अपांग भएका बालकालिकालाई विशेष हेरचाह र सहयोग आवश्यक हुन्छ जसले गर्दा उनीहरु पूर्ण र स्वतन्त्रत जीवन बिताउन तर्फ सक्षम रहून् ।

धारा २४ बालबालिकालाई राम्रो गुणस्तरीय स्वास्थ्य सेवा, सफा पानी तथा पोषणयुक्त खाना र सफा वातावरणप्रतिको अधिकार छ जसले गर्दा उनीहरु स्वस्थ रहन सक्छन् । धनी देशहरुले गरीब मुलुकलाई यी कुरा प्राप्त गर्न सहयोग गर्नुपर्छ ।

धारा २५ बालबकालिकाहरु जसको हेरचाह उनीहरुको अभिभावकहरुबाट नभई उनीहरुका स्थानीय निकायबाट भएको हुन्छ त्यस्तो अवस्थामा उनीहरुका बारेमा नियमित समीक्षा हुनुपर्छ ।

धारा २६ अभावमा रहेका बालबालिकाको परिवारलाई सरकारले थप सेवा उपलब्ध गराउनुपर्छ ।

धारा २७ बालबालिकालाई उनीहरुको शारीरिक र मानसिक आवश्यकतालई पर्याप्त हुने खालको गुणस्तरीय जीवन यापन गर्ने अधिकार छ । यस किसिमको सुविधा दिन नसक्ने परिवारलाई सरकारले सहयोग गर्नुपर्छ ।

धारा २८ बालबालिकालाई प्रारम्भिक शिक्षाको अधिकार छ । विद्यालयको अनुशासन कायम गर्दा बालबालिकाको मानवीय आत्मसम्मानको आदर गरिनुपर्छ । प्राथमिक शिक्षा निशुल्क हुनुपर्छ । यो कुरा प्राप्तिको लागि धनी मुलुकहरुले गरीब मुलुकहरुलाई सघाउनु पर्छ ।

धारा २९ शिक्षाले हरेक बालबालिकाको व्यक्तित्व र दक्षतालाई पूर्ण रुपमा विकास गर्नुपर्छ । यसले बालबालिकालाई उनीहरुका बाबुआमालाई आदर गर्न उनीहरु आफ्नै र अरुको संस्कृतिको कदर गर्न प्रोत्साहित गर्नुपर्छ ।

धारा ३० बालबालिकालाई उनीहरुको आफ्नो परिवारको भाषा र चालचलन सिक्न र प्रयोग गर्ने अधिकार छ । चाहे त्यो देशको बहुसंख्यक मानिसले प्रयोग गरेको होस् या नहोस् ।

धारा ३१ सबै बालबालिकालाई आराम गर्ने, खेल्ने र विभिन्न किसिमका गतिविधिमा भाग लिने अधिकार छ ।

धारा ३२ सरकारले बालबालिकाका लागि खतरा हुने वा उनीहरुको शिक्षा र स्वास्थ्यलाई नोक्सान पुऱ्याउन सक्ने खालको कामबाट जोगाउनुपर्छ ।

धारा ३३ सरकारले खतर्नाक लागू औषधबाट बालबालिकालाई जोगाउनु उपाय उपलब्ध गराउनुपर्छ ।

धारा ३४ सरकारले बालबालिकालाई उनीहरु माथि हुने यौन दुर्व्यवहारबाट संरक्षण गर्नुपर्छ ।

धारा ३५ सरकारले बालबकालिकालाई अपहरण हुन वा बेचिनबाट जगाउनुपर्छ ।

धारा ३६ बालबालिकालाई उनीहरुको विकासमा असर पुग्ने खालका कुनै पनि गतिविधिबाट सुरक्षित राख्नुपर्छ ।

धारा ३७ कानुन तोड्ने बालबालिकालाई निर्दयी किसिमको व्यवहार गर्नु हुँदैन । उनीहरुलाई जेलमा वयस्क मानिसहरुसँगै राखिनु हुँदैन र उनीहरुलाई आफ्नो परिवारसँग सम्पर्कमा राख्नुपर्छ ।

धारा ३८ सरकारले १६ वर्षभन्दा कम उमेरका बालबालिकालाई सेनामा भर्ती हुन अनुमति दिनुहुँदैन । युद्ध क्षेत्रमा रहेका बालबालिकालाई विशेष खालको संरक्षण गर्नुपर्छ ।

धारा ३९ अपहेलना वा दुर्व्यवहार खेपेका बालबालिकाको आत्मसम्मानको बहालीको विशेष सहयोग पाउनुपर्छ ।

धारा ४० कानून विपरित काम गरेको आरोप लागेका बालबालिकाले कानुनी सहयोग पाउनुपर्छ । गम्भीर अपराध गरेका बालबालिको लागि मात्रै सजायको व्यवस्था गर्नुपर्छ ।

धारा ४१ यदि कुनै देशको कानुनले यस महासन्धिको धाराले भन्दा राम्रोसँग बालहित संरक्षण गर्छ भने ती कानुनलाई राहत दिनुपर्छ ।

धारा ४२: सरकारले अभिभावक र बालबालिका दुवैलाई यो महासन्धि बारे जानकार बनाउनुपर्छ ।

धारा ४३: वर्तमान महासन्धिद्वारा लिईएका दायित्वहरु हासिल गर्न राज्यपक्षहरुले गरेको प्रगतिको मूल्याङ्कन गर्ने उद्देश्यको लागि बालअधिकार समितिको स्थापना गर्नुपर्नेछ ।

धारा ४४: राज्यपक्षले संयुक्त राष्ट्रसंघका महासचिव मार्फत महासन्धिमा व्यवस्थित अधिकार सम्बन्धमा आफूले अपनाएका उपायहरुको प्रतिवेदन समितिमा प्रस्तुत गर्ने अभिभारा लिन्छन र सो प्रतिवेदनमा महासन्धिमा उल्लेख भएका अधिकारहरुको उपभोगमा भएको प्रगति प्रस्तुत गर्नेछन् ।

धारा ४५: महासन्धिको प्रभावकारी कार्यान्वयनलाई अघि बढाउनको लागि तथा महासन्धिले समेटेको क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोगलाई उत्साहित गरिनेछ ।

धारा ४६: यस महासन्धि सम्पूर्ण राज्यहरुबाट हस्ताक्षर हुनको लागि खुल्ला हुनेछ ।

धारा ४७: यस महासन्धि अनुमोदनका लिखतहरु निश्चित प्रक्रिया अनुसार संयुक्त राष्ट्रसंघका महासचिव समक्ष पेश गर्नुपर्नेछ ।

धारा ४८: यस महासन्धि कुनै पनि राज्यबाट संलग्न हुनका लागि खुला रहनेछ । संलग्नताको लिखत संयुक्त राष्ट्रसंघका महासचिव समक्ष पेश गर्नुपर्नेछ ।

धारा ४९: अनुमोदन वा संलग्नताको विसौं लिखत संयुक्त राष्ट्रसंघका महासचिव कहाँ दाखिला भएको मितिले तिसौं दिनमा यो महासन्धि लागू हुनेछ । अनुमोदन वा संलग्नताको बिसौं लिखतको दाखिला पश्चात यस महासन्धिलाई अनुमोदन गर्ने वा यसमा संलग्नता दर्शाउने हरेक राज्यको हकमा सो राज्यद्वारा अनुमोदन वा संलग्नताको लिखत दाखिलाको मितिले तिसौं दिनमा महासन्धि लागू हुनेछ ।

धारा ५०: यो महासन्धिमा कुनै पनि राज्यपक्षले संशोधनको प्रस्ताव राख्न र यसलाई संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दर्ता गराउन सक्नेछ ।

धारा ५१: अनुमोदन वा संलग्नताको समयमा राज्यद्वारा संरक्षण गरिएको शर्तहरु संयुक्त राष्ट्रसंघको महासचिवले प्राप्त गर्नेछन् र सम्पूर्ण राज्यहरुलाई सोको जानकारी पठाउने छन् ।

धारा ५२: संयुक्त राष्ट्रसंघका महासचिवको नाममा लिखित सूचना दिएर कुनै पनि राज्यपक्षले यो महासन्धिलाई परित्याग गर्न सक्नेछ ।

धारा ५३: संयुक्त राष्ट्रसंघका महासचिव यस महासन्धिको जिम्मावाल रहनेछन् ।

धारा ५४: यस महासन्धिको मूल प्रति जसका अरवी, चिनिया, अंग्रेजी, फ्रेन्च, रसियन र स्पेनिस भाषाका मूल पाठहरु समानरुपमा आधिकारीक मानिने छन्, ती प्रतिहरु संयुक्त राष्ट्रसंघका महासचिवको जिम्मामा राखिनेछन् । यस कुराको साक्षीको रुपमा सम्बन्धीत सरकारबाट पूर्ण अख्तियार प्रदान गरिएको अधिकार सम्पन्न राज्य प्रतिनिधिहरुले वर्तमान महासन्धिमा हस्ताक्षर गरेका छन् ।

३) बालअधिकारको सिद्धान्त

धारा २: अविभेदीकरण

प्रत्येक बालबालिकालाई धर्म, वर्ण, जात, जाति, लिङ्ग, उमेर-समुह, उत्पत्ति, भाषा, सामर्थ्य, शारीरिक वा मानसिक अवस्था, पारिवारिक हैसियत, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा यी मध्ये कुनै कुराको आधारमा कुनै प्रकारको भेदभाव गरिने छैन ।

धारा ३: बालबालिकाको सर्वोत्तम हित

शासन संचालनका हरेक तह र प्रक्रिया तथा नीति निर्माण र निर्णय प्रक्रियाका हरेक चरणमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखिनेछ । सार्वजनिक तथा निजी सेवा प्रवाह, विकास गतिविधि, समाज तथा घरपरिवारमा समेत बालबालिकाको अधिकार सुनिश्चित गरिनेछ ।

धारा ६: बालबालिकाको सर्वाङ्गीण विकास

बाल वचाउ र विकासको सन्दर्भमा जिउने र उनीहरुको सर्वाङ्गीण विकासको उच्चतम् अधिकार रहने कुराको सुनिश्चितता गर्न कुनैपनि बालबालिका जन्मेपछि निजको नाम र जन्म दर्ताको अधिकार, अभिव्यक्तिको स्वतन्त्रता, राष्ट्रियताको अधिकार, बालश्रम विरुद्धको अधिकार, हेरचाह र पालनपोषणको अधिकार, स्वास्थ्यको अधिकार, आराम गर्न पाउने अधिकार, खेलकुद, मनोरञ्जन एवं सांस्कृतिक अधिकार तथा शिक्षा र संरक्षकत्वको अधिकार सुनिश्चित गरिनेछ ।

धारा १२: बालबालिकाको विचारको सम्मान र सहभागिता

बालबालिकासँग सम्बन्धीत सबालहरुमा शासन सञ्चालनको प्रत्येक तह र प्रक्रिया एवं नीति निर्माण तथा निर्णय प्रक्रिया र स्थानीय तहको योजना चक्रका हरेक चरणमा बालबालिकालाई परिपक्वता र क्षमताका आधारमा संलग्न हुन पाउने अधिकारको साथै बालबालिकाले अभिव्यक्त गरेको विचारलाई सम्मान र सम्बोधन गर्ने प्रणालीको विकास गरिनेछ ।



४) अधिकार र आवस्यकता

आवस्यकता वाट अधिकार सृजना भएको हुन्छ । सवै अधिकार आवस्यकता हुन तर सवै आवश्यकता अधिकार नहुन सक्छन् । मानव अधिकारले मात्र वालवालिकाको विशेष अवस्थालाई सम्वोधन गर्न नसकेको हुँदा वालअधिकार आवस्यक परेको हो । बाल अधिकार महासन्धि, १९८९ का सिद्धान्तहरु (गैरविभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, बालबालिकाको सर्वाङ्गीण विकास र बालबालिकाको विचारको सम्मान र सहभागिता) र वालअधिकारलाई फरक फरक राखिएको छ । यस अर्थमा बाल अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धीका सिद्धान्तहरुवाट यसका अधिकारहरु निर्देशित भएका हुन्छन् ।

५) बाल अधिकारको संरक्षण र प्रवर्द्धनः

बालअधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धि १९८९ ले प्रतिपादन गरेका बाल अधिकारका विषयहरुलाई कार्यान्वयनमा ल्याई बालमैत्री स्थानीय शासनका प्रवर्द्धन गर्न सकिने अपेक्षा गरिएको छ । यसै महासन्धिले प्रतिपादन गरे वमोजिम बाल अधिकारलाई देहाय वमोजिम ४ किसिमवाट विभाजन
गरिएको छ ।

क) बाँच्न पाउने अधिकार :

यस पृथ्विका जन्मेका प्रत्येक बालबालिकाले बाँच्न पाउने अधिकार राख्दछन् । प्रत्येक बालबालिकाले आमाको स्तनपान गर्न पाउने, पर्याप्त खाना खान पाउने, उपयुक्त बासको व्यवस्था, आवश्यक लत्ता कपडाको उपलब्धता, विरामी हुदा औषधि उपचारको व्यवस्था, निर्धारित खोप लगाउने तथा सरल र सहज ढंगवाट जीवनयापन गर्न पाउने अधिकार राख्दछन् । यस्तै उनीहरुलाई अभिव्यक्तिको स्वतन्त्रता, राष्ट्रियताको अधिकार, भेदभाव विरुद्धको अधिकार, हेरचाह र पालनपोषणको अधिकार, स्वास्थ्यको अधिकार तथा आराम गर्न पाउने, खेलकुद र मनोरञ्जन एवं सांस्कृतिक अधिकार प्राप्त हुन पर्दछ ।

ख) संरक्षणको अधिकार :

प्रत्येक बालबालिकाको जन्म भैसकेपछि उनीहरुको संरक्षणको लागि प्रचलित व्यवहार अनुसार उनीहरुले आफ्नो नाम र जन्म दर्ता गर्ने अधिकार राख्दछन् । त्यस्तै आफू विरुद्ध हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, बेचविखन, ओसारपसार, शोषण र वेवास्ताबाट संरक्षण प्राप्त गर्ने अधिकार, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा परेका र सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यको लागि स्थानीय तहबाट पुऱ्याइने विशेष संरक्षण, बालबालिकालाई निजको बाबु आमा, संरक्षक, शिक्षक वा जोसुकैबाट हुने शारीरिक तथा मानसिक यातना र अमानवीय व्यवहार विरुद्ध संरक्षण जस्ता विषयहरु पनि बाल संरक्षणको अधिकार भित्र पर्दछन् ।

ग) विकासको अधिकार :

बालबालिकाको विकास एक अर्को महत्वपूर्ण विषय हो । बाबालिकाले उनीहरुको विकासका लागि उपयुक्त शिक्षा प्राप्त गर्ने, आफ्ना वावु, आमा तथा अभिभावकवाट संरक्षकत्व प्राप्त गर्ने र व्यक्तित्व विकासको अवसर प्राप्त गर्ने अधिकार राख्दछन् । साथै बालबालिकासंग सम्वद्ध विषयगत क्षेत्रहरु जस्तै सार्वजनिक भौतिक सुविधा सेवाहरु, भवन, विद्यालय, अस्पताल, उद्यान, मनोरञ्जनस्थल, सडकपेटी, क्रसिङ आदिको उपयोगमा बालबालिकाको अधिकार सुरक्षित रहने बिषयहरु पनि विकासको अधिकार अन्तर्गत पर्दछन् ।

घ) सहभागिताको अधिकारः

बालबालिकाको विकाससंग सम्बन्ध राख्ने क्रियाकलापहरुमा उनीहरुले आफ्नो विचार राख्ने र निर्णय प्रक्रियामा सहभागी हुने अधिकार राख्दछन् । जस्तैः बालबालिकासँग सम्बन्धीत विषयको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा बालबालिकालाई उमेर र क्षमताका आधारमा संलग्न हुन पाउने अधिकार र बालबालिकाले अभिव्यक्त गरेको विचारलाई सम्मान र सम्बोधन सुनिश्चित हुने वातावरणको सृजना गर्नु पर्दछ

। त्यस्तै आवश्यक सूचना प्राप्त गर्ने अधिकार, अन्तरक्रिया गर्ने, भेटघाट एवं संवादको अधिकारलाई पनि बाल सहभागिताको अधिकार मानिएको छ ।

६) सहस्राब्दी विकास लक्ष्य

संयुक्त राष्ट्र संघ विश्वभरका मुलकहरुको साझा संगठन हो । नेपाल पनि यसको सदस्य रहेको छ । सन् २००० को सेप्टेम्वर महिनामा संयुक्त राष्ट्र संघका १८९ मुलुकका राष्ट्र प्रमुख/सरकार प्रमुखहरुले शान्तिपूर्ण, समुन्नत तथा सुन्दर भविष्यको लागि आफ्ना राष्ट्रहरुको सर्वसम्वत रुपमा सहश्राव्दी लक्ष्य सहितको साझेदारीको रुवरुप प्रतिवद्धता घोषणा गरेका छन् । यसै घोषणालाई सहस्राव्दी विकास लक्ष्य भनिएको छ । यस सझेदारीको खास उद्देश्य गरिबी र यसका कारण पर्न सक्ने नकारात्मक असर विरुद्ध रुकजुट भै लड्न सक्नु हो । सन् २०१५ सम्मको अवधि राखिएको यस विकास लक्ष्यहरु समन्वयात्मक रुपमा आपसी सहयोगको माध्यमद्वारा पुरा गर्न सकिने अपेक्षा गरिएको छ । यस सहस्राव्दी विकास लक्ष्यमा कुल ८ लक्ष्य, १८ गन्तव्य र ४८ वटा सूचकहरु निर्धारण गरिएका छन् । यसमध्ये बालबालिकाको हितसंग प्रत्यक्ष सम्वन्ध राख्ने देहाय बमोजिमको व्यवस्था गरिएको छ :

(१) लक्ष्य २: गन्तव्य ३: सन् २०१५ सम्ममा सबै बालबालिकाले प्राथमिक शिक्षा पाएका हुनेछन् ।

(२) लक्ष्य ३: गन्तव्य ४: सन् २०१५ सम्ममा शिक्षाका सबै तहमा लैङ्गिक विभेद अन्त्य भएको हुनेछ ।

(३) लक्ष्य ४: गन्तव्य ५: सन् १९९० को तुलनामा सन् २०१५ सम्ममा पाँच वर्ष मुनिका बालबालिकाको मृत्युदर दुई तिहाइले कम भएको हुनेछ ।

(४) लक्ष्य ५: गन्तव्य ६: सन् १९९० को तुलनामा सन् २०१५ सम्ममा मातृमृत्यु अनुपात तीन चौथाईले घटेको हुनेछ ।

(५) लक्ष्य ६: गन्तव्य ७: सन् २०१५ सम्ममा एच्आईभी रोक्ने र यसलाई पूर्ववत्स्थितिमा फर्काउन सुरु गरिएको हुनेछ ।

(६) लक्ष्य ७: गन्तव्य १०: सुरक्षित खानेपानी तथा आधारभूत सरसफाइमा दिगो पहुँचबाट वञ्चित जनसंख्याको अनुपात सन् २०१५ सम्ममा आधा घटेको हुनेछ ।

बालअधिकार सम्वन्धी राष्ट्रिय नीति तथा कानुनी व्यवस्था

बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन, विकास, विस्तार र सुदृढीकरणमा सहयोग पुऱ्याउने खालका विषयहरु नेपालको संविधान लगायत अन्य थुप्रै कानून, नीति तथा योजनाहरु समावेश भएका छन् । यस्तै बाल अधिकार सम्बन्धी सवालहरु विभिन्न राष्ट्रिय कानुन तथा अन्तर्राष्ट्रिय सन्धिहरुमा समेत उल्लेख गरिएको छ । विगत २ वर्षदेखि यस सम्वन्धमा थप प्रयास भैरहेका छन् । हालै मात्र बालमैत्री राष्ट्रिय खाका तथा कार्यान्वयन कार्यविधिको मस्यौदा तयार गरिएको छ । यो मस्यौदा नेपाल सरकारवाट स्वीकृत भै लागु हुने क्रममा रहेको छ । बालमैत्री स्थानीय शासनका लागि सहयोगी हुने नेपालका प्रमुख कानून तथा योजना र निर्देशिका तथा कार्यक्रमहरुमा समावेश भएका केही महत्वपूर्ण व्यवस्थाका वारेमा तल उल्लेख गरिएको छ ।

नेपालको अन्तरिम संविधान, २०६३

नेपालको अन्तरिम संविधान, २०६३ मा बालबालिकाको सम्बन्धमा देहायका अधिकारहरु प्रत्याभूत गरिएका छन् :

(१) **समानताको हक (धारा १३):** सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई कानुनको समान संरक्षणबाट वंचित गरिने छैन । तर बालबालिकाको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने छ ।

(२) **बालबालिकाको हक (धारा २२):** यस धारामा बालबालिकाको हक सम्बन्धमा देहाय बमोजिमका प्रावधानहरु रहेका छन्:

१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुनेछ ।

२) प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुनेछ ।

३) प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषण विरुद्धको हक हुनेछ । यस्तो शोषणजन्य कार्य कानुनद्वारा दण्डनीय हुनेछ र त्यस्तो कार्यबाट पीडित भएको व्यक्तिलाई कानुनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिइनेछ ।

४) असहाय, अनाथ, सुस्त मनस्थितियुक्त, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा परेका, सडक बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ ।

५) कुनै पनि नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न पाइने छैन ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले स्थानीय निकाय (गाँउ विकास समिति, नपा र जिल्ला विकास समिति) ले योजना तर्जुमा गर्दा बालबालिकालाई प्रत्यक्ष लाभ पुग्ने आयोजनाहरु छान्न प्राथमिकता दिनुपर्ने (दफा ४३, १११, २०१) व्यवस्था गरेको छ । यस्तै यस ऐनमा स्थानीय निकायहरुले बालबालिकाको हित र कल्याण सम्बन्धी काम गर्नु पर्ने (दफा २८ (१) (ट), ९६ (१) (ज), १८९ (१) (च) व्यवस्था गरिएको छ । साथै उक्त ऐनको दफा २८ (१) (छ), ९६ (१) (छ) र १८९ (१) (ढ) ले स्थानीय निकायहरुले मातृशिशु कल्याण, विस्तारित खोप र पोषण जस्ता कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउनुपर्ने जिम्मेवारी तोकिदिएको छ ।

यसका साथै स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २३ र ५४ ले स्थानीय निकायमा एक महिला तथा बालवालिका विशेष कोष स्थापना र सञ्चालन गर्न सक्ने अधिकार प्रदान गरेको छ ।

बालबालिकासम्बन्धी ऐन, २०४८

प्रत्येक बालक जन्मेपछि निजको बाबु भए बाबुले, बाबु नभए आमाले र आमा पनि नभए परिवारका अन्य सदस्यले आफ्नो धर्म, संस्कृति र चलन अनुसार बालकको नाम राखिदिनु पर्छ । बालकको बाबु, आमा वा परिवारको कुनै सदस्य जीवित नरहेकोमा वा पत्ता नलागेकोमा बालकलाई पाल्ने व्यक्ति वा संस्थाले बालकको नाम राखिदिनु पर्ने व्यवस्था ऐनको दफा ३ (१) ले गरेको छ । यस्तै ऐनको दफा ४ (१) ले बाबु, आमाले आफ्नो परिवारको आर्थिक अवस्था अनुसार प्रत्येक बालकको पालनपोषण गर्नुका अतिरिक्त निजको शिक्षा, स्वास्थोपचार, खेलकुद तथा मनोरञ्जनको सुविधाहरुको व्यवस्था गर्नुपर्ने जस्ता प्रावधान गरेको छ ।

साथै नेपालको बालबालिका सम्बन्धी ऐन, २०४८ ले देहायका मुख्य विषयहरुलाई बालअधिककारको रुपमा स्थापित गरेको छः

- बालकको नाम राख्ने र जन्म मिति कायम गर्ने
- पालनपोषण, शिक्षा, स्वास्थ्योपचारको व्यवस्था
- पालनपोषण आदिमा छोरा वा छोरी तथा छोरा छोरा वा छोरी छोरीमा भेदभाव गर्न नहुने
- बैवाहिक सम्बन्ध हुनु अघि वा पछि जन्मेका बालक वा धर्मपुत्र वा आफूले जन्माएको बालकको बीच भेदभाव गर्न नहुने
- क्रुर वा यातनापूर्ण व्यवहार गर्न नहुने
- भेटघाटको सुविधा दिनु पर्ने (बैवाहिक सम्बन्ध विच्छेद भई वा अरु कुनै कारणबाट बाबु र आमा भिन्न बसेको अवस्थामा बाबुसंग बसेको बालकलाई आमासंग र आमासंग बसेको बालकलाई बाबुसंग समय समयमा भेटघाट गर्न वा केही समयको निमित्त साथ बस्न दिने)
- धर्मपुत्र र धर्मपुत्रीले आफ्नो बाबु आमासंग भेटघाट, पत्राचार गर्न पाउने (कानूनको रीत पुऱ्याई कसैको छोरा वा छोरीलाई धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले त्यस्तो धर्मपुत्र वा धर्मपुत्रीले चाहेमा तिनीहरुलाई जन्म दिने बाबु आमासंग नियमित रुपमा भेट गर्न वा पत्रचार गर्न दिनुपर्छ)
- आमा र आमाको बाबुको नाम उल्लेख गर्न पाउने (कुनै औपचारिक काम कारवाई वा लिखतमा कानून बमोजिम बाबु र बाजेको नाम खुलाउनु पर्ने अवस्थामा बाबुको पत्ता नलागेसम्म बालकले आमा र आमाको बाबुको नाम उल्लेख गर्न सक्नेछ । बाबु र आमा दुवै पत्ता नलागेको बालकको हकमा निजलाई पाल्ने व्यक्ति वा संस्थाले बाबु आमा पत्ता नलागेको भनी लेखिदिएमा त्यस्तो बालकले बाबु, आमा वा बाजेको नाम उल्लेख नगरे पनि हुन्छ
- बालक र अपराधिक दायित्व (कानून बमोजिम अपराध ठहरिने कुनै काम गर्ने व्यक्ति सो काम गर्दा दश वर्ष मुनिको बालक रहेछ भने निजलाई कुनै प्रकारको सजांय हुन सक्दैन, बालकको उमेर दश वर्ष वा सो भन्दा माथि र चौध वर्ष भन्दा कम रहेछ भने निजलाई कानून बमोजिम जरिवाना हुने कुनै अपराध गरेकोमा हप्काई, सम्झाई बुझाई र कैद हुने गरेकोमा कसूर हेरी छ महिनासम्म कैद हुन्छ, चौध वर्ष वा सो भन्दा माथि र सोह्र वर्ष भन्दा मुनिको बालकले कुनै अपराध गरे निजलाई कानून बमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजांयको आधा सजांय हुन्छ)
- धार्मिक वा सांस्कृतिक रीतिस्थितिको पालन गर्दा बाहेक कुनै पनि बालकलाई भिक्षा माग्ने काममा लगाउनु हुंदैन ।
- अनैतिक पेशामा संलग्न गराउन नहुने ।

बालश्रम (निषेध र नियमित) ऐन, २०५६

कसैले पनि बालकलाई ललाई, फकाई वा झुक्याएर वा कुनै प्रलोभनमा वा डर, त्रास वा दबावमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छा विरुद्ध श्रमिकको रुपमा काममा लगाउनु हुँदैन भन्ने व्यहोरा ऐनको दफा ४ मा उल्लेख भएको छ । यसैगरी बालकलाई काममा लगाउँदा दिनमा छ घण्टा र एक सप्ताहमा छत्तीस घण्टाभन्दा बढी अतिरिक्त पारिश्रमिक दिई वा नदिई काममा लगाउनु हुँदैन भन्ने व्यहोरा दफा ९ (२) मा रहेको छ । ऐनको दफा १० (१) ले प्रतिष्ठानले श्रमिकको रुपमा काम गर्ने बालकलाई लिङ्ग, वर्ण, धर्म वा जातजातिको आधारमा कुनै भेदभाव नगरी समान कामको लागि समान पारिश्रमिक र सुविधा दिनुपर्ने व्यवस्था गरेको छ । ऐनको दफा ११ ले कुनै पनि प्रतिष्ठानमा व्यवस्थापकले त्यहाँ काम गर्ने बालकको स्वास्थ्य र सुरक्षा सम्बन्धी व्यवस्था गर्नुपर्ने प्रावधान राखेको छ ।

तीन वर्षे अन्तरिम योजना (२०६४/६५–२०६६/६७)

तीन वर्षे अन्तरिम योजना (२०६४/६५–२०६६/६७) को अध्याय २७ को स्थानीय विकास खण्डको नीति तथा कार्यनीति प्रकरणमा बालबालिकाको बचाउ, संरक्षण, विकास र सहभागिताको लागि या बालमैत्री अभियानलाई स्थानीय निकायमा संस्थागत गरिनेछ भन्ने कुरा उल्लेख भएको थियो । साथै अध्याय २३ (बालबालिका) को नीति तथा कार्यनीति प्रकरणमा बालमैत्री शासन प्रणालीको अवधारणा अनुरुप स्थानीय निकायहरुलाई बालबालिकाहरु सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्नको लागि प्रोत्साहित गरिनेछ भनी उल्लेख भएको र सोही खण्डमा बाल सहभागिताको लागि नीति तथा मार्गदर्शन तयार गर्ने कुरा समेत उल्लेख भएको थियो ।

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको आयोजना दस्तावेजमा सो कार्यक्रम डिजाइन र कार्यान्वयन गर्दा सामाजिक समावेशीकरण, लैङ्गिक समता र बालमैत्री दृष्टिकोणलाई समेत समावेश गर्ने कुरा उल्लेख गरिएको छ । साथै स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले आफ्नो आयोजना दस्तावेजको सिद्धान्त, नीति, नतिजा सूचक र अनुगमन एवं मूल्याङ्कनको ढाँचामा समेत बालमैत्री स्थानीय शासन सम्बन्धी क्रियाकलापहरु उल्लेख गरी यसलाई प्राथमिकता दिएको छ । यसका अलावा स्थानीय निकायहरुले जुलाई २०१२ को अन्तसम्ममा बालमैत्री स्थानीय शासन अवलम्बन गरेका हुनेछन् भनी नतिजा नं. ६ को सूचकमा तोकेको छ । नतिजा सूचकको बुँदा न. ६.१.५ मा बालमैत्री स्थानीय शासनको लागि राष्ट्रिय ढाँचा तयार गर्ने गरी क्रियाकलाप तोकिएको छ ।

बालबालिका सम्बन्धी १० बर्षीय राष्ट्रिय कार्ययोजना, (२०६१/६२-२०७१/७२)

बालबालिका सम्बन्धी १० बर्षीय राष्ट्रिय कार्ययोजना, (२०६१/६२-२०१४/१५) ले बालबालिकाले आफू सुहाउँदो समुदायमा आफ्ना अधिकारहरु भरपुर उपयोग गर्नेछन् र तिनीहरुको पूर्ण सामर्थ्यको उपयोग र महसुस गर्नेछन् भनी दीर्घकालीन सोच (Vision) निर्धारण गरेको छ । यस्तै बालमैत्री वातावरणको प्रवर्द्धन गर्दै बालबालिकाविरुद्ध हुने सबै प्रकारका शोषणको अन्त्य गरी बालबालिकाको जीवनस्तर उच्च पार्न प्रत्येक बालबालिकाको अधिकार सुनिश्चित गरिने लक्ष्य तोकिएको छ । यस कार्ययोजनाले शिक्षा, बालविकास, स्वास्थ्य, पोषण र अन्य सम्बन्धीत क्षेत्रमा केन्द्रित भई बालमैत्री वातावरणको प्रवर्द्धन गर्ने उद्देश्य लिएको छ ।

गाउँ विकास समिति तथा जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधिः २०६७

स्थानीय सीप, श्रम, स्रोत र साधनको सदुपयोग गरी स्थानीय जनताको सेवा सुविधामा पहुँच, सहभागिता र स्वामित्व अभिवृद्धि गर्ने, सहभागितामूलक योजना प्रक्रिया अवलम्बन गर्दै योजनाबद्ध विकासका माध्यमबाट स्थानीय आवश्यकताको प्राथमिकीकरण, सञ्चालन एवं मर्मत संभार गर्न स्थानीय जनतालाई प्रोत्साहन गर्ने, समावेशी विकासको अवधारणा बमोजिम लक्षित समूह र क्षेत्रलाई मूलप्रवाहीकरण र सशक्तीकरण गरी समावेशी विकासलाई संस्थागत गर्ने, सामाजिक परिचालनका माध्यमबाट अति विपन्न र विकासमा पहुँच नभएका परिवारलाई उनीहरुको क्षमता बढाउदै विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने, स्थानीयस्तरमा कुनै पनि विकाससँग सम्बन्धीत संस्थाले सम्बोधन गर्न नसकेका तर समुदायबाट पहिचान भई अति आवश्यक ठहऱ्याई आएका कार्यक्रमलाई स्थानीयस्तरबाटै सम्बोधन गर्ने, राष्ट्रिय/अन्तर्राष्ट्रिय क्षेत्रबाट लिइएका लक्ष्य, उद्देश्य तथा प्रतिबद्धताहरुलाई स्थानीयस्तरमा कार्यक्रमका माध्यमबाट सम्बोधन गरी स्थानीयकरण गर्ने, सबैको सरोकारका साझा विषय जस्तै लैङ्गिक समानता, बालबालिकाको विकास, सामाजिक समावेशीकरण, वातावरण संरक्षण, जलवायु परिवर्तनमा असर पार्ने विषय, खुला दिशामुक्त क्षेत्र तथा सरसफाई जस्ता राष्ट्रिय सरोकारका विषयलाई अभियानका माध्यमबाट स्थानीयस्तरमा प्रवर्द्धन गर्न सहयोग पुऱ्याउने र स्थानीय स्तरमा रोजगारी र आय वृद्धिबाट जीवनस्तरमा सुधार ल्याई गरिबी निवारणमा सहयोग पुऱ्याउने लगायतका उद्देश्यले नेपाल सरकारले गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिहरुलाई अनुदान दिने गरेको छ ।

जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को बुँदा १० (झ) मा बालमैत्री स्थानीय शासनसंग सम्बन्धीत कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था गरिएको छ, साथै बुँदा ११ (२) (ग) (२) मा बालमैत्री गाउँ विकास समिति र बालमैत्री नगरपालिका विकास सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिएको छ । यस्तै सोही कार्यविधिको बुँदा ११.(३) (ख) मा कुल पूँजीगत बजेट मध्येबाट विपन्न वर्गका बालबालिकालाई प्रत्यक्ष फाइदा पुग्ने योजनाको लागि न्यूनतम् १० प्रतिशत रकम खर्च गर्नु पर्ने व्यवस्था गरिएको छ । महिला र बालबालिकाको लागि विशेष लगानी गर्नुपर्ने व्यवस्था पनि सोही कार्यविधिले गरेको छ ।

गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को बुँदा १०.१ (च) मा बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छ । यस्तै सोही कार्यविधिको बुँदा ११.३ (ख) मा सबै जातजातिका विपन्न वर्गका बालबालिकाहरुलाई प्रत्यक्ष फाइदा पुग्ने आयोजना तथा कार्यक्रमका लागि न्यूनतम् १० प्रतिशत, र (ग) सबै जातजातिका आर्थिक रुपमा विपन्न तथा आर्थिक एवं सामाजिक रुपमा पिछडिएका वर्ग ज्येष्ठ नागरिक, दलित, आदिवासी/जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मधेसी, मुश्लिम तथा पिछडावर्ग लगायत) एवं क्षेत्र तथा नेपाल सरकारले सूचना प्रकाशित गरी लक्षित समूह भनी तोकिएका वर्ग एवं समुदायले प्रत्यक्ष फाइदा पाउने कार्यक्रम/आयोजनाका लागि न्यूनतम १५ प्रतिशत खर्च गर्ने व्यवस्था गरेको छ ।

उपर्युक्त बमोजिम अन्तर्राष्ट्रिय प्रतिवद्धता व्यक्त गरिएको तथा कानुनी एवं नीतिगत व्यवस्था गरिएको भए तापनि लक्षित वर्गमा वास्तविक सेवा प्रवाह अपेक्षाकृत कम हुन गएको छ । आ–आफ्नो तरीका र तहमा छुट्टाछुट्टै तवरबाट छरिएर कार्यक्रमहरु संचालन हुन जाँदा कार्यक्रमको लक्ष प्राप्त हुनमा कठिनाई पैदा भएको वास्तविकतालाई मनन गर्दै स्थानीय निकायहरुद्धारा एकीकृत र समन्वित रुपमा कार्यक्रम संचालन गरी सेवा प्रवाहमा प्रभावकारीता ल्याउनेतर्फ विशेष ध्यान दिन जरुरी भएको छ ।

यस वाहेक बालअधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धी, १९८९ र सहश्राव्दि विकास लक्ष्यमा बाल अधिकार सम्बन्धी महत्वपूर्ण विषयहरु समावेश गरिएका छन् । यि दस्तावेजहरुमा नेपालले हस्ताक्षर गरि सकेको हुदा

यिनिहरु पनि नेपालको कानून सरह भै सकेका छन् । यस विषयमा अलग्गै सत्रमा विस्तृत व्याख्या गरिसकिएको हुदा यस यसको चर्चा गरिएको छैन ।

अन्य प्रयासहरु

- महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन सम्वन्धी महासन्धी (CEDAW) १९७१ मा नेपालले सन् १९९१ मा अनुमोदन
- बाल न्याय (कार्यविधि) नियमावली २०६३ तर्जुमा गरिएको : यसलाई ४ भागमा विभाजन गरिएको छ : १) कानूनी प्रयास २) नीतिगत प्रयास ३) अन्तर्राष्ट्रिय प्रयास, ४) संस्थागत व्यवस्था
- दक्षिण एशियामा बाल कल्याण प्रवर्द्धनको लागि क्षेत्रीय व्यवस्था सम्वन्धी सार्क महासन्धी २००२ मा नेपाल पक्ष बनेको
- वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध संघर्ष गर्ने सम्वन्धमा व्यवस्था भएको सार्क महासन्धी २००२ नेपालले अनुमोदन गरेको
- सशस्त्र द्वन्दमा बालबालिकाको प्रयोग विरुद्ध बाल अधिकार सम्वन्धी महासन्धीको इच्छाधीन आलेख २००० मा नेपालको सहमति रहेको
- बालबालिकाको बेचविखन, घरेलु हिंसा, यौन शोषण जस्ता नियन्त्रणका कार्य भएका
- अन्तर्राष्ट्रिय संघ संगठन सम्वन्धी महासन्धी (बालबालिका सम्वन्धी) मा नेपालको सहमति
- बाल विकास केन्द्रहरु, बाल गृहहरु सञ्चालन गरिएको
- स्थानीय निकाय (जिविस, गाविस, नपा) का आवधिक र बार्षिक योजनाले महिला, बालबालिकाका सवालहरुलाई एकीकृत गरी प्राथमिकतासाथ सञ्चालन गर्दै आएका ।
- शिक्षा, स्वास्थ्य, महिला विकास जस्ता विषयगत मन्त्रालयले पनि बालबालिकाका सवालहरुलाई अधिकारमा आधारित अवधारणा अनुरुप क्षेत्रगत योजना र कार्यक्रममा समावेश गर्दै आएका ।
- पाँच जिल्ला (सनुसरी, काभ्रे, तनहुँ, दाङ, जुम्ला) लाई बालमैत्री स्थानीय शासन जिल्ला का रुपमा विकास गर्ने कार्यको थालनी
- विराटनगर उमनपा र व्यास नपालाई बालमैत्री नगर को रुपमा विकास गर्ने कार्यको थालनी ।

भावी कार्यदिशा

- बालमैत्री स्थानीय सरकार प्रति प्रतिवद्धता देखाउने
- बालमैत्री स्थानीय नीति र रणनीति तर्जुमा
- केन्द्र र स्थानीय निकाय तहमा Child Profile/State of Children Report बनाउने
- आवधिक र बार्षिक योजनामा बालबालिकाको हित अभिवृद्धि गर्ने कार्यक्रममा रकम विनियोजन गर्ने
- बाल क्लबको स्थापना, संस्थागत विकास र क्षमता अभिवृद्धि गर्ने

नेपालको आगामी संविधानमा बालअधिकार

नेपालको आगामी संविधान (संविधान सभावाट निर्माण हुने क्रममा रहेको) को मस्यौदामा तल उल्लिखित मौलिक अधिकारका सबै विषय समावेश भएको बालअधिकारसम्बन्धी धाराको प्रस्ताव गरिएको छ । यो अधिकारले यस भागमा रहने अन्य अधिकारहरूका लागि पूरकका रूपमा काम गर्नेछ । बालअधिकारसम्बन्धी प्रावधानका अतिरिक्त, यस अनुरोधपत्रमा संरचनागत प्रावधानहरू पनि समावेश गरिएका छन् । ती संरचनागत प्रावधानहरूले बालबालिकाका अधिकारहरूलाई प्रगतिशील रूपमा मूर्त रूप दिने कार्य, खास गरी – कानुनी

रूपमा लागू गर्न सकिने राज्यको नीति तथा न्यायमा बालबालिकाहरूको पहुँचको न्यायिक प्रत्याभूतिको प्रवर्द्धन गर्नेछ । साथै, बालअधिकारका उल्लङ्घनहरूको छानबिन गर्न र उक्त कार्यमा दायित्व सुनिश्चित गर्नका लागि निकायको व्यवस्था गर्नेछ ।

राज्यका दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू अन्तर्गत बालबालिकाका सम्बन्धमा निम्न व्यवस्था समावेश हुन सिफारिश गरिएको छ :-

बालबालिकासँग सम्बन्धीत सबै विषय तथा क्रियाकलापहरूमा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने नीति राज्यले अवलम्बन गर्नेछ ।

राज्यले बालबालिकाका अधिकारहरूको संरक्षण तथा प्रवर्द्धन गर्ने र राष्ट्रिय, सङ्घीय तथा स्थानीय तहमा तिनको सहभागिता अभिवृद्धि गर्दै बालबालिकाका आधारभूत आवश्यकता पूरा गर्ने प्रयोजनका निमित्त विशेष व्यवस्था गरी त्यस्ता आवश्यकता पूरा भएको सुनिश्चित गर्ने नीति अवलम्बन गर्नेछ ।

बालबालिकालाई सकेसम्म परिवारमा राखेर हुर्काउने तथा उनीहरूको विकास गर्ने पहिलो दायित्त्व परिवार तथा अभिभावकको हुनेछ । यी अधिकारको पूर्ण सुनिश्चितताका निमित्त राज्यले श्रोतको वितरणमा बालबालिकालाई विशेष प्राथमिकतामा राख्नुका साथै सबै किसिमका उपयुक्त माध्यमहरू अपनाउनेछ ।

विकेन्द्रित स्थानीय स्वायत्त शासन

विकेन्द्रीकरण

शासन व्यवस्थामा आफ्नो सहभागिता र सेवा व्यवस्थापनमा स्वामीत्व रहोस् भन्ने जनताको चाहना विकेन्द्रीकरणको प्रेरणाको स्रोत हो । शासकीय सुधार, सहजीकरण, सरलीकरण र जिम्मेवारी बाँडफाँडले गर्दा विकेन्द्रीकरण आधुनिक राज्य प्रणालीमा आवश्यकता र वाध्यता दुवै हुन गएको छ । राज्य उत्पत्तिदेखि अहिलेसम्म कुनै न कुनै रुपमा विकेन्द्रीकरणको अभ्यास हुँदै आएको पाइन्छ । जनताको अधिकतम भलाई सेवा प्रवाह र सुनिश्चितता, सहभागिता र स्वामित्व अभिवृद्धि गर्दै स्थानीय प्रजातन्त्र (Local Democracy) सुदृढीकरणको उद्देश्य प्राप्तिका लागि विकेन्द्रीकरण दिनानुदिन बढी माग गर्दै आइएको विषय हो ।

केन्द्रीय सरकारबाट स्थानीय सरकार/उप राष्ट्रिय सरकार, अर्ध स्वायत्त निकायहरु र निजी क्षेत्रलाई सार्वजनिक कार्यहरुको अधिकार र जिम्मेवारी निक्षेपण गर्ने बहुआयामिक जटिल अवधारणा विकेन्द्रीकरण हो । स्वतन्त्र राज्यहरु संघीय प्रणालीमा आवद्ध भै एउटा संघीय राज्य बनेको अवस्थामा भने स्थानीय र प्रान्तीय अधिकार आफूमा राखी राष्ट्रिय महत्वका विषय क्षेत्रका अधिकार संघमा राख्ने व्यवस्था हुनु भनेको विकेन्द्रीकरणको एक पृथक आधार हो ।

विकेन्द्रीकरणलाई संक्षेपमा बुझ्नलाई राज्यको अधिकार, स्रोत साधन, जिम्मेवारी र जवाफदेहीतालाई सरकारका विभिन्न तहमा सुम्पिएर प्रभावकारी व्यवस्थापन गराउनु भनेर बुझ्न सकिन्छ । अर्को अर्थमा केन्द्रमा रहेको वित्तीय, राजनीतिक र प्रशासनिक जिम्मेवारी तल्लो तहका सरकारहरुलाई हस्तान्तरण गर्नु वा दिनु नै विकेन्द्रीकरण हो ।

उपर्युक्त आधारमा विकेन्द्रीकरण भन्नाले जनताको सम्भवभएसम्मको नजिकको निर्वाचित निकायले सार्वजनिक कार्यहरु गर्ने गराउने गरी केन्द्रमा रहेको राजनीतिक, वित्तीय र प्रशासनिक अधिकारहरु हस्तान्तरण गर्नु बुझिन्छ । यस अन्तर्गत अधिकतम जनसहभागिता, स्थानीय लोकतन्त्र, सेवाको सुनिश्चितता र स्थानीय सरकार एवं माथिल्ला तहका सरकारबीच समन्वय तथा साझेदारीको संयन्त्र व्यवस्थित हुन्छ । यस्ता संयन्त्रहरु विकसित गर्दा के काम कहाँबाट गर्ने, कति खर्च लाग्छ र खर्च व्यवस्था कुन कुन स्रोतबाट गर्न सकिन्छ भन्ने समग्र पक्षहरुको विश्लेषण गरी कार्यात्मक पद्धति विकसित गरिनु पर्दछ । अर्थात् विकेन्द्रित पद्धति विकसित गर्दा functions, fund, functionaries, fitness and fairness पक्षलाई संयोजन गरिएको हुन्छ । जसबाट नियमित रुपमा निर्धारित कार्य सम्पादन गर्न गराउन सकियोस् ।

विकेन्द्रीकरणको सर्वव्यापी परिभाषा र स्वरुप पाउन कठिन छ । देश काल, परिस्थिति र विकासको स्तर अनुसार विकेन्द्रित पद्धति र सेवा प्रवाह प्रणाली फरक हुन्छ । सामान्यतः विकेन्द्रीकरणको स्वरुपलाई अधिकार प्रत्यायोजन (Delegation), कार्यबोझ स्थानान्तरण (Deconcentration) र अधिकार निक्षेपण (devolution) गरी तीनवटा ढाँचामा अभ्यास भएको पाइन्छ । यी तीनमध्ये अधिकार निक्षेपणलाई बढी भरपर्दो र कामयावी मानिन्छ । जसमा संवैधानिक एवं कानूनी ढाँचाबाट तल्ला तहका सरकारलाई अधिकार दिइएको हुन्छ । यसैगरी केन्द्रबाट स्थानीय सरकार/निकायमा हस्तान्तरण हुने अधिकारको आधारमा राजनीतिक, वित्तीय र प्रशासनिक गरी तीन प्रकारका विकेन्द्रीकरणको चर्चा हुने गरेको पाइन्छ ।

सारमा भन्नुपर्दा केन्द्रमा रहेको अधिकार र जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण गर्ने पद्धति नै विकेन्द्रीकरण हो । सेवा र कार्यको प्रकृतिका आधारमा स्थानीय तहबाट सम्पादन गर्न मनासिव हुने कार्यहरु सोही तह र

निकायबाट सम्पादन गर्ने मान्यतालाई विकेन्द्रकिरणले प्रमुखरुपमा आत्मसात गरेको हुन्छ । विकेन्द्रीकरण केन्द्रीयकरणको प्रतिस्थापन होइन । यसले केन्द्रीय जिम्मेवारीलाई सीमित भने गर्दछ ।
नेपालमा चार दशकभन्दा लामो विकेन्द्रीकरणको संस्थागत अभ्यासको अनुभव छ । प्रशासन सुधार, विकास र विकेन्द्रीकरण गरी ३ वटा आयामबाट सीमित विकेन्द्रीकरण अर्थात् बढोत्तरी (Incremental) ढंगले विकेन्द्रीकरणलाई प्रयोग गरिंदै आइएको छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ आउनु अघिको विकेन्द्रीकरण करिब करिब देखावटी र निर्देशित नै थियो । ऐन आएपछि पनि जम्मा ४ वर्ष मात्र निर्वाचित जनप्रतिनिधिहरुले स्थानीय निकायमा काम गरे । सेवा प्रवाह प्रभावकारी हुन नसके तापनि स्थानीय स्वायत्त शासन ऐन, २०५५ विगतका प्रयासको उपलब्धीको प्रतीक मान्न सकिन्छ । कानूनी आधार सबल भएको उक्त ऐन अन्तर्गतकै ढाँचामा हालसम्म स्थानीय निकाय संचालित छन् ।

विकेन्द्रीकरणको प्रकार :

- राजनीतिक : राजनैतीक विकेन्द्रीकरण समग्र विकेन्द्रीकरणको महत्वपूर्ण पक्ष हो । राजनीतिक विकेन्द्रीकरणको माध्यमबाट स्थानीय स्तरमा प्रजातन्त्रको अभ्यास, स्थानीय नीति तर्जुमा, स्थानीय योजना तर्जुमा र कार्यान्वयन, स्थानीय स्रोत र साधनको प्रयोग गरी जबाफदेही शासन प्रणालीको स्थापनाको प्रयास गरिन्छ ।

- वित्तीय : स्थानीय सरकारलाई दिइएको जिम्मेबारी पूरा गर्न राजस्व परिचालन, केन्द्रीय वित्तीय स्रोत हस्तान्तरण सहित ऋण परिचालन सहितको अधिकार तल्लो तहमा हस्तान्तरण गरिन्छ ।

- प्रशासनिक : कार्य जिम्मेबारी र वित्तीय स्रोत सहित कार्य सम्पादनका लागि काम गर्ने दक्ष जनशक्ति सहितको संगठन, संरचना, स्वतन्त्रता, स्वायत्तता सहितको प्रशासनिक संयन्त्रको व्यवस्था गरिन्छ ।

वालमैत्री स्थानीय शासन र स्थानीय स्वायत्त शासनको अन्तरसम्वन्ध

शासन

शासन भनेको राज्यको स्रोत साधन माथिको अधिकार वा शक्तिको अभ्यास हो, यो राजनैतिक, आर्थिक, प्रशासनीक र अन्य पनि हुन सक्दछ । यसमा पद्धति, प्रक्रिया र संगठनको संलग्नता हुन्छ जहा जनताले कानूनी दायित्व पुरा गर्दै आफ्ना विचार राख्ने र चाहनाहरु पुरा गर्ने अधिकार राख्दछन् । (अष्ट्रेलियन सरकारको वाह्य सहयोग कार्यक्रम) । शासन राज्य संचालनको प्रक्रियासंग सम्वन्धित छ ।

सुशासनको अवधारणा

सुशासन भनेको के हो र सार्वजनिक प्रशासनमा यसको के भुमिका छ भन्ने विषयमा धेरै ठुलो वहश हुन सक्दछ । तर पनि निर्णय प्रकृयामा जनताको सहभागिता, पारदर्शि कार्य प्रणाली, र जनताप्रति उत्तरदायी राज्य व्यवस्थाको अभावमा शुशासनका कुराहरु निरर्थक हुने गर्दछन् । विश्व के मास्केको विचारमा सुशासन भनेको जनताले सरकारी पदाधिकारी र सार्वजनिक पद धारण गर्ने व्यक्तिहरुसंग अन्तरक्रिया गरी पारदर्शिता र जवाफदेहीताका लागि संस्थागत वातावरणको विकास गर्नु हो (मास्के विश्व के, डेभलपमेन्ट गभरनान्स: एजेण्डा फर एक्सन, काठमाण्डौ सेन्टर फर डेभलपमेन्ट एण्ड गभरनान्स, २०००) । सुशासन भनेको मुलुकको स्रोत साधनको सक्षम व्यवस्थापन गरी निर्धारित कार्यहरु गर्ने प्रक्रिया र पद्धति हो जहाँ पारदर्शिता,

जवाफदेहीता र समतामुलक विधिवाट जनताका आवश्यकताहरुलाई सम्वोधन गरिन्छ । (अष्ट्रेलियन सरकारको वाह्य सहयोग कार्यक्रम) । सुशासन नयाँ अवधारणा होईन, यो मानव सभ्यतासंगै शुरु भएको विषय हो, यसले भ्रष्टाचार कम गर्न मद्दत गर्छ ।

सारमा भन्दा:
सुशासन भनेको मूलत: सहभागितामूलक निर्णय प्रणालीको विकास गर्दै निर्णय गर्ने र गरेको निर्णय कार्यान्वयन गर्ने वा नगर्ने पद्धति हो । त्यस्ता निर्णयको सफल कार्यान्वयन गर्ने तथा यसरी निर्णय एवं कार्यान्वयन गर्दा निष्पक्षता, पारदर्शिता, दिगोपना र जवाफदेहीपना कायम गर्ने पद्धति हो ।

सुशासनका सम्वाहरु

- उत्तरदायित्व
- पारदर्शिता
- जिम्मेवारीपन
- सन्निकटता
- समावेशी र समता
- प्रभावकारीता
- कानूनको पालना
- सहभागिता
- सर्वसम्वत समझदारी/वहुमतीय प्रणाली



सुशासनको त्रिभुज:

राजनीति मात्र वलियो भए निरंकुशता वढ्छ । प्रशासक मात्र वलियो भए स्वेच्छाचारिता वढ्छ, जनता मात्र वलियो भए अराजकता वढ्छ । तिनवटै भुजाहरु वरावर वलियो भए सुशासन कायम गर्न सजिलो हुन्छ ।

समुन्नत, सुन्दर र सुरक्षित भविश्यको लागि वालवालिकामा लगानी गरौ ।

स्थानीय स्वायत्त शासन

- कानूनी परिधि भित्र रहेर राजनीतिक, आर्थिक र प्रशासनिक अधिकारको प्रयोग गर्ने व्यवस्थालाई स्थानीय स्वायत्त शासन भनिन्छ ।
- जनताको नजिकको सरकार जो आफ्ना मतदाताप्रति जवाफदेही भै सेवा प्रवाह गर्ने गर्दछ यस्तो प्रणाली स्थानीय स्वायत्त शासन हो ।

  स्वायत्त शासनका विषयमा देहायका बुदाँबाट प्रष्ट हुन सकिन्छ :

  - राष्ट्रको संविधान वा कानूनद्वारा केन्द्र र स्थानीय तहका सरकारवीच स्पष्ट रुपमा अधिकारको बाँडफाड,
  - शक्ति, स्रोत, साधन, अधिकार, उत्तरदायित्व र जवाफदेहिता हस्तान्तरण र उचित व्यवस्थापन,
  - अधिकारको विकेन्द्रीकरण,
  - शासन प्रक्रियामा सबैलाई सम्मिलित हुने अवसर,
  - समानताका आधारमा सेवा सुविधा र लाभहरुको उपभोग गर्न सक्ने व्यवस्था,
  - आफ्नो क्षेत्रको विकासको लागि साधनको परिचालन, विनियोजन गर्ने स्वतन्त्र अधिकार,
  - विकासको प्रतिफलको सन्तुलित तथा समान वितरण,
  - सामाजिक समानता,
  - जनताको सहभागितामा आधारित संस्थागत विकास प्रक्रियामा जोड,
  - जवाफदेही वहन,
  - स्थानीय नेतृत्वको विकास,

विकेन्द्रित स्थानीय स्वायत्त शासनका विशेषताहरुः

- केन्द्रीय सरकारको घनिष्ट सहयोगी (Closest Partner),
- जन इच्छा नै स्थानीय सरकारको अधिकारको श्रोत,
- प्रजातान्त्रिक मान्यता र सहभागितात्मक विकासको सिद्धान्त नै पारस्परिक सहयोगको आधार,
- लैङ्गिक समानता र समावेशीकरण अनिवार्य,
- निर्णयमा वहुपक्षीय संलग्नता,
- निष्पक्ष र स्वतन्त्र निर्वाचन र निर्वाचित पदाधिकारीहरुले चलाउने संस्थामा व्यवसायिक स्तरको
- कूशल प्रशासन,
- सबैको जिम्मेवारी र दायित्वको स्पष्टता र जनतालाई दिने सेवाका लागि पर्याप्त स्रोत ।

नेपालको सन्दर्भ

नेपालमा अधिकार विकेन्द्रीकरणका लागि विभिन्न प्रयास हुदै आएको छ । यसरी अधिकार दिने सम्बन्धमा विभिन्न समितिहरु गठन भई सोही आधारमा तलका निकायलाई अधिकार दिने प्रयास भएको पाईन्छ । विगतका विभिन्न प्रयासहरु मध्ये स्थानीय स्वायत्त शासन ऐन, २०५५ को तर्जुमा र यसको कार्यान्वयन विकेन्द्रीकरणका दिशामा हालसम्मको सबैभन्दा राम्रो प्रयास र उपलब्धी हो ।

यस ऐनले स्थानीय निकायहरुलाई विभिन्न कार्य जिम्मेवारी तोकी वित्तीय अधिकारहरु समेत प्रदान गरेको छ । जसमा :

- स्थानीय निकायहरुलाई सक्षम र प्रभावकारी बनाउन आवश्यक पर्ने अधिकार, जिम्मेवारी र स्रोत साधन निक्षेपण गर्ने ।
- स्थानीय निकायमा स्थानीय जनताको लागि सोच्ने र जवाफदेही वहन गर्न सक्ने संस्थागत संयन्त्र र कार्यगत संरचनाको निर्माण गरी विकास गर्ने ।
- स्थानीय निकायहरुलाई सुम्पिएका काम, कर्तव्य र जिम्मेवारीहरु र जवाफदेही वहन गर्नका लागि आवश्यक पर्ने स्रोत साधनहरु संकलन र परिचालन गर्ने अधिकार सुम्पने ।
- स्थानीय निकायहरुलाई निक्षेपित कार्य गर्दा प्रजातान्त्रिक प्रक्रिया, पारदर्शी व्यवहार, जनउत्तरदायित्व र जनताको सहभागितामा आधारित नागरिक समाजको स्थापना गर्नेतर्फ उन्मुख गराउने ।
- स्थानीय नेतृत्वको विकास गर्नको निम्ति स्थानीय निकायलाई आफ्नो क्षेत्रमा जनताप्रति उत्तरदायी बनाउन प्रभावकारी संयन्त्रको व्यवस्था गर्ने ।
- दिगो विकासको लागि आधारित सेवा प्रदान गर्ने कार्यमा स्थानीय स्वायत्त शासनमा निजी क्षेत्रलाई सहभागी हुन प्रोत्साहित गर्ने ।

- स्थानीय स्वायत्त शासन पद्धतिमा वालवालिका संग सम्वन्धित वहुआयमिक पक्षहरुको सम्वोधन (स्थानीय, राष्ट्रिय, अन्तराष्ट्रिय प्रतिवद्धता एवं नीति)
- वाल वचाउ, विकास, संरक्षण र सहभागिताको माध्यमवाट स्थानीय स्वायत्त शासन प्रणालीमा वर्तमान अवस्थामा सेवा प्रवाह र भविश्यमा सहभागिता एवं नेतृत्व विकासमा टेवा
- स्थानीय स्वायत्त शासन ऐनले समावेश गरेको कार्यक्षेत्र
- केन्द्रीय नीति (मन्त्रालय, वाल कल्याण समिति, गैसस, आदी) ।

बालमैत्री स्थानीय शासनको अवधारणा र यसको अभ्यास

बाल अधिकार महासन्धि १९८९ अनुरुप हुनेगरी नेपाल लगायत विश्वभरका मुलुकहरुमा बाल बचाउ, बाल संरक्षण, बाल विकास, र अर्थपूर्ण बाल सहभागितालाई बाल अधिकारका मूलभुत सवालका रुपमा लिईएको छ । यस्ता सवालहरुलाई जिल्ला विकास समिति, नगरपालिका, र गाउँ विकास समिति जस्ता स्थानीय निकायको नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धतिलाई नै बालमैत्री स्थानीय शासन भनिएको छ । यस पद्धतिले स्थानीय निकायलाई बालवालिकाको अर्थपूर्ण सहभागितामा उनीहरुकै हित अनुकुल हुनेगरी योजना तर्जुमा गर्ने, वजेट विनियोजन गर्ने, गाउँ/नगर/जिल्ला परिषद्वाट यस्ता योजना तथा वजेट स्वीकृत गर्ने, स्वीकृत गरिएका योजनाहरु कार्यान्वयन गर्ने र यसरी कार्यान्वयन गरिएका योजनाको अनुगमन तथा मूल्यांकन गर्न सघाउँदछ ।

नेपालमा बालमैत्री स्थानीय शासनको थालनी

नेपालीहरुको लागि बालमैत्री स्थानीय शासन कुनै आधुनिक सभ्यता र पद्धति होईन तर विगतमा संस्थागत स्वरुप दिन नसकिएका कारण हाल आएर यस पद्धतिलाई एक नयाँ अवधारणा को रुपमा लिईएको छ । वि.सं. २०६५ सालदेखि स्थानीय विकास मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, युनिसेफ नेपाल, केन्द्रीय बाल कल्याण समिति र केही अन्तर्राष्ट्रिय गैससहरुले यस अवधारणालाई प्रवर्द्धन गर्ने प्रयास गरे पश्चात् बालमैत्री स्थानीय शासन अवधारणागत रुपमा कार्यान्वयनमा आएको छ । यस अवधारणालाई मूर्तरुप दिन स्थानीय विकास मन्त्रालयको अगुवाईमा केही जिल्लाहरुमा नमुनाको रुपमा बालमैत्री स्थानीय शासन पद्धतिको थालनी गरिएको छ । युनिसेफ नेपालको सहयोगमा वि.सं. २०६५ सालमा काभ्रे, तनहुँ, सुनसरी र दाङ गरी चारवटा जिल्ला विकास समिति र बिराटनगर उप-महानगरपालिकामा यस पद्धतिको नमुना परीक्षण गरिएको थियो भने २०६६ सालवाट जुम्ला जिल्लामा पनि नमुना कार्यक्रम संचालन गरिएको थियो । साथै केन्द्रीय बाल कल्याण समितिले केही अन्य जिल्लाहरुमा बालमैत्री कार्यक्रमहरु संचालन गर्दै आएको छ । यस्ता नमुना परीक्षणहरुवाट प्राप्त सिकाईको आधारमा स्थानीय विकास मन्त्रालयले यस पद्धतिको विस्तार गर्ने लक्ष्य लिएको छ ।

बालमैत्री स्थानीय शासनको महत्व

नेपालको कुल जनसंख्यामा १८ वर्ष मुनिका बालबालिकाको अंश ४८ प्रतिशत रहेको छ । बाल विकासमा राज्यले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विभिन्न प्रतिवद्धता व्यक्त गरेको छ । बालहितको लागि विभिन्न नीतिगत, संस्थागत र प्रक्रियागत प्रयासहरु गरी बालबालिकासम्बन्धी सबाललाई सम्वोधन गर्नुपर्ने आवश्यकता देखिएको छ । नेपालको वर्तमान राजनैतिक परिवर्तनसंगै समावेशीकरण उच्चतम् प्राथमिकतामा रहेको र बालबालिकाका सबालहरुलाई एकीकृत रुपमा सम्बोधन गर्न आवश्यक देखिएको छ । बालबालिकाको विकासका लागि कार्यरत निकायहरुलाई एकीकृत रुपमा नीतिगत एवं संस्थागत प्रवन्धद्वारा स्थानीय सेवा प्रवाह तथा बालबालिकाको हकअधिकारहरु सुनिश्चित गर्नमा प्रयत्नशील रहन यस अवधारणाको आवश्यकता एवं महत्व रहेको छ । सामुदायिक सेवा प्रवाहमा स्थानीय निकायहरुको महत्वपूर्ण भूमिका रहने हुँदा यस्ता निकायहरु लगायत अन्य सरोकारबालाहरुलाई बालमैत्री अवधारणा अनुरुप सामुदायिक विकासका कार्यक्रमहरु संचालन गर्न समेत यस पद्धतिले महत्वपूर्ण सहयोग पुऱ्याउनेछ ।

बालमैत्री स्थानीय शासनका संभागहरु

बालमैत्री स्थानीय शासनको अवधारणा बाल अधिकारको आधारभूत सिद्धान्तहरु (Fundamental Principles) मा आधारित छ । तिनमा बिना भेदभाव (गैर विभेदिकरण), बालबालिकाको सर्वोत्तम हित, बाल संरक्षण, बाल विकासको अभिवृद्धि र समग्र शासकीय प्रक्रियामा बाल सहभागिताको सुनिश्चितता प्रमुख रहेका छन् । नेपाल सरकारले प्रतिवद्धता जनाइसकेका यी आधारभूत सिद्धान्तमा आधारित भै यो कार्यविधि तर्जुमा गरिएको छ । बालमैत्री स्थानीय शासनका संभागहरु देहाय बमोजिम रहेका छन् :

बाल अधिकारको संरक्षण र प्रवर्द्धनः

बाल अधिकारलाई देहाए वमोजिम ४ भागमा विभाजन गरिएको छ ।

क) बाँच्न पाउने अधिकार :

प्रत्येक बालबालिकालाई खाना, बास, लत्ता कपडा, औषधि, खोप तथा आमाको स्तनपान गर्न पाउने अधिकार हुन्छ । यस्तै अभिव्यक्तिको स्वतन्त्रता, राष्ट्रियताको अधिकार, भेदभाव विरुद्धको अधिकार, हेरचाह र पालन पोषणको अधिकार, स्वास्थ्यको अधिकार तथा आराम गर्न पाउने, खेलकुद, मनोरञ्जन एवं सांस्कृतिक अधिकार आदि समेत बाँच्न पाउने अधिकारमा पर्दछन् ।

ख) संरक्षणको अधिकार :

प्रत्येक बालबालिकाको नाम राख्ने र जन्म दर्ता हुने अधिकार रहन्छ । आफू विरुद्ध हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, बेचविखन, ओसारपसार, शोषण र वेवास्ताबाट संरक्षण प्राप्त गर्ने अधिकार, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा परेका र सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यको लागि स्थानीय तहबाट पुऱ्याइने विशेष संरक्षण, बालबालिकालाई निजको बाबु आमा, संरक्षक, शिक्षक वा जोसुकैबाट हुने शारीरिक तथा मानसिक यातना र अमानवीय ब्यवहार विरुद्ध संरक्षण जस्ता विषयहरु संरक्षणको अधिकारमा पर्दछन् ।

ग) विकासको अधिकार :

यस अन्तर्गत शिक्षा, संरक्षकत्व र व्यक्तित्व विकासको अधिकार पर्दछ । साथै बालबालिकासंग सम्वद्ध विषयगत क्षेत्रहरु जस्तै सार्वजनिक भौतिक सुविधा सेवाहरु, भवन, विद्यालय, अस्पताल, उद्यान, मनोरञ्जनस्थल, सडकपेटी, क्रसिङ आदिको उपयोगमा बालबालिकाको अधिकार सुरक्षित रहने बिषयहरु पनि विकासको अधिकार अन्तर्गत पर्दछन् ।

घ) सहभागिताको अधिकारः

यस भित्र बालबालिकासँग सम्बन्धीत विषयको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा बालबालिकालाई उमेर र क्षमताका आधारमा संलग्न हुन पाउने अधिकार पर्दछन् । बालबालिकाले अभिव्यक्त गरेको विचारलाई निजको उमेर र परिपक्वताको आधारमा सहभागिता गर्ने विषयहरु समेत यसमा रहेका छन् ।

त्यस्तै सूचना प्राप्त गर्ने अधिकार, अन्तरक्रिया, भेटघाट एवं संवादको अधिकार पनि सहभागिताको अधिकार अन्तर्गत पर्दछन् ।

यस्तो सहभागिता स्थानीय निकाय (जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समिति), स्थानीय सामुदायिक संस्था, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, वन व्यवस्थापन समिति जस्ता निकायमा रहन सक्दछ ।

संस्थागत विकासः

बालमैत्री स्थानीय शासन संचालन गर्न आवश्यक पर्ने सांगठनिक नीति, कार्यक्रम, बजेट र प्रवन्धकीय व्यवस्था, मानव संसाधन विकास, कार्यप्रक्रिया र कार्यप्रणाली, साझेदार बीचको कार्यसंजाल, क्षमता अभिवृद्धि जस्ता पक्षहरु संस्थागत विकासमा रहनेछन् ।

शासकीय पद्धतिमा एकीकरणः

बालमैत्री स्थानीय शासनलाई प्रभावकारी रुपमा संचालन गर्न समग्र शासकीय पद्धतिमा बाल अधिकारको संरक्षण र प्रवर्द्धन अन्तर्गत रहने सबै अधिकारलाई अंगीकार र एकीकरण गर्न जरुरी हुन्छ । केन्द्रीय, क्षेत्रीय र स्थानीय तहका सरकारी निकाय र कार्य पद्धतिमा बालबालिकाका सबाल, चाहना र भावनालाई एकीकृत गर्नका लागि तत्तत् शासकीय इकाईमा बाल सरोकारलाई योजना तर्जुमादेखि कार्यान्वयन, अनुगमन र मूल्याङ्कनसम्मका चरणमा एकीकृत गरिनु पर्दछ । यस्ता प्रयासले नीतिगत, संस्थागत र प्रक्रियागत पक्षहरुलाई समष्टिगत रुपमा समेट्नु पर्दछ । यस संभागले विभिन्न तहहरुबाट संचालन हुने बालबालिकासँग सम्बन्धीत विभिन्न क्रियाकलापहरुको पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्ने पद्धतिको सुदृढीकरण समेत गर्नुपर्दछ ।

हाल सम्मका उपलब्धिहरु

- सन् २००२ देखि २००७ सम्मः डिपिसिपी, डकाउ कार्यक्रम संचालन
- २००७: काभ्रे जिविस र बिराटनगर उप महानगरपालिकामा बालमैत्री स्थानीय शासन नमुनाको रुपमा संचालन गर्ने स्था वि म को निर्णय ।
- २००७/०८: नेपालको ३ वर्षे अन्तरिम योजनामा बालमैत्री स्थानीय शासन सम्वन्धी विषय समावेश
- २००८: युनिसेफ/नेपाल सरकारको राष्ट्रिय कार्यक्रम कार्ययोजना/CIPAP (२००८ देखि २०१०) मा बालमैत्री स्थानीय शासन सम्वन्धी विषय समावेश ।
- २००८: युनिसेफ, स्था वि म को बालमैत्री स्थानीय शासन प्रवर्द्धन प्रयासमा वर्ल्ड भिजन ईन्टरनेसनल, नेपाल संग साझेदारीको प्रारम्भ ।
- २००८: स्थानीय विकास मन्त्रालयको स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम (एल्जीसीडीपी) मा बालमैत्री स्थानीय शासन सम्वन्धी कार्यक्रम समावेश
- २००८: बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि स्थानीय विकास मन्त्रालयका सचिवको अध्यक्षतामा राष्ट्रिय कार्यदल गठन र यसको अवधारणा तयार ।
- २००८: काभ्रे, सुनसरी, तनहुँ र दाङ्ग जिविस तथा बिराटनगर नगरपालिकामा बालमैत्री स्थानीय शासन सम्वन्धी जिल्लास्तरीय अभिमुखीकरण गोष्ठी सम्पन्न
- २००८: यस कार्यक्रममा युनिसेफ, वर्ल्ड भिजन, सेभ द चिल्ड्रेन र प्लान सहभागि भएको एक कन्सोरटियम गठन ।

- २००९: युनिसेफ/स्थाविम को वार्षिक कार्ययोजना २००९ मा बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम समावेश ।
- २००९: बालमैत्री स्थानीय शासन राष्ट्रिय ढाँचा र कार्यक्रम कार्यान्वयन कार्यविधि तर्जुमा ।
- २००९: बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम संचालन गर्न स्थानीय निकायहरुको प्रतिवद्धता प्राप्त भएको र सोही अनुसार कार्यान्वयन भैरहेको ।
- २०१०: जुम्ला, डडेलधुरा, सप्तरी, पाँचथर र मोरङ जिल्लामा बालमैत्री शासन सम्बन्धी २ दिने अभिमुखिकरण कार्य सम्पन्न गरिएको ।
- २०१०: तनहुँ जिल्ला विकास समितिले बालमैत्री शासन सम्बन्धी ३ दिने पश्चिमान्चलस्तरीय क्षेत्रीय कार्यशाला गोष्ठी आयोजना गरेको
- केन्द्रीय बाल कल्याण समितिको सहयोगमा केही जिल्लाहरुमा नमुनाको रुपमा बालमैत्री कार्यक्रम संचालन गरिएको ।
- हालै विकेन्द्रीकरण कार्यान्वयन तथा अनुगमन समितिको चौथो वैठकले गै स स एवं दात्री संस्थाका कार्यक्रमहरु कार्यान्वयन गर्दा स्थानीय निकायसंग समन्वय गरी कार्यान्वयन गनुपर्ने निर्णय गरेकोछ, यसवाट स्थानीय स्तरमा समन्वय भै एकीकृत वालविकास योजना तर्जुमामा सहयोग पुग्न जानेछ ।

बालसहभागिता

१) पृष्ठभुमी

१.१) परिचय

सहभागिता भनेको के हो भनेर वुझ्नको लागि यसको अन्तरवस्तुका वारेमा जानकारी राख्नु आवश्यक हुन्छ । अन्तरवस्तु भन्नाले यसका अन्तरनिहित तत्वहरुलाई भन्न खोजिएको हो । सहभागिताका खास अन्तरवस्तुहरुमा सम्बन्धीत कार्य प्रक्रिया, त्यसको लक्ष्य, विषयवस्तुसंगको आत्मियता र अतरसम्वन्ध भन्ने वुझिन्छ । साथै कुनै पनि विषयमा छलफल गर्ने र आवश्यक निर्णय लिने प्रक्रिया र यसको नतिजालाई आत्मसात गर्ने तथा अपनत्व लिने, निर्णय कार्यान्वयनका लागि सम्बन्धीत पक्षहरुको क्षमता विश्लेषण, क्षमताको फासला (Gap) पत्ता लगाउने र यस्तो फासला कम गर्न लिनु पर्ने रणनीत, कार्य प्रक्रिया, सीप तथा क्षमता विकास पनि सहभागिताका विषयहरुमा पर्दछन् । यसरी सामुहिक अग्रसरता र आपसी विश्वास, समझदारी र सहकार्यवाट सामुहिक हितका लागि गरिने कार्य प्रक्रियानै सहभागिताका खास अन्तरवस्तु का रुपमा रहेका छन् ।

यस अर्थमा निश्चित लक्ष्य तथा उद्देश्यका लागि गरिने कुनैपनि कार्यको तयारी, निर्णय, कार्यान्वयन, संचालन र उपभोग प्रक्रिया तथा तत्सम्वन्धी क्रियाकलाप तथा गतिविधिहरुलाई अनुकुल प्रभाव पार्न सम्बन्धीत सझेदार, सरोकारवाला र लक्षित वर्गले निभाउने भूमिकालाई सहभागिता भनि वुझ्नु सान्दर्भिक हुन आउछ ।

१.२) बाल सहभागिता के होः

बालवालिकाको हितको लागि गरिने कुनैपनि कार्य, यसको निर्णय प्रकृया तथा गतिविधि र क्रियाकलापमा सहकार्य गरी उनीहरुको आवाज मुखरित गर्ने र सम्बन्धीत पक्षलाई यस्तो आवाजको सुनुवाई गरी गराई निर्णयमा प्रभाव पार्न बालबालिकाहरुले निभाउने भूमिकालाई बाल सहभागिता भनि वुझ्नु पर्दछ । बालसहभातिलाई रोजर हार्टले यसरी परिभाषित गरेका छन्:

"बाल-बालिकाहरूको सहभागिता भनेको खालि तिनलाई आफ्नो आवाज मुखरित गर्न दिनु मात्र होइन, बरू वयस्कहरूले तिनका कुरा सुन्नु पनि हो "– रोजर हार्ट

१.३) बाल सहभागिताको उद्देश्यः

देहायका विषयहरुमा बालबालिकालाई सहयोग पुर्‍याउनु बाल सहभागिताको उद्देश्यहरु रहेको छः

१. बालबालिकालाई समुह, संघसंस्था खोल्न पाउने लगायतको स्वतन्त्रता प्रदान गर्ने,
२. आफूलाई प्रभावपार्ने सवालको निर्णय प्रकृयामा बालबालिकाको उचित संलग्नता गराउने,
३. बालबालिकाको हितको लागि गरिने कार्यहरुमा बालवालिकाको प्रतिनिधित्व गराउने, उनीहरुलाई अभिव्यक्ति स्वतन्त्रता प्रदान गर्ने, परामर्श तथा छलफल गर्ने र निर्णय प्रक्रियालाई अनुकुल प्रभाव पार्ने,
४. बालबालिकालाई सूचनाको पहुँच वृद्धि गर्ने,

५. बालबालिकाको क्षमता विकास गर्ने र उनीहरुको लागि तयार गरिएका कार्यक्रम तथा क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन गर्ने,
६. बालबालिकालाई वयस्क जीवनका लागि तयार गर्ने,
७. बालबालिकामा दायित्वबोधको विकास गर्ने,

२) बालबालिका तथा किशोरकिशोरीहरूको सहभागिता

२.१) बालबालिका तथा किशोरकिशोरीहरूको उमेर समूह

उमेर समूहको हदलाई आधार मानेर बालबालिका तथा किशोरकिशोरीहरुलाई परिभाषित गर्ने गरेको पाईन्छ । विभिन्न अवस्थामा बालबालिका तथा किशोकिशोरीलाई देहाय वमोजिम परिभाषित गरिएको छः

<u>बालबालिका</u>

- बाल अधिकार महासन्धि, १९८९: बालबालिका भन्नाले ० देखि १८ वर्षसम्मका बालबालिका भन्ने वुझिन्छ ।
- बालबालिका सम्बन्धी ऐन, २०४८: बालक भन्नाले १६ वर्षको उमेर पूरा नगरेको बालबालिका सम्झनु पर्छ ।

<u>किशोरकिशोरी</u>

- विश्व स्वास्थ्य सङ्गठन: किशोरकिशोरी भन्नाले १० देखि १९ वर्षसम्मका व्यक्तिलाई वुझिन्छ ।
- युनिसेफ/MTSPM किशोरकिशोरी भन्नाले १० देखि १८ वर्षसम्मका व्यक्तिलाई जनाउछ ।
- ग्लब्ब १९९५: युवायुवती भन्नाले १५ देखि २४ वर्षसम्मका व्यक्तिलाई जनाउछ ।

निश्चित उमेर समुहका आधारमा बालबालिका तथा किशोरकिशोरीलाई परिभाषित गरिए तापनि उनीहरुसंग सम्बन्धीत विषयका निर्णय प्रक्रिया तथा गतिविधिहरूलाई प्रभाव पार्ने कार्यमा प्रत्यक्ष रुपमा सलग्न हुने परिपाटिलाई बालबालिका तथा किशोरकिशोरीहरूको सहभागिता भनि व्याख्या गर्ने गरिएको छ । यस अर्थमा बाल सहभागिताका लागि देहायका विषयहरु महत्वपूर्ण रहेका छन्:

- बाल-बालिकाहरूका कुरा वयस्कहरूले सुन्नु तथा त्यसप्रति ध्यान दिनु,
- बाल-बालिकाहरूले आफ्ना विचार तथा चासो व्यक्त गर्नु,
- योजना तर्जुमा, निर्णय, यसको व्यवस्थापन, कार्यान्वयन तथा अनुगमन मूल्याङ्कनमा बाल-बालिकाहरू संलग्न हुनु,
- निर्णय गर्ने प्रक्रियामा बाल-बालिकाहरू संलग्न हुनु,
- बाल-बालिकाहरूद्वारा पहल र प्रक्रियाको जिम्मेवारी वहन गर्ने अवसर प्राप्त गर्नु ।

२.२) बाल सहभागिताको आवश्यकता

बालसहभागिता बाल अधिकारको एक महत्वपूर्ण पक्ष रहेको र यो आफैमा मानव अधिकारको एक अंगको रुपमा रहेको हुदा मानव अधिकार संरक्षणको लागि यसले साधन को रुपमा समेत काम गर्न सक्दछ, त्यसैले बाल सहभागिताको आवश्यकता महशुस गरिएको हो । यसले मूलतः देहायका पक्षमा सहयोग पुर्‍याउदछः

- बालबालिकाको आत्म विश्वास वढाउन,
- बालअधिकारको प्रभावकारिता तथा संरक्षणमा दिगोपना ल्याउन,
- समुदायको विकासमा बालबालिकाहरुको संलग्नता वढाउन र उनीहरुलाई अवसर प्रदान गर्न,
- बालबालिकाको लागि लगानी सुनिश्चित गर्न,
- लगानीको उचित प्रतिफल प्राप्त गर्न,
- बाबालिकासंग सम्बन्धीत योजना तथा क्रियाकलापको प्राथमिकता निर्धारण गर्न,
- बालबालिका तथा वयस्क विच साझेदारीको सम्वन्ध विकास गर्न,
- जीवनोपयोगी सीप अभिवृद्धि गर्न र आत्म-संरक्षणका लागि सक्षम वनाउन,
- स्थानीय स्वायत्त शासन र प्रजातान्त्रिक मूल्य मान्यताको विकास तथा विस्तार गर्न,
- सक्षम, सवल र सह अस्तित्वमा आधारित नागरिक समाजको विकास गर्न,
- बालमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्न ।

२.३) बालसहभागिताका पक्षहरु

(१). विचार तथा अभिव्यक्तिको स्वतन्त्रता र अवशर

- आफूसँग सम्बन्धीत विषयमा आफ्नो धारणा विकास गर्न सक्षम बनाउनु र यस्तो अवसको प्रयोग गर्न पाउनु,
- स्वतन्त्रपुर्वक आफ्नो बिचार व्यक्त गर्न पाउने अवसर प्रदान गर्नु,
- बालबालिकाको विचारको सम्मान गर्नु र निर्णय प्रक्रियामा यस्ता विचारको कदर गर्नु,
- बाल अभिव्यक्तिको लागि वातावरण प्रदान गर्नु,
- सही सूचना तथा जानकारी प्राप्त गर्ने अवसर प्रदान गर्नु ।

(२) बालबालिकाको सूचना, जानकारीमा पहूँच:

- सही सूचना प्राप्त गर्ने र यसको प्रयोग गर्ने अवसर प्राप्त हुनु,
- सूचनाको विश्लेषण गरी त्यसलाई उपयोग गर्न क्षमता विकास गर्नु,
- यसवाट प्राप्त हुने प्रतिफल वारे अन्तरर्क्रिया तथा सूचना आदान प्रदान गर्ने अवस्था प्राप्त गर्नु ।

(३) समूह वा संघसंस्थामा आबद्ध हुन पाउनु:

- बालबालिकाको संगठीत हुने अधिकार संरक्षण र उपयोग गर्ने,
- संगठीत र संस्थागत रुपमा बालबालिकाको विचार बिचार सुन्ने खवसर प्राप्त हुनु,
- बालबालिकाको उच्चतम हितको सम्मान गर्नु ।

२.४ बालसहभागिताले कसरी बालवालिकालाई सहयोग गर्न सक्छ ?

१. बालबालिकाहरुमा नयाँ सीप प्राप्त गर्ने अवशर दिन्छ,
२. बालबालिकाको आत्मविश्वास वढाउछ र आत्मसम्मानको अवसर दिन्छ,
३. बालबालिकाको सक्रियता वढाउछ

४. अधिकारको शोषण र बेवास्तासँग जुध्न शसक्त वनाउछ
५. बालबालिकाका आफ्ना कुराहरु वयस्क संग राख्ने अवसर पाउछन्,
६. वयस्कहरुले गरेको कामका विषयमा समेत विश्लेषण गर्ने अवशर पाउनेछन्
७. बालबालिकाको अनुभवले व्यवहारिक निर्णय गर्न सहयोग पुग्दछ,
८. बालबालिकाका मुद्दाहरु वयस्कले सुन्ने र वुझ्ने अवसर पाउनेछन्,
९. बाल सहभागिताले काम गर्ने वातावरणलाई रमाईलो वनाउछ
१०. विभिन्न वातावरण, अनुभव र उमेरका बालबालिकासँग भेट्ने र अन्तरकृया गर्ने अवसर प्राप्त हुन्छ,
११. बालमैत्री स्थानीय शासन प्रवर्द्धनमा सहयोग पुग्दछ ।

२.५) बालसहभागिताका लागि प्रवेश विन्दु

- समुदाय,
- विद्यालय (विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक संघ, विद्यार्थी संगठनहरु)
- स्वास्थ्य व्यवस्थापन समिति
- गाविस (योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, समीक्षा, मुल्यांकन)
- नगरपालिका योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, समीक्षा, मुल्यांकन)
- जिविस (जिल्लास्तरीय गतिविधिहरु-जिल्ला बाल संजाल, जिल्ला वाल कल्याण समिति)



३)अर्थपूर्ण बाल सहभागिता

३.१) अर्थपूर्ण बाल सहभागिताका मुख्य विषयहरु

देहायका विषयहरुलाई अर्थपूर्ण बाल सहभागिताका मुख्य विषयवस्तुका रुपमा लिईएको छ:

- आफ्ना सरोकारका विषयमा बालबालिकाले वोल्न पाउनु र उनीहरुले वोलेका कुराहरु निर्णयकर्तालाई वुझाउन सक्ने अवसरको सुजना गर्नु ।

- बालबालिकाले वोलेका कुराहरु निर्णयकर्ताले सुन्नु र यसलाई ग्रहण गर्नु ।
- बालबालिकाले वोलेका कुराहरु सम्वोधन हुने गरी निर्णय गर्नु ।
- बालबालिकासंगको सहकार्यमा बाल अधिकारका समग्र पक्ष र बालमैत्री स्थानीय शासन सम्बन्धी खोज तथा अनुसन्धान गर्नु ।
- बालमैत्री योजना तर्जुमा गर्नु ।
- बालमैत्री स्थानीय शासन सम्वन्धी पैरवी गर्नु ।
- बालबालिका संग सम्वन्धित योजनाहरु बालबालिकाको संस्थागत सहभागितामा कार्यान्वयन गर्नु ।
- अनुगमन तथा मुल्याङ्कन प्रक्रियामा बालबालिकाको संस्थागत सहभागिता रहनु ।
- बाल सरोकारका विषयमा बालबालिकाले नेतृत्व लिने अवसर प्राप्त गर्नु ।
- कार्यक्रम सहजीकरण र व्यवस्थापनमा बालबालिकासंग परामर्श गर्नु ।
- स्रोत पहिचान तथा परिचालन कार्यमा बालबालिकासंग परामर्श गर्नु ।
- बालमैत्री स्थानीय शासनका सिकाईलाई व्यवहारमा रुपान्तरण गर्नु ।

३.२) अर्थपूर्ण बाल सहभागिताको लागि ध्यान दिनुपर्ने विषयहरु

- **क्षमता विकासः** अर्थपूर्ण बाल सहभागिताको लागि बालबालिकाको क्षमता विकासको पक्षमा समेत ध्यान दिनु पर्ने हुन्छ । यसको लागि नेतृत्व विकास तालिम, सीप विकास तालिम, वैठक, गोष्ठी तथा अन्तरक्रिया जस्ता कार्यक्रमहरु संचालन गर्नू पर्दछ । साथै बाल क्लव, संजाल जस्ता संस्थागत विकास क्षमताको सुदृढीकरण–क्षमता अभिवृद्धि ।
- **अवसरको उपलव्धताः** हाम्रो समाजमा बालबालिकालाई निर्णय प्रक्रियामा सहभागि हुने अवसर कमै मात्र दिने चलन रहेकोछ । त्यसैले बाल सहभागिताको लागि अवसर प्रदान गर्नु आवश्यक छ । यसको लागि बाल क्लब तथा बाल सञ्जालहरूलाई सुदृढ र सक्षम वनाउनु आवश्यक छ । यस्ता बाल संजालका प्रतिनिधिहरुलाई विभिन्न कार्यक्रममा सहभागी हुने अवसर प्रदान गर्दै गएमा उनीहरुको क्षमता विकास हुदै जान्छ जसले गर्दा उनीहरुको सहभागिता वढ्दै जान सक्दछ ।
- **सहभागिताको बातावरणः** बालबालिकाहरूले आफ्नो कुरा राख्ने र उनीहरुले बोलेका कुराहरु वयस्कहरूले सुन्ने वातावरण मिलाउनु पर्दछ । उनीहरुलाई सुरक्षित तवरले सहयोग उपलब्ध गराउने खालको वातावरण वयस्कहरुले मिलाउने पर्दछ । यस्तै परिवार, विद्यालय, समुदायका दौँतरी तथा वयस्कहरूसंगको सकारात्मक सम्बन्धले सहभागिता वृद्धि गर्न सहयोग पुऱ्याउदछ । बाल क्वल र संजालहरुवीचको अन्तरक्रिया, वैठक, अनुभव आदान प्रदान गर्ने अवसर सृजना गरेमा सहभागिताको वातावरण अझ राम्रो वन्न सक्छ । यसका लागि बालमैत्री नीति तथा कार्यक्रम र स्रोत परिचालन जस्ता विषयहरुले असर गरेका हुन्छन । त्यसैले बालमैत्री नीति निर्माण गर्ने र बालमैत्री स्थानीय शासनका लागि लगानी योजना सुनिश्चित गर्ने कुरामा विशेष ध्यान दिनु पर्दछ ।

४) बालसहभागिताको वातावरण

बालसहभागिताको वातावरण मिलाउन भुमिका खेल्न सक्ने र खेल्न पर्ने निकायहरुः

- परिवार
- समुदाय
- विद्यालय (शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षा कार्यालय)
- स्वास्थ्य संस्था

- धार्मिक संस्था
- सांस्कृतिक सङ्गठन
- बाल क्लब/बाल सञ्जाल
- सञ्चार माध्यम
- न्याय प्रणाली
- राजनीतिक दल
- स्थानीय निकाय (जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समिति)
- स्थानीय तथा राष्ट्रियस्तरका अन्य निकायहरु

५) बाल सहभागिताका अवधारणागत ढाँचा

५.१) सहभागिताको भ्याङ (रोजर हार्ट, सन् १९९२)



५.२) ल्यान्सडाउन ढाँचा

गेरिसन ल्यान्सडाउनले सन् २००० मा बाल सहभागितासम्बन्धी तीनथरी अवधारणा वनाएका छन्:

- अवधारणा १: परामर्श (वयस्कद्वारा शुरू गरिएको, वयस्कद्वारा नेतृत्व गरिएको, वयस्कद्वारा नियन्त्रण गरिएको) ।
- अवधारणा २: सहभागिता (वयस्कद्वारा शुरू गरिएको, बाल-बालिकाहरूले प्रक्रियामा भाग लिन सक्दछन् र प्रतिफललाई चुनौती दिन सक्दछन्) ।
- अवधारणा ३: आत्म-पैरवी (बाल-बालिकाहरूले आफ्नो सरोकारका मुद्दाहरूको पहिचान गर्दछन् र नेतृत्व गर्दछन्, वयस्कहरूले सहयोग उपलब्ध गराउँदछन्) ।

बालमैत्री स्थानीय शासनको लक्ष्य, उद्देश्य तथा सिद्धान्तहरु

१) लक्ष्य

बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलाई नेपाल सरकारले अनुमोदन गरेको हुनाले उक्त सन्धि नेपालको कानुन सरह मानिन्छ । नेपालको अन्तरिम संविधान २०६३ ले बाल अधिकारलाई मौलिक अधिकारको रुपमा व्यवस्था गरेको छ । बालबालिका सम्बन्धी ऐन २०४८ कार्यान्वयनमा रहेको छ । बाल अधिकारको सम्मान गर्दै उनीहरुको विकासको लागि राज्य तथा गैर राज्य पक्षले निर्वाह गर्नुपर्ने भूमिका र दायित्वलाई संविधान, कानुनमा लिपिबद्ध गरिएको हुन्छ । संविधान र कानूनमा व्यवस्था गरिएका कुराहरुलाई व्यवहारमा उतार्न सकेमात्र कानुनको पालना गरेको मानिन्छ । यस सन्दर्भमा बालमैत्री स्थानीय शासनको प्रवर्द्धनबाट बाल अधिकार प्राप्त भै बालबालिकाको लागि आवश्यक सेवाको उपलब्धता र गुणस्तरमा उल्लेखनीय सुधार भै सेवाको सुनिश्चतता कायम हुनुनै बालमैत्री स्थानीय शासनको लक्ष्य हो ।

२) उद्देश्य

स्थानीयस्तरका सबै क्षेत्र र तहका निकायहरुको नीति, संरचना, प्रणाली र कार्य प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिताको माध्यमबाट उनीहरुका अधिकार सम्बन्धी सबालहरुलाई मूलप्रवाहीकरण गरी बालमैत्री शासन प्रणालीको प्रवर्द्धन गर्दै देहायका नतिजाहरु प्राप्त गर्न सहयोग पुऱ्याउनु यसको उद्देश्य हुनेछ ।

(१) बालबालिकाहरु सुरक्षित भई बाँच्न पाउने हकको प्रवर्द्धन ।
(२) बालबालिकाहरुको संरक्षण सम्बन्धी हकको प्रवर्द्धन ।
(३) बालबालिकाहरुको विकास सम्बन्धी हकको प्रवर्द्धन ।
(४) बालबालिकाको लागि आधारभूत सेवा प्रवाह र योजना तर्जुमासम्बन्धी निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता तथा उनीहरुको आवाजको सुनुवाई ।

राज्य संचालनमा केन्द्रदेखि स्थानीय तह सम्म विभिन्न निकायहरु छन् । नेपालको सर्न्दभमा केन्द्र, क्षेत्र, अंचल, जिल्ला, ईलाका र गाविस तहका निकायहरु छन् । केन्द्र स्तरमा मन्त्रालय, विभाग, संवैधानिक निकाय रहेका छन् । क्षेत्रीय स्तरमा ५ वटा विकास क्षेत्रमा क्षेत्रीय निर्देशनालयहरु र संवैधानिक निकायका कार्यालयहरु, अञ्चलस्तरमा मन्त्रालय र संवैधानिक निकाय मातहतका निकाय, जिल्ला, ईलाका र गाविस तहमा मन्त्रालय मातहतका निकाय छन् । सरकारको काममा सहयोग पुर्याउन स्थानीयस्तरमा गैर सरकारी संस्था, सामुदायिक संस्था समेत गठन भई क्रियाशील रहेका छन् । जिल्ला तह र सो भन्दा तलका निकायलाई सामान्यत स्थानीयस्तरका सेवा प्रदायक भन्ने गरिन्छ । तर, स्थानीय स्वायत्त शासन ऐन २०५५ ले जिल्ला विकास समिति (७५), गाउँ विकास समिति (३९१५) र नगरपालिका (५८) लाई स्थानीय निकायको रुपमा व्याख्या गरेको छ । तथापि, गाविस र नगरपालिकास्तरमा रहेका शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, महिला विकास लगायत अन्य निकाय पनि स्थानीय तहका निकाय नै हुन ।
जनताको (बालबालिका समेत) सबैभन्दा नजिकको, सबैभन्दा भरपर्दो, विश्वासिलो सरकार भनेकै स्थानीय तहका निकायहरु हुन् । जसले जनताका इच्छा, चाहना, सवाल र समस्यालाई नजिकबाट नियालीरहेको हुन्छ ।

३) निर्देशक सिद्धान्त

३.१ गैरविभेदीकरण

प्रत्येक बालबालिकालाई धर्म, वर्ण, जात, जाति, लिङ्ग, उमेर-समुह, उत्पत्ति, भाषा, सामर्थ्य, शारीरिक वा मानसिक अवस्था, पारिवारिक हैसियत, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा यी मध्ये कुनै कुराको आधारमा कुनै प्रकारको भेदभाव गरिने छैन । (नेपालको अन्तरिम संविधान २०६३)
विनाभेदभाव (गैरविभेद) भन्नाले : प्रत्येक बालकको अधिकारको सम्बन्धमा बालकको वा उसको बाबु आमाको वा बैधानिक अभिभावकको जाति, रंग, लिङ्ग, भाषा, धर्म, राजनैतिक वा अन्य विचारहरु राष्ट्रिय, जातीय वा सामाजिक उत्पति, सम्पती, अशक्तता वा अन्य हैसियतका आधारमा भेदभाव नगरी सहयोगको माध्यमबाट गरिने व्यवहारलाई बुझिन्छ । (बालअधिकार महासन्धि) ।

द्रष्टव्य : नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसाँस्कृतिक देश हो । प्रत्येक समुदाय, जातजातिहरुको समानुपातिक, समावेसी, समतामूलक, सन्तुलित र न्यायसँगत प्रगति हुन सके मात्रै मुलुकमा दिगो शान्ति र उन्नति प्रत्याभूत हुन्छ ।

नेपालको अन्तरिम संविधान २०६३ अनुसार नेपाललाई धर्म निरपेक्ष राष्ट्रको रुपमा मानेको छ । अन्तरिम संविधानले प्रचलित सामाजिक एवं सास्कृतिक परम्पराको मर्यादा राखी परम्परादेखि चलिआएको धर्म मान्ने हकको प्रत्याभुति गरेको छ । जातजातीको आधारमा नेपालमा १०० भन्दा बढी जातजाति रहेका छन् । यसै गरी उनीहरुले बोलिने भाषा करीव ९२ प्रकारका छन् । जातजाति मध्ये कोही अति सिमान्तकृत, कुनै लोपोन्मुख कुनै आर्थिक रुपमा अति विपन्न वर्गमा पर्दछन् । भौगोलिक रुपमा हिमाल, पहाड, तराई, विकसित शहरी क्षेत्र, पछाडि परेका ग्रामिण क्षेत्र आदि छन् । शासन संचालन गर्दा, परिबारमा, विद्यालयमा, समुदायमा वा समाजमा, सरकारी तथा गैर सरकारी निकायले माथिका कुनै पनि आधारमा भेदभाव नगर्नु, नगरिनु नै गैर विभेदीकरणको सिद्धान्त मान्न सकिन्छ ।

३.२ बालबालिकाको सर्वोत्तम हित

बालबालिकाको सर्वोत्तम हित भन्नाले कुनै पनि कार्य गर्दा, निर्णय गर्दा, नीति वा योजना वनाउदा वा कार्यान्वयन गर्दा त्यस्तो कार्यले बालबालिकाको सर्वोपरी हित गर्दछ वा गर्दैन तथा बाल अधिकारका ४ वटा खम्वाहरुलाई सम्मान, संरक्षण एवं प्रवर्द्धन गर्न कस्तो प्रकारको सहयोग पुऱ्याउछ भनी जाँच गर्ने कसीको रुपमा लिन सकिन्छ । बालबालिकाहरुको अधिकारको प्रयोगको सिलसिलामा उनीहरुको उदयोन्मुख व्यक्तिगत क्षमतासंग मेल खाने किसिमबाट बाबु आमा वा स्थानीय परम्पराले दिए अनुसार परिबार वा समुदायको वा बालबालिकाका लागि कानूनी रुपमा जिम्मेबार व्यक्तिले उपयुक्त निर्देशन र मार्गदर्शन प्रदान गर्नु बालबालिकाको सर्वोत्तम हितसंग जोडिएको छ । बालमैत्री स्थानीय शासन राष्ट्रिय खाका र कार्यविधिमा शासन संचालनका हरेक प्रक्रियामा बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राख्नका साथै सार्वजनिक तथा निजी सेवा प्रवाह, विकास गतिविधि, समाज तथा घरपरिवारमा समेत बालबालिकाको अधिकार सुनिश्चित गर्न अभिप्रेरित गरिने कुरा उल्लेख गरिएको छ ।

३.३ बालबालिकाको सर्वाङ्गीण विकास

बाल वचाउ र विकासको सन्दर्भमा जिउने र उनीहरुको सर्वाङ्गीण विकासको उच्चतम् अधिकार रहने कुराको सुनिश्चितता गर्न कुनैपनि बालबालिका जन्मेपछि निजको नाम र जन्म दर्ताको अधिकार, अभिव्यक्तिको

स्वतन्त्रता, राष्ट्रियताको अधिकार, बालश्रम विरुद्धको अधिकार, हेरचाह र पालनपोषणको अधिकार, स्वास्थ्यको अधिकार, आराम गर्न पाउने अधिकार, खेलकुद, मनोरञ्जन एवं सांस्कृतिक अधिकार तथा शिक्षा र संरक्षकत्वको अधिकार सुनिश्चित गर्न अभिप्रेरित गरिने विषय बालबालिकाको सर्वाङ्गीण विकाससंग जोडिएको छ ।

३.४ बालबालिकाको विचारको सम्मान र सहभागिता

बालबालिकासँग सम्बन्धीत सबालहरुमा स्थानीय तहको योजना चक्रका हरेक चरणमा बालबालिकालाई परिपक्वता र क्षमताका आधारमा संलग्न हुन पाउने अधिकारको साथै बालबालिकाले अभिव्यक्त गरेको विचारलाई सम्मान गर्ने प्रणालीको विकास गरिने विषयले बालबालिकाको विचारको सम्मान र सहभागीतालाई सुनिश्चितता गरेको पुष्टि गर्दछ ।

३.५ सन्निकटताको सिद्धान्त

बालबालिकासंग सम्बन्धीत विषयमा निर्णय गर्दा वा वस्तु तथा सेवा प्रवाह गर्दा बालबालिका रहेको सबैभन्दा नजिकको स्थानवाट गरिनु पर्दछ । स्थानीय निकाय, स्थानीयस्तरका विषयगत कार्यालय तथा गैरसरकारी संघ–संस्थाहरु, नागरिक समाज, सामुदायिक संस्था जस्ता संस्थाले बालबालिकाको नजिकमा रहेर स्थानीय अवस्था र आवश्यकता अनुसार सेवा प्रवाह गर्ने पद्धतिलाई सन्निकटताको सिद्धान्त भनिएको छ ।

३.६ समावेशीकरणको सिद्धान्त

समावेशीकरणको सिद्धान्त अनुसार प्रत्येक तह, लिङ्ग, वर्ग, क्षेत्र र क्षमताका बालबालिकाहरुलाई बाल सरोकार सम्बन्धी स्थानीय शासन प्रणालीका हरेक पक्षहरुमा समान रुपमा समावेश हुन पाउने प्रणालीलाई समावेशीकरणको सिद्धान्त भनिन्छ । स्थानीय शासन र विकास सम्बन्धी र बालबालिकाको विकाससंग सम्बन्धीत गतिविधिका हरेक पक्षमा समावेशीकरणको अवधारणालाई अंगीकार गरिनेछ ।

३.७ समुदायमा आधारित विकासको सिद्धान्त

समुदाय र स्थानीय निकायको सक्रिय सहभागितामा समुदाय आफैले विकासका क्रियाकलाप संचालन गर्ने पद्धतिलाई समुदायमा आधारित विकासको सिद्धान्त भनिन्छ । बालमैत्री स्थानीय शासनको प्रवर्द्धन र विकासका लागि समुदायलाई प्रमुख अङ्गको रुपमा बालमैत्री शासनको राष्ट्रिय रणनीति ढाँचाले लिएको छ । यसको संचालन हुने र यस ढाँचामा आधारित भई स्थानीयस्तरमा आवश्यक कार्यविधि तथा कार्यान्वयन व्यवस्था स्थानीय तहमै मिलाउन सकिनेछ ।

४) रणनीतिहरुः

मुलुकका सम्पूर्ण बालबालिकालाई बांच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकार सुनिश्चित हुने गरी समावेशी र समतामूलक समाजको स्थापनामा स्थानीय शासन पद्धतिलाई सुदृढ, सक्षम र जवाफदेहीयुक्त तुल्याउनु नै बालमैत्री स्थानीय शासन व्यवस्थाको रणनीतिक सोच हुनेछ । बालमैत्री स्थानीय शासन कुनै कार्यक्रम वा आयोजना नभई यो एक अवधारणा र प्रक्रिया मात्र हो । त्यसैले यसको उद्देश्य प्राप्तिका लागि देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ :

४.१) मूलप्रवाहीकरण

(१) बाल अधिकारको बिषयलाई स्थानीय निकायको नीति, योजना, कार्यक्रम र कार्यपद्धतिमा समाहित गर्ने ।

(२) बालमैत्री तरिकाले योजना तथा कार्यक्रम संचालन भए नभएको, अपेक्षित उपलब्धि हासिल भए नभएको सम्बन्धमा परीक्षणको विधि अवलम्बन गर्ने ।

४.२) नीतिगत वकालत पैरबी र सचेतना

(१) नेपाल सरकार एवं स्थानीय निकायका नीति निर्माण एवं विकास प्रयासमा बालबालिकाको हकहितलाई स्थापित गराउन नीतिगत वकालत गर्ने ।

(२) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम संचालन गर्न स्थानीय निकायले आवश्यक पर्ने विनियम, कार्यविधि र निर्देशिका तर्जुमा गरी कार्यान्वयन एवं अनुगमन मूल्याङ्कन गर्ने गराउने ।

(३) विद्यमान कानुनलाई बालमैत्री अनुकूल हुनेगरी संशोधन गर्न सघाउ पुऱ्याउने ।

(४) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम संचालनको लागि केन्द्रीय तथा स्थानीयस्तरबाट लगानीको वातावरण तयार गर्ने ।

(५) स्थानीय, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय विकास मञ्चहरुमा बालमैत्री शासनको अवधारणालाई रुपान्तरण गर्न पहल गर्ने ।

(६) यस सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा स्थानीयस्तरमा भएका सन्धि, सम्झौता, कानुन एवं नीतिगत प्रावधानहरुको सम्प्रेषण गर्ने ।

४.३) संस्थागत विकास

(१) बालमैत्री स्थानीय शासन पद्धतिको विकासका सन्दर्भमा गाउँ विकास समिति र नगरपालिकाहरुलाई प्रमुख रुपमा उत्तरदायी संस्थाको रुपमा विकास गर्ने र जिल्ला विकास समितिले नीतिगत र संस्थागत समन्वयकारी भूमिका निर्वाह गर्ने प्रणालीको विकास गर्ने ।

(२) स्थानीय निकाय र समुदायस्तरमा बालमैत्री शासनको लागि आवश्यक संस्थागत संयन्त्रको विकास गर्ने । गाउँ बाल संरक्षण समिति र बालमैत्री स्थानीय शासन जिल्ला/न.पा/गा.वि.स.को संस्थागत क्षमता विकास गर्ने ।

(३) बालमैत्री स्थानीय शासनको प्रवर्द्धनका लागि विभिन्न तह र क्षेत्रका शासकीय इकाइहरुमा सांगठनिक व्यवस्था मिलाउने ।

(४) बालबालिकाका संस्थाहरु सूचीकृत गर्ने, संजाल निर्माण गर्ने र साथै उनीहरुको क्षमता विकासमा प्रोत्साहन गर्दै स्थानीय तहमा अनौपचारिक संयन्त्र निर्माण गरी बालबालिका सम्बन्धी सवालहरुलाई प्रकाशमा ल्याउने ।

(५) स्थानीयस्तरमा खडा भएका स्वास्थ्य संस्था व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति, स्थानीय बाल संजाल, खानेपानी, सामुदायिक बन, सामुदायिक संस्था जस्ता समूहहरु, गैरसरकारी संस्था जिल्ला संजाल जस्ता निकायहरुका बीचमा सामन्जस्य कायम गरी यस रणनीतिमा उल्लेख भएका सूचकहरु प्राप्तिका लागि संस्थागत र प्रणालीगत विकास गर्ने ।

(६) स्थानीय शान्ति समिति वा अन्य समुदायमा आधारित बाल संरक्षण प्रणालीहरु जस्तै प्यारा–लिगल कमिटि वा यस्तै प्रकृतिका अन्य संस्थाहरुलाई यस प्रक्रियामा आबद्ध गर्ने ।

(७) बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने संरचनाहरुमा बाल प्रतिनिधित्वको संस्थागत व्यवस्था मिलाउने ।

४.४) क्षमता विकास

बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि :

(१) विभिन्न तहका साझेदार र सहयोगीहरुबीच कार्यगत संजाल निर्माण गर्ने ।

(२) बालमैत्री कार्यक्रम संचालन गर्न आवश्यक पर्ने आर्थिक तथा प्राविधिक सहयोग उपलव्ध गराउने ।

(३) नमूनाको रुपमा बालबालिकाका लागि मात्र कार्यक्रम संचालन गर्ने ।

(४) अध्ययन, अनुसन्धान, तालिम, गोष्ठी तथा सेमिनारहरु संचालन गर्ने र तालिम, अवलोकन र अनुभव आदान प्रदानका माध्यमबाट मानवीय क्षमताको विकास गर्ने ।

(५) संचार रणनीति तयार गरी अवधारणा, नीति तथा कार्यक्रमहरुको सम्प्रेषणका लागि रेडियो, एफएम्, टिभि, पत्रपत्रिकाजस्ता संचार माध्यमहरुको उपयोग गर्ने ।

(६) राष्ट्रियस्तरमा स्रोत व्यक्ति एवं प्रशिक्षकहरुको सूची (Roster) तयार गरी आवश्यकता अनुसार परिचालन गर्ने र प्रशिक्षण सामाग्री तयार गरी जिल्लास्तरमा समेत प्रशिक्षक तयार गर्ने ।

(७) स्थानीय विकास मन्त्रालय, जिल्ला विकास समिति र नगरपालिकामा बालमैत्री स्थानीय शासन स्रोत केन्द्र स्थापना गर्ने र वेब साइटमा बालमैत्री उपयोगी सामाग्री राखी व्यापक प्रचार प्रसार गराउने ।

(८) जिल्लास्तरमा जिल्ला सूचना तथा अभिलेख केन्द्र र मानव संसाधन विकास केन्द्रको क्षमता बढाउने ।

४.५) सहकार्य र साझेदारी प्रवर्द्धन

(१) बाल अधिकारको संरक्षण सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कनमा स्थानीय विकासका साझेदार तथा अर्न्तराष्ट्रिय विकास समुदायसंगको सहकार्य र साझेदारीलाई व्यापक तुल्याउने ।

(२) विभिन्न साझेदारको सक्षमता र सफल कार्यपद्धतिको अनुसरण गर्ने ।

४.६) सामुदायिक परिचालन

(१) स्थानीयस्तरमा बालअधिकारको संरक्षण कार्यलाई प्रभावकारी तुल्याउन समूह र संस्था निर्माण गर्ने ।

(२) बाल अधिकारको संरक्षण र बाल विकासका क्षेत्रमा अभियानमूलक कार्यक्रम संचालनका लागि समुदायस्तरका समूह तथा संगठनलाई परिचालन गर्ने ।

(३) समुदायस्तरका संस्थाको क्षमता विकासका लागि विशेष कार्यक्रम संचालन गर्ने ।

४.७) सामाजिक जवाफदेही र पारदर्शिता

(१) बाल अधिकार तथा बाल विकासका क्षेत्रमा स्थानीय निकाय तथा संघसंस्थाबाट संचालित कार्यक्रम तथा तत्सम्बन्धी साधनस्रोत परिचालनका वारेमा यथार्थ सूचना तथा जानकारी सार्वजनिक गर्ने ।

(२) बालमैत्री स्थानीय शासनको प्रभावकारिताका सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्ने ।

४.८) सामाजिक समावेशीकरण

(१) स्थानीय सीमान्तीकृत समुदाय, गरीब, पिछडिएका वर्गका बालबालिकाका लागि विशेष कार्यक्रम संचालन गर्ने ।

(२) स्थानीय निकायका आवधिक तथा वार्षिक योजनामा अनिवार्य रुपले समावेश गर्ने ।

४.९) सूचना, शिक्षा र संचारको माध्यमबाट व्यवहार परिवर्तन

(१) बालबालिकाप्रतिको धारणामा परिवर्तन गर्न र उनीहरुको अधिकार र हितप्रतिको संवेदनशीलता बढाउन प्रचार प्रसार गर्ने ।

(२) स्थानीयस्तरका शिक्षण संस्थाको पाठ्यक्रममा बालअधिकारको विषय समावेश गराउने ।

४.१०) अनुगमन तथा मूल्याङ्कन

(१) बालमैत्री स्थानीय शासन सम्बन्धी न्यूनतम् सूचकका बारेमा सरोकारवालाहरुलाई जानकारी गराउने र संचालित कार्यक्रमहरुको प्रभावकारिता र नतिजा अनुगमन गर्ने ।

(२) विद्यमान नीति तथा कानुनी व्यवस्था अनुरुप स्थानीय निकायहरुबाट बालमैत्री स्थानीय शासनसम्बन्धी कार्यक्रमहरु संचालन भए नभएको अनुगमन गर्ने ।

(३) बालबालिकाको लागि स्थानीय विकास योजना बनाई संचालन गरे नगरेको अनुगमन गर्ने ।

(४) बालबालिकासम्बन्धी योजनामा आवश्यक बजेट विनियोजन गरे नगरेको लेखाजोखा र अनुगमन गर्ने ।

(५) बालबालिकाको अवस्थासम्बन्धी वार्षिक प्रतिवेदन तयार गरे नगरेको अनुगमन गर्ने ।

(६) बालमैत्री स्थानीय शासन कार्यक्रम संचालन सम्बन्धमा आवश्यक नीति, विनियम, निर्देशिका, कार्यविधि तथा आचारसंहिता बने नबनेको अनुगमन गर्ने ।

(७) स्थानीय निकायहरुको न्यूनतम् शर्त तथा कार्य सम्पादन मापन कार्यविधिमा बालमैत्री स्थानीय शासन सम्बन्धी सूचकहरु समावेश गरी स्थानीय निकायको कार्यसम्पादनको मूल्याङ्कन गर्ने ।

(८) अनुगमन सूचक निर्धारण गरी उत्कृष्ट काम गर्ने बालसमूह, सामुदायिक संस्था, गाउँ विकास समिति, नगरपालिका, जिल्ला विकास समिति, विकास साझेदार र अन्य सहयोगी निकाय र व्यक्ति विशेषलाई पुरस्कृत गर्ने ।

५) बालमैत्री स्थानीय शासनका प्रतिफलहरु

बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिमको उपलब्धिहरु प्राप्त हुनेछन् ।

५.१) बालबालिकाको लागि स्थानीय विकास योजना

बालबालिकाको लागि स्थानीय विकास योजनामा स्थानीय निकायहरुले बाल अधिकार र बालबालिकाको समग्र विकासको क्षेत्रमा देखिएका सबाल र आवश्यकतालाई सम्वोधन गर्ने गरी लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजनाहरु समावेश भएको विकास योजना दस्तावेज तयार गर्नेछन् । यस योजनाले निश्चित अवधिमा निश्चित उपलव्धि हासिल गर्न लगानीको आधार समेत तयार गर्नेछ । यस सम्बन्धी विस्तृत विवरण कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ । यस्तो योजनालाई स्थानीय निकायको आवधिक एवं दीर्घकालीन योजनासँग आबद्ध गरिनेछ । यस्तो योजनाले बालबालिकासंग सम्बन्धीत मुद्दाहरुमा स्थानीयस्तरका सरकारी, गैर सरकारी एवं निजी क्षेत्रका सेवा प्रदायकहरुवीच साझा वुझाइ, साझा योजना र साझा कोष एवं वास्तविक र व्यवहारिक साझेदारी प्रवर्द्धन गर्न सहयोग पुऱ्याउनेछ ।

५.२) बालबालिकाको लागि स्थानीय लगानी योजना

माथि उल्लिखित वस्तुस्थिति विवरण तथा विकास योजनाले लिएका निर्दिष्ट लक्ष्य हासिल गर्न स्थानीय निकायले बालबालिकाको लागि लगानी योजना तर्जुमा गर्नेछन् । यस्तो लगानी योजनामा बालमैत्री स्थानीय

शासन प्रवर्द्धनका लागि अवलम्बन गरिने सबै क्रियाकलापलाई स्रोतगत रुपमा उल्लेख गरिनेछ । यसो गर्दा केन्द्रीय सरकारबाट प्राप्त अनुदान, वाह्य सहयोग, आन्तरिक स्रोत तथा गैसस र स्थानीय विषयगत निकायबाट प्राप्त रकमलाई स्पष्ट र एकीकृत रुपमा विनियोजन गरिनेछ । यस सम्बन्धी विस्तृत विवरण बालमैत्री स्थानीय शासन कार्यान्व्यन कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

५.३) बालमैत्री स्थानीय शासनसम्बन्धी नीतिहरु तर्जुमा एवं परिमार्जन

बालमैत्री स्थानीय शासन प्रवर्द्धन र बालबालिकाको समग्र विकासको लागि नीति नियम तर्जुमा र विद्यमान ऐन नियममा आवश्यकता अनुसार परिमार्जन गर्ने रणनीति लिइनेछ । यसका अतिरिक्त स्थानीय निकायहरुले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को परिधिभित्र रही आवश्यक नीति, नियम, विनियम, निर्देशिका तथा कार्यविधिहरु तर्जुमा गर्न सक्नेछन् ।

५.४) बालबालिकासम्बन्धी स्थिति पत्र तयारी तथा प्रकाशन

बालबालिकासम्बन्धी स्थितिपत्रमा बालबालिकाको विकासका क्षेत्रमा स्थानीय निकायहरुद्वारा विगतका वर्षहरुमा भए गरेका कार्यहरुको उपलब्धिको विवरण, बालबालिकाको वर्तमान अवस्थाको चित्रण, बाल अधिकारको कार्यान्वयनको अवस्था, बालबालिकासम्बन्धी नीति, कानुन, योजना र कार्यसम्बन्धी कार्यक्रमहरुको कार्यान्वयनको चित्रण गरी प्रकाशन गरिनेछ । यससम्बन्धी विस्तृत विवरण कार्यान्वयन कार्यविधिमा उल्लेख भएबमोजिम हुनेछ ।

बालमैत्री स्थानीय शासन पद्धति कार्यान्वयन

१) बालमैत्री स्थानीय शासन पद्धतिको छनौट

बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि नगरपालिकाको हकमा नपा आफैले र गाँउ विकास समितिको हकमा जिल्ला विकास समितिले गाँउ विकास समितिको छनौट र बालमैत्री कार्यक्रम संचालनमा सहजीकरणको भूमिका निर्वाह गर्नेछ । समग्र समन्वयकारी भुमिका भने जिल्ला विकास समितिमा रहनेछ । तर कुनै जिल्ला विकास समितिले यस कार्यलाई प्राथमिकतमा नराखेको भएमा इच्छुक गाँउ विकास समितिहरुले सम्बन्धीत जिल्ला विकास समितिलाई यस्तो कार्यको जानकारी दिई आफै कार्यक्रम संचालन गर्न समेत सक्नेछन् ।

२) गाविस छनौटका आधारहरुः

स्थानीय विकास मन्त्रालयले सन् २०१५ सम्मका लागि बालमैत्री स्थानीय शासन पद्धतिको विकास र विस्तारका लागि जिल्ला, नगरपालिका तथा गाविस छनौटको लक्ष्य निर्धारण गरेको छ । यस लक्ष्य अनुसार यस अवधिमा सवै गाविसहरुमा कार्यक्रम संचालन गर्न नसकिने हुदा बालमैत्री स्थानीय शासन अवलम्वनको लागि निश्चित गाविसको छनौट गर्नु आवश्यक छ । गाविस छनौट गर्ने जिम्मेवारी सम्बन्धीत जिविस को हुने भए तापनि यसको लागि निश्चित आधारहरु तय गर्नु पर्दछ । यस्ता आधारहरु मध्ये केही आधारहरु तल दिईएका छन्, यिनै आधार वा यसमा परिमार्जन गरी जिविसहरुले गाविस छनौटको कार्य गर्नेछन् ।

- स्थानीय निकायको राजनीतिक दलवाट राजनैतिक इच्छा शक्ति र प्रतिवद्धता जनाएको ।
- स्थानीय निकाय गाविस, संघसस्था, नागरिक समाजको चाहना, प्रतिवद्धता साथै कार्यान्वयनमा सक्रिय सहभागिता ।
- बाल अधिकारको संरक्षण र सम्वर्द्धनका लागि बालक्लव साथै तिनको सञ्जाल क्रियाशील भएको ।
- बाल अधिकारको क्षेत्रमा आन्तरिक तथा अनुदान रकमबाट स्रोत विनियोजन र प्रभावकारी कार्यान्वयन गर्ने दृढ प्रतिवद्धता जनाएको ।
- गरिवी सुचकांङ्क र विपन्न नंशाङ्कनमा पछि परेको गाविस तथा भौगौलिक रुपमा विकट भएको ।
- दलित,आदिवासी जनजाति, मधेशी तथा विपन्न वर्गका जनताको बाहुल्यता भएको ।
- बालमैत्री गाविस सञ्चालनका लागि मानवीय संशाधनको उपलब्धता ।

३) बालमैत्री स्थानीय शासन पद्धतिको अवलम्बन

बालमैत्री स्थानीय शासन पद्धतिको अवलम्बन गर्ने स्थानीय निकायहरुले बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै देहाय बमोजिमका कार्यहरु गरेको हुनुपर्नेछ । यस्तो कार्य गर्ने स्थानीय निकायलाई बालमैत्री स्थानीय शासन अवलम्बनकर्ता (CFLG Adopter) मानिनेछ ।

(१) साझेदार संस्थाहरुलाई अभिमुखीकरण गरी यस पद्धतिको अवलम्बन गर्ने सामूहिक प्रतिवद्धता व्यक्त ।
(२) बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्ययोजना तर्जुमा ।
(३) आफ्नो कुल पूँजिगत बजेटको कम्तिमा १५ प्रतिशत रकम विनियोजन सहितको लगानी योजना ।

(४) बालमैत्री स्थानीय शासनका न्यूनतम् सेवा सूचकहरुको निर्धारण ।
(५) बालमैत्री स्थानीय शासन प्रवर्द्धनको संस्थागत व्यवस्था (इकाई/शाखा बनाउने वा सम्पर्क विन्दु तोक्ने) ।
(६) सम्बन्धीत परिषद्बाट बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने निर्णय ।

४) बालमैत्री स्थानीय शासनका तहगत खुड्किलाहरु

बालमैत्री स्थानीय शासनका प्रवर्द्धनका लागि निश्चित प्रक्रिया निर्धारण गरिएको छ । यसका लागि देहाय वमोजिमका तहगत खुड्किला सहितको प्रक्रिया अपनाउनु पर्दछ ।

पहिलो खुड्किलो:	बालमैत्री स्थानीय शासनको अवधारणाको अभिमुखीकरण, विकास तथा विस्तार
दोस्रो खुड्किलो:	बालमैत्री स्थानीय शासन प्रवर्द्धन जिल्ला, नगर तथा गाउँ समितिको गठन
तेस्रो खुड्किलो:	बालमैत्री नीति, रणनीति तयारीको लागि कार्ययोजना तर्जुमा
चौथो खुड्किलो:	जिविस र नपामा बालमैत्री स्थानीय शासन सम्पर्क इकाई वा शाखाको संस्थागत प्रवन्ध
पाचौं खुड्किलो:	निश्चित सूचक/मापदण्डका आधारमा नगरपालिकाको वडा र गाविसको छनौट
छैठौं खुड्किलो:	बालबालिकाको वस्तुगत विवरण तयारी
सातौं खुड्किलो:	बालकोष (Child Fund) को स्थापना
आठौं खुड्किलो:	बाल क्लब तथा सामुदायिक संस्थाहरुको गठन, विकास र परिचालन
नवौं खुड्किलो:	सरोकारबालाहरुको पहिचान, समन्वय र संजाल निर्माण
दशौ खुड्किलो:	सरोकारवालाहरुवाट बालमैत्री स्थानीय शासन संचालनको प्रतिवद्धता घोषणा
एघारौं खुड्किलो:	आवधिक र वार्षिक योजना तर्जुमा, लगानीको सुनिश्चितता र योजना कार्यान्वयन
बाह्रौं खुड्किलो:	बालबालिकाको स्थिति पत्र तर्जुमा र सार्वजनिकीकरण
तेहौं खुड्किलो:	अनुगमन, समीक्षा र मूल्यांकन
चौधौं खुड्किलो:	स्थानीय निकायको परिषदवाट आफ्नो कुल पूँजिगत वजेटको कम्तिमा १५ प्रतिशत रकम बालवालिकाको क्षेत्रमा खर्च गर्ने प्रतिवद्धता सहितको परिषदको निर्णय
पन्ध्रौं खुड्किलो:	बालमैत्री स्थानीय शासनको न्यूनतम् सेवा सूचकको निर्धारण
सोह्रौं खुड्किलो:	बालमैत्री गाउँ, नगर र जिल्लाको घोषणा ।

५) बालमैत्री स्थानीय निकाय घोषणा

बालमैत्री स्थानीय शासन अवलम्बन गरेको स्थानीय निकायको परिषद्ले आफ्नो क्षेत्र (जिल्ला/नगर/गाउँ) लाई बालमैत्री स्थानीय निकाय भनी घोषणा (CFLG Declaration) गर्न सक्नेछन् । यस्तो घोषणा गर्नुपूर्व सम्बन्धीत स्थानीय निकायको परिषदले निर्धारण गरेको सूचक मध्ये न्यूनतम् ८० प्रतिशत सूचक हासिल गरेको हुनुपर्नेछ । यस्तो सूचक निर्धारण गर्दा सम्बन्धीत स्थानीय निकायको आवधिक वा वार्षिक योजनामा स्थानीय अवस्था अनुसार बालश्रम, बाल हिंसा, बाल शोषण तथा एच् आई भि एड्स न्यूनीकरण सम्बन्धी कार्यक्रम समावेश गरेको हुनुपर्दछ । यसका अलावा स्थानीय अवस्थामा आधारित भै कमलरी, छाउपडी, झुमा तथा देउकी प्रथा जस्ता सामाजिक विकृतिहरुको अन्त्य गर्ने कार्यक्रम समेत समावेश गरिएको हुनु पर्दछ । निर्धारित सूचक प्राप्त भए नभएको सम्बन्धमा स्थानीय विकास मन्त्रालय र सम्बन्धीत जिल्ला विकास समितिले स्वतन्त्र रुपमा अनुगमन गर्ने व्यवस्था मिलाउनेछन् । यसरी बालमैत्री स्थानीय शासन घोषणा गर्ने स्थानीय निकायलाई पुरस्कृत गरिनेछ ।

६) जोखिम तथा पूर्वानुमान

बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि देहाय बमोजिमको जोखिम हुन सक्ने पूर्वानुमान गरिएको छ :

(१) केन्द्रीय तथा स्थानीय निकायहरु बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि पर्याप्त साधन र स्रोत व्यवस्थापन गर्न सक्षम हुनेछन् ।

(२) विकास साझेदारहरुले यस क्षेत्रलाई उच्च प्राथमिकता दिनेछन् ।

(४) विषयगत मन्त्रालय तथा मातहतका निकायको उच्चतम सहयोग र समन्वय रहनेछ ।

(५) देशको भावी संघीय स्वरुपमा हालका स्थानीय निकायहरु स्थानीय सरकारको रुपमा रुपान्तरित भई यो पद्धतिको अवलम्बन गरेका हुनेछन् ।

बालमैत्री स्थानीय शासन राष्ट्रिय ढाँचाको सफल कार्यान्वयनको लागि देहाय बमोजिमको विषयलाई जोखिम पक्षको रुपमा लिईएको छ :

(१) स्थानीय निकायको प्रतिवद्धता र दृढ निश्चितता ।

(२) अन्तर संस्थागत समन्वय र एकीकृत सहयोग ।

(३) स्थानीय राजनैतिक र प्रशासनिक प्रतिबद्धता, स्थायित्व र निरन्तरता ।

बालमैत्री स्थानीय शासनका न्यूनतम सूचकहरू

बालमैत्री स्थानीय शासनका न्यूनतम् सूचकहरुवारे छलफल गर्नुपूर्व बालमैत्री स्थानीय शासन के हो र न्यूनतम् सूचक भनेको के हो भन्ने वारेमा थाहा पाउनु आवश्यक छ । हामीले बालमैत्री स्थानीय शासनका सम्बन्धमा पहिलेका सत्रहरुमा छलफल गरी प्रष्ट भैसकेको हुदा यहा यस वारेमा चर्चा गरिएको छैन ।

सूचकः

विषयवस्तु, सन्दर्भ, आवश्यकता र क्षमताका आधारमा सूचक निर्धारण गरिने हुदा सूचक के हो भनेर छलफल गर्दा यसका धेरै परिभाषाहरु आउन सक्दछन् र विभिन्न ठाउहरुमा फरक फरक ढंगवाट यसलाई प्रस्तुत गरिएको जस्तो लाग्न सक्दछ । तर यसलाई सुक्ष्म दृष्टिले हेर्दा यसको अर्थ फरक हुन सक्दैन । तथापी सूचकलाई विभिन्न मानिस वा संस्थाले फरक फरक ढंगवाट प्रस्तुत गरेका हुन सक्दछन् । मूल रुपमा भन्दा सूचक कुनै पनि वस्तुलाई मापन गर्न तय गरिएको औजार वा साधनमात्र हो । हामीले गरेका र भोगेका हरेक कार्यहरुको मापन हामी आफैले गर्न सक्दछौ तर यसको लागि एक औजार र यसको विधिको आवश्यकता पर्दछ ।

हाम्रो सन्दर्भमा सूचक भन्नाले बालमैत्री स्थानीय शासन राष्ट्रिय खाका तथा कार्यान्वयन कार्यविधिमा उल्लेख गरिएका नतिजाहरु प्राप्त भयो वा भएन भनि मापन गर्न तयार गरिएको आधार हो, यसलाई कुनै इकाई निर्धारण गरी मापन गरिन्छ । उदाहरणको लागि बालमैत्री स्थानीय शासनका सेवा प्रवाह सम्बन्धी सूचकको बाल वचाउ शिर्षकको पहिलो सूचकमा ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्यरुपमा पूर्ण स्तनपान (आमाको दूध मात्रै खुवाउने) भनि लेखिएको छ । यसलाई एक सूचक भनिएको हो । यसले बालमैत्री स्थानीय शासन पद्धतिको विकासका लागि प्राप्त गर्नु पर्ने धेरै उपलव्धिहरु मध्ये एक उपलव्धि भनि वताउछ । कुनैपनि बच्चाले आफु जन्मेको ६ महिना सम्म आमाको दुध मात्रै खान पाउछ भने एक सूचक पुरा भएको मानिन्छ । तर कति प्रतिशत वा कति जना वा कति गाविसका वच्चाहरुले यस्तो सुविधा प्राप्त गर्ने हुन् यसको सूचना कसरी र कहावाट प्राप्त गर्ने हो सो को विवरण सम्बन्धीत स्थानीय निकायहरुले आ-आफ्नो योजनामा उल्लेख गरेका हुनेछन् ।

अव हामी सवैले यस्ता सूचकहरु निर्धारण गरी बालमैत्री स्थानीय शासन सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । यहा केही न्यूनतम् सूचकहरु मात्र समावेश गरिएको छ, तर सम्बन्धीत स्थानीय निकायले आफ्नो अवस्था, सम्भावना र अवसरलाई ध्यानमा राखी अलग अलग सूचकहरु थप गर्न सक्नेछन् । तर बालमैत्री स्थानीय शासन पद्धति अवलम्वन गर्ने कुनैपनि स्थानीय निकायले यहा दिईएको न्यूनतम् सूचकहरु भने अनिवार्य रुपमा पुरा गरेको हुनुपर्दछ । बालमैत्री स्थानीय शासनको लागि सेवा प्रवाह र सूचकको नमुना चित्र तल दिईएको छ ।



बालमैत्री स्थानीय शासनका न्यूनतम् सेवा सूचकहरुः

बालमैत्री स्थानीय शासनका न्यूनतम् सूचकहरुलाई सेवा सूचक र संस्थागत सूचक भनि दुई भागमा विभाजन गरिएको छ । यस्ता सूचकहरु के के हुन सक्लान भनि तल दिईएको छ ।

सेवा प्रवाहसम्बन्धी सूचकहरु :

तल दिईएका सुचकहरुलाई बालमैत्री स्थानीय शासनका न्यूनतम् सेवा सूचकहरु भनिएको छ । यस्ता सूचकहरु प्राप्त गर्न घरपरिवार वा परिवारका सदस्य वा वच्चाको आमा, वावुको महत्वपूर्ण भुमिका रहने र सार्वजनिक सेवा प्रवाह गर्ने निकाय वा संस्था वा समूहले आवश्यक वातावरण मिलाउन सहयोग पुऱ्याउनु भर्ने भएको हुदा यसलाई सेवा प्रवाहको सूचकको रुपमा लिईएको छ । कुनै एक व्यक्ति वा संस्थाको सहयोगले मात्र यस्ता सूचकहरु प्राप्त हुन सक्दैनन्, त्यसैले यसमा सवैको सहयोग आवश्यक पर्दछ । यस्ता प्रमुख संस्थाहरु के के हुन सक्लान् भनि तलको टेवलमा धेरै महत्वपूर्ण संस्थाहरुको मात्र नाम उल्लेख गरिएको छ । यसवाहेक अन्य धेरै संस्थाहरुले यसमा सहयोग पुऱ्याउन सक्नेछन् ।

न्यूनतम सेवा सूचकहरु	कार्यान्वयन गर्ने प्रमुख जिम्मेवार निकाय	प्रमुख सहयोगी निकाय
क) बाल बचाउ		
• ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्यरुपमा पूर्ण स्तनपान (आमाको दूध मात्रै खुवाउने) गराउने ।	• आमा, घरपरिवार • सामुदायिक संस्था • गाउँ विकास समिति/ नगरपालिका • स्वास्थ्य संस्था	जिल्ला विकास समिति, विषयगत निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, प्यारालिगल समिति, बालमैत्री स्थानीय शासन सम्बन्धी स्थानीय समितिहरु
• एक वर्षभित्रका बालबालिकालाई पूर्ण रुपमा खोप (डिपिटी, हेपटाइटिस	• अभिभावक, घरपरिवार • सामुदायिक संस्था • महिला सामुदायिक स्वास्थ्य	• विषयगत निकाय, राष्ट्रिय/ अन्तर्राष्ट्रिय गैसस, प्यारालिगल समिति,

न्यूनतम सेवा सूचकहरु	कार्यान्वयन गर्ने प्रमुख जिम्मेवार निकाय	प्रमुख सहयोगी निकाय
बि, हिब ३ मात्रा) दिने ।	स्वयंसेविका • गाउँ विकास समिति/नगरपालिका/जिल्ला विकास समिति • स्वास्थ्य संस्था	बालमैत्री स्थानीय शासन सम्बन्धी स्थानीय समितिहरु, स्थानीय राजनैतिक दल, निजी क्षेत्र
• ६ महिनादेखि पाँच वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल र २ देखि ५ वर्ष सम्मका बालबालिकालाई जुकाको औषधी खुवाउने ।	• अभिभावक, घरपरिवार • सामुदायिक संस्था • महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका • गाउँ विकास समिति/नगरपालिका/जिल्ला विकास समिति • स्थानीय स्वास्थ्य संस्था	• विषयगत निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, प्यारालिगल समिति, बालमैत्री स्थानीय शासन सम्बन्धी स्थानीय समितिहरु, स्थानीय राजनैतिक दल, निजी क्षेत्र
• गर्भवती आमाको दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराउने ।	• घरपरिवार • महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका • स्थानीय स्वास्थ्य संस्था	• विषयगत निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, निजी क्षेत्र, सामुदायिक संस्था, गाउँ विकास समिति/नगरपालिका/जिल्ला विकास समिति
• गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराउने ।	• गर्भवती महिला, उनको श्रीमान • महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका • स्थानीय स्वास्थ्य संस्था	• विषयगत निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, निजी क्षेत्र, विकास साझेदार, सामुदायिक संस्था, स्थानीय निकाय
• गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाउने ।	• गर्भवती महिला, उनको श्रीमान र घरपरिवार • सामुदायिक संस्था • महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका • गाउँ विकास समिति/नगरपालिका • स्थानीय स्वास्थ्य संस्था	• जिल्ला विकास समिति, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, स्थानीय राजनैतिक दल, निजी क्षेत्र
• गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की (जम्मा २२५ वटा) खाने ।	• गर्भवती महिला, उनको श्रीमान र घरपरिवार • महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका • स्थानीय स्वास्थ्य संस्था	• विषयगत निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, निजी क्षेत्र, विकास साझेदार, सामुदायिक संस्था, स्थानीय निकाय
• एच् आई भी संक्रमित आमाबाट जन्मिएका सबै	• घरपरिवार, अभिभावक • स्वास्थ्य तथा जनसंख्या	• विषयगत निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस,

न्यूनतम सेवा सूचकहरु	कार्यान्वयन गर्ने प्रमुख जिम्मेवार निकाय	प्रमुख सहयोगी निकाय
बालबालिकाहरुलाई ARV Prophylaxis दिने ।	मन्त्रालय • स्थानीय स्वास्थ्य संस्था	निजी क्षेत्र, विकास साझेदार, सामुदायिक संस्था, स्थानीय निकाय
• सबै घरधुरीमा खानेपानीको सुविधा उपलव्ध गराउने ।	• खानेपानी तथा सरसफाई डिभिजन कार्यालय • भौतिक योजना तथा निर्माण मन्त्रालय • स्थानीय निकाय • स्थानीय उपभोक्ता	• विषयगत निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, निजी क्षेत्र, विकास साझेदार, सामुदायिक संस्था,
• सावुन पानीले हात धुने परिपाटीको विकास गर्ने (चर्पी गएपछि, खाना खानु अगाडी र बालबालिकाको दिशा धोए पछि) ।	• घरपरिवार • महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका • स्थानीय स्वास्थ्य संस्था	• विषयगत निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, निजी क्षेत्र, विकास साझेदार, सामुदायिक संस्था, स्थानीय निकाय
ख) बाल संरक्षण		
• ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनुपर्ने ।	• गाउँ विकास समिति/नगरपालिका, जिल्ला विकास समिति • स्थानीय विकास मन्त्रालय	• विषयगत निकाय • राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस • जिल्ला बाल कल्याण समिति
• बाल विवाहको संख्यामा कमी आएको हुनुपर्ने ।	• घरपरिवार, अभिभावक, संरक्षक • गाउँ विकास समिति/नगरपालिका, जिल्ला विकास समिति	• सामुदायिक संस्था • बाल क्लव • राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस • जिल्ला बाल कल्याण समिति
• निकृष्ट प्रकारको बालश्रम दर घटेको हुनुपर्ने ।	• घरपरिवार, अभिभावक, संरक्षक • गाउँ विकास समिति/नगरपालिका, जिल्ला विकास समिति • जिल्ला बाल कल्याण समिति • उद्योग, कलकारखाना • नागरिक समाज/नागरिक	• सामुदायिक संस्था • बाल क्लव • राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस • विकास साझेदार • विषयगत निकाय
• घरपरिवार र समुदायबाट बालबालिका विरुद्ध हुने हिंसा, वेचविखन, शोषण जस्ता घरेलु हिंसा कम गर्ने कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउने ।	• घरपरिवार, अभिभावक, संरक्षक • गाउँ विकास समिति/नगरपालिका, जिल्ला विकास समिति • नागरिक समाज/नागरिक • विषयगत निकाय • स्थानीय गैसस	• सामुदायिक संस्था • बाल क्लव • राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस • विकास साझेदार • विषयगत मन्त्रालय • जिल्ला बाल कल्याण समिति

न्यूनतम सेवा सूचकहरु	कार्यान्वयन गर्ने प्रमुख जिम्मेवार निकाय	प्रमुख सहयोगी निकाय
• बाल संरक्षण सम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणाली (बाल क्लव, लाई संचालनमा ल्याएको हुनुपर्ने ।	• गाउँ विकास समिति/नगरपालिका, जिल्ला विकास समिति • विषयगत निकाय • जिल्ला बाल कल्याण समिति • स्थानीय गैसस	• सामुदायिक संस्था • बाल क्लव • राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस • विकास साझेदार • विषयगत मन्त्रालय
ग) बाल विकास		
• ४ वर्ष सम्मका बालबालिकाहरु प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका हुनुपर्ने ।	• शिक्षा मन्त्रालय • शिक्षा विभाग • जिल्ला शिक्षा कार्यालय • विद्यालय • घरपरिवार	• विषयगत निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, निजी क्षेत्र, विकास साझेदार, सामुदायिक संस्था, स्थानीय निकाय
• कक्षा १ मा विद्यालय जाने उमेर समूहका सत्प्रतिशत बालबालिकाहरु विद्यालय भर्ना भएको हुनुपर्ने ।	• शिक्षा मन्त्रालय • शिक्षा विभाग • जिल्ला शिक्षा कार्यालय • विद्यालय • घरपरिवार	• विषयगत निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, निजी क्षेत्र, विकास साझेदार, सामुदायिक संस्था, स्थानीय निकाय
• ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा (१ कक्षा देखि ८ सम्म) पाएका हुनुपर्ने ।	• शिक्षा मन्त्रालय • शिक्षा विभाग • जिल्ला शिक्षा कार्यालय • विद्यालय • घरपरिवार	• विषयगत निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, निजी क्षेत्र, विकास साझेदार, सामुदायिक संस्था, स्थानीय निकाय
• औपचारिक शिक्षाबाट वंचित बालबालिकाको लागि अनौपचारिक शिक्षा प्राप्त गर्ने व्यवस्था भएको हुनुपर्ने ।	• शिक्षा मन्त्रालय • शिक्षा विभाग • जिल्ला शिक्षा कार्यालय • विद्यालय • घरपरिवार	• विषयगत निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, निजी क्षेत्र, विकास साझेदार, सामुदायिक संस्था, स्थानीय निकाय
• प्रत्येक विद्यालयमा छात्र छात्रा को लागि अलग अलग शौचालयको व्यवस्था भएको हुनुपर्ने ।	• जिल्ला शिक्षा कार्यालय • विद्यालय • विद्यालय व्यवस्थापन समिति	• राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, निजी क्षेत्र, विकास साझेदार, सामुदायिक संस्था, स्थानीय निकाय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
• प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्बन्धी कार्यक्रम संचालन गरेको हुनुपर्ने ।	• विद्यालय • अभिभावक • विद्यार्थी	• जिल्ला शिक्षा कार्यालय • स्थानीय निकास • सामुदायिक संस्था • बाल क्लव
घ) बाल सहभागिता		

न्यूनतम सेवा सूचकहरु	कार्यान्वयन गर्ने प्रमुख जिम्मेवार निकाय	प्रमुख सहयोगी निकाय
• स्थानीय निकायको निर्णय प्रक्रियामा १२ देखि १८ वर्षसम्मका बालबालिकाहरुको संस्थागत सहभागिताको संयन्त्र विकास गरी सहभागि गराएको हुनुपर्ने ।	• गाउँ विकास समिति/नगरपालिका/जिल्ला विकास समिति • सामुदायिक संस्था • उपभोक्ता समिति	• विषयगत निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, स्थानीय विकास मन्त्रालय, बाल समूह, स्थानीयस्तरका बालमैत्री स्थानीय शासन समितिहरु, राजनैतिक दल
• स्थानीय निकायले संचालन गर्ने योजनामा बालबालिकाको कार्यक्रम समेटिएको हुनुपर्ने ।	• गाउँ विकास समिति/नगरपालिका/जिल्ला विकास समिति • सामुदायिक संस्था • स्थानीय उपभोक्ता समिति	• विषयगत निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, स्थानीय विकास मन्त्रालय, बाल समूह, स्थानीयस्तरका बालमैत्री स्थानीय शासन समितिहरु, राजनैतिक दल
• स्थानीय विद्यालय व्यवस्थापन समितिमा बाल क्लवको प्रतिनिधित्व गराउने संरचनाको निर्माण हुनुपर्ने ।	• शिक्षा मन्त्रालय • शिक्षा विभाग, जिल्ला शिक्षा कार्यालय, विद्यालय व्यवस्थापन समिति	• राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, स्थानीयस्तरका बालमैत्री स्थानीय शासन समितिहरु, राजनैतिक दल, सामुदायिक संस्था, अभिभावक
• स्थानीय स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लवको प्रतिनिधित्व हुनुपर्ने ।	• स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, जिल्ला जन/स्वास्थ्य कार्यालय, स्थानीय स्वास्थ्य संस्था व्यवस्थापन समिति	• राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, स्थानीयस्तरका बालमैत्री स्थानीय शासन समितिहरु, राजनैतिक दल, सामुदायिक संस्था, स्थानीय निकाय
• गाउँ विकास समितिको हकमा हरेक गाउँ विकास समितिमा बालक्लवको संजाल गठन र नगरपालिकाको हकमा प्रत्येक वडामा बाल समूह गठन भै क्रियाशील रहेको हुनुपर्ने ।	• गाउँ विकास समिति/नगरपालिका/जिल्ला विकास समिति • सामुदायिक संस्था • बाल संजाल	• विषयगत निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, विकास साझेदार, स्थानीय स्तरका बालमैत्री स्थानीय शासन समितिहरु, राजनैतिक दल
• जिल्ला र नगर तहमा बाल संजाल गठन भएको हुनुपर्ने ।	• गाउँ विकास समिति/नगरपालिका/जिल्ला विकास समिति • सामुदायिक संस्था • बाल क्लव	• विषयगत निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, विकास साझेदार, स्थानीयस्तरका बालमैत्री स्थानीय शासन समितिहरु

संस्थागत विकास सम्बन्धी सूचकहरु :

माथिको तालिकामा सेवा सूचकहरु उल्लेख गरिएको छ । सार्वजनिक सेवा प्रदान गर्ने निकायहरु खासगरी स्थानीय निकायहरुको यसमा महत्वपूर्ण भुमिका रहन्छ । यस्तो भुमिका निर्वाह गर्न सम्बन्धीत निकायले

आफ्नो संस्थागत विकास सम्बन्धी क्षमता समेत सुधार गरेको हुनु पर्दछ । यसको लागि न्यूनतम् रुपमा पुरा गर्नु पर्ने कार्यहरुलाई संस्थागत सूचकमा राखिएको छ । यस्तो सूचक प्राप्त गर्न व्यक्ति, समाज वा घरपरिवारको भन्दा सम्बन्धीत संस्थाको भुमिका धेरै हुने हुदा यस्ता सूचकलाई संस्थागत सूचक भनिएको हो । यस्ता केही महत्वपूर्ण संस्थागत सूचकहरु तल दिईएको छ ।

न्यूनतम सूचकहरु	**कार्यान्वयन गर्ने प्रमुख जिम्मेवार निकाय**	**प्रमुख सहयोगी निकाय**
• स्थानीय निकायको परिषद बैठक नियमित रुपमा संचालन भएको हुनेछ ।	जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समिति	स्थानीय राजनैतिक दल र तिनको संयन्त्र, सामुदायिक संस्था, स्थानीय विकास मन्त्रालय
• स्थानीय निकायहरुले आफ्नो लागि बालमैत्री व्यवहार, आचार संहिता, विनियम, निर्देशिका तथा कार्यविधिहरु तर्जुमा गरी पूर्ण रुपमा कार्यान्वयनमा ल्याएका हुनेछन् ।	जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समिति	विषयगत कार्यालय, स्थानीय राजनैतिक दल र तिनको संयन्त्र, स्थानीय विकास मन्त्रालय, विकास साझेदार, राष्ट्रिय/अन्तराष्ट्रिय गैसस
• स्थानीय निकायमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन समिति गठन भएको हुनेछ ।	जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समिति	विषयगत कार्यालय, स्थानीय राजनैतिक दल र तिनको संयन्त्र, स्थानीय विकास मन्त्रालय, विकास साझेदार, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, जिल्ला बाल कल्याण समिति
• स्थानीय विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति क्रियाशील रहनेछन् ।	जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समिति, विद्यालय व्यवस्थापन समिति, जिल्ला शिक्षा कार्यालय	अभिभावक, सामुदायिक संस्था, विषयगत कार्यालय, स्थानीय राजनैतिक दल र तिनको संयन्त्र, शिक्षा मन्त्रालय, विकास साझेदार, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस
• स्थानीय स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य व्यवस्थापन समिति क्रियाशील रहनेछन् ।	जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समिति, स्वास्थ्य संस्था व्यवस्थापन समिति, जिल्ला स्वास्थ्य कार्यालय, स्थानीय स्वास्थ्य संस्था	विषयगत कार्यालय, सामुदायिक संस्था, स्थानीय राजनैतिक दल र तिनको संयन्त्र, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, विकास साझेदार, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस
• स्थानीयस्तरमा बाल विकास केन्द्र, बाल कक्षा तथा पूर्व प्राथमिक कक्षाहरु संचालन भएका हुनेछन् ।	जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समिति, जिल्ला शिक्षा कार्यालय	अभिभावक, सामुदायिक संस्था, स्थानीय राजनैतिक दल र तिनको संयन्त्र, विकास साझेदार, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, जिल्ला बाल कल्याण समिति
• स्थानीयस्तरमा बाल क्लवहरुको सक्रियता रहनेछ ।	जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समिति, बाल क्लव, बाल संजाल,	विद्यालय, जिल्ला शिक्षा कार्यालय, शिक्षा मन्त्रालय, विकास साझेदार, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, जिल्ला बाल कल्याण समिति

न्यूनतम सूचकहरु	कार्यान्वयन गर्ने प्रमुख जिम्मेवार निकाय	प्रमुख सहयोगी निकाय
	सामुदायिक संस्था	
• स्थानीयस्तरमा प्यारालिगल समिति जस्ता महिला समूहहरुको सक्रियता रहनेछ र यस्ता समितिहरु बाल अधिकार संरक्षण र सम्वर्द्धनमा क्रियाशील रहनेछन् ।	जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समिति, प्यारालिगल समिति, बाल क्लव, बाल संजाल, सामुदायिक संस्था	विद्यालय, जिल्ला शिक्षा कार्यालय, शिक्षा मन्त्रालय, विकास साझेदार, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, जिल्ला बाल कल्याण समिति, स्थानीय स्तरका बालमैत्री स्थानीय शासन समितिहरु
• स्थानीयस्तरमा बाल संजाल विकास भएको हुनेछ र जिल्लास्तरसम्म उनीहरुको प्रतिनिधित्व रहनेछ ।	जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समिति, बाल क्लव, बाल संजाल, सामुदायिक संस्था	विषयगत कार्यालय, विकास साझेदार, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, जिल्ला बाल कल्याण समिति, स्थानीय स्तरका बालमैत्री स्थानीय शासन समितिहरु
• बालबालिका सम्बन्धी स्थितीपत्र (State of children report) तयारी तथा प्रकाशन र अद्यावधिक गर्ने ।	जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समिति, जिल्ला वाल कल्याण समिति	विषयगत कार्यालय, स्थानीय राजनैतिक दल र तिनको संयन्त्र, स्थानीय विकास मन्त्रालय, विकास साझेदार, राष्ट्रिय/अन्तराष्ट्रिय गैसस
• जिल्ला, नगर तथा गाउँ विकास योजनामा बालबालिकाकासंग सम्बन्धित योजना समेटी एकीकृत नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने ।	जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समिति	विषयगत कार्यालय, स्थानीय राजनैतिक दल र तिनको संयन्त्र, स्थानीय विकास मन्त्रालय, विकास साझेदार, राष्ट्रिय/अन्तराष्ट्रिय गैसस
• बालबालिकाका लागि स्थानीय विकास योजना तयार पारी सोको आधारमा लगानी योजना र सोको कार्यान्वयन गरिने ।	जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समिति,	विषयगत कार्यालय, स्थानीय राजनैतिक दल र तिनको संयन्त्र, स्थानीय विकास मन्त्रालय, विकास साझेदार, राष्ट्रिय/अन्तराष्ट्रिय गैसस

बालमैत्री स्थानीय शासनलाई तलको चित्र देखाएर प्रष्ट्याउन खोजिएको छ ।

बालमैत्री स्थानीय शासन



बालमैत्री स्थानीय शासनका साझेदार संस्थाहरूको पहिचान, विश्लेषण र जिम्मेवारी निर्धारण

साझेदार संस्थाको परिभाषा र व्याख्या :

बालमैत्री स्थानीय शासनको अवधारणा बहुक्षेत्रगत (Cross Cutting Issues) विषय हो । बच्चा गर्भमा रहेको अवस्था, गर्भवती आमाको सुरक्षा, जन्मने अवस्था, जन्म पछिको उसको संरक्षण र बचाउको अवस्था, बालबालिकाको विकास, बालबालिकाको सहभागीता सम्बन्धी केही सुचक छन् जुन सुचकहरु प्राप्त भएपछि बालमैत्री शासनको स्थापना भएको मानिने अनुमान गरिएको छ । ती सुचकहरु प्राप्त हुनका लागि केन्द्रदेखि स्थानीय समुदायस्तरसम्मका संस्था र घरपरिवार समेतको योगदान महत्वपूर्ण रहने देखिन्छ । यसरी बालमैत्री शासनका सन्र्दभमा बालमैत्री शासनको सुचक प्राप्तीका लागि बालमैत्री शासन राष्ट्रिय रणनीति ढाँचा र बालमैत्री शासनको कार्यविधि भित्र रही क्रियाशील रहने सबै संस्थाहरु बालमैत्री शासनका साझेदार संस्था हुन् । बालमैत्री स्थानीय शासनका लागि साझेदारहरूको सहयोग र उनीहरूसँगको कार्यगत एकता अति नै अनिवार्य हुन्छ तसर्थ हामीले साझेदार संस्थाहरू को हुन् यिनीहरूको महत्व र आवश्यकताको विषयमा थाहा पाइराख्नु पर्छ । बालमैत्री थानीय शासन पद्धतिको प्रवर्द्धन गर्ने प्रक्रियामा सहयोग पुऱ्याउन सक्ने निकायहरुमध्ये केही महत्वपूर्ण निकायहरुको भूमिका देहाय बमोजिम उल्लेख गरिएको छ ।

साझेदार संस्थाहरुको विश्लेषण गर्दा देहाय वमोजिमका आधारमा गर्न सकिन्छः

- कार्यालय/संस्थाको प्रकृति
- कार्यालय/संस्थाको लक्ष्य
- कार्यालय/संस्थाको उद्देश्य
- कार्यालय/संस्थाको सेवा तथा सेवाग्राही
- स्रोत पहिचान र परिचालनको अवस्था
- कार्यालय/संस्थाको सवल पक्ष, कमजोर पक्ष, सम्भावना, चुनौति
- सहयोगका क्षेत्रहरु

केन्द्रीयस्तरका साझेदारहरु

(क) राष्ट्रिय योजना आयोग

- बालमैत्री स्थानीय शासन सम्बन्धी नीति तथा रणनीति वारे समन्वय गर्ने,
- सबै सरकारी एवं गैर सरकारी क्षेत्रमा बालमैत्री स्थानीय शासन पद्धतिलाई मूलप्रवाहीकरण गर्न नीतिगत निर्देशन दिने एवं साझेदारी स्थापना गर्ने गराउने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी दीर्घकालीन तथा आवधिक योजना तर्जुमामा सहयोग र समन्वय गर्ने,
- बालमैत्री योजना र कार्यक्रमलाई सरकारको नीति र कार्यक्रमको प्रमुख प्राथमिकतामा राखी यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक समन्वय र सामन्जस्य गर्ने,
- बाल अधिकार सम्बन्धी सूचकहरुलाई गरिबी अनुगमन तथा विश्लेषण व्यवस्था (Poverty Monitoring and Analysis/PMAs) र जिल्ला गरिबी अनुगमन तथा विश्लेषण प्रणाली (District Poverty Monitoring and Analysis System/DPMAS) संग आवद्ध गरी अनुगमन प्रणाली स्थापित गर्ने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने ।

(ख) अर्थ मन्त्रालय:

आर्थिक कार्यप्रणालीलाई व्यवस्थित गर्ने क्रममा राजश्व र व्ययको अनुमान तयार गरी व्यवस्थापिका संसदमा पेश गर्ने, वजेट तर्जुमा प्रक्रियालाई पारदर्शी, बैज्ञानिक, यथार्थपरक र सन्तुलित बनाउने प्रमुख भूमिका रहेको अर्थ मन्त्रालयको बालमैत्री शासनको सम्बन्धमा देहायको भूमिका रहन्छ ।

- बालमैत्री स्थानीय शासन पद्धतिको संस्थागत विकास एवं प्रवर्द्धन गर्न आवश्यक बजेट व्यवस्था गर्ने,
- बालमैत्री स्थानीय शासन संचालनका लागि आवश्यक बाह्य स्रोत जुटाउन सहयोग र समन्वय गर्ने,
- नेपाल सरकारको कार्यक्रम तथा बजेट प्रणालीलाई बालमैत्री बनाउने,
- बालमैत्री स्थानीय शासन संचालन गर्न स्थानीय निकायलाई सहजीकरण गर्ने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी भएका कार्यको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने ।

(ग) स्थानीय विकास मन्त्रालय

स्थानीय स्वायत्त शासनको प्रवर्द्धनमा सहयोग पुग्ने गरी नीति निर्माण, योजना तर्जुमा, स्थानीय निकायका लागि वजेट सहयोग, स्थानीय पूर्वाधार विकासमा सहयोग लगायतका प्रमुख भूमिका निर्वाह गर्ने स्थानीय विकास मन्त्रालयको बालमैत्री शासनमा देहायको भूमिका रहन्छ ।

- बालमैत्री स्थानीय शासन सम्बन्धी नीति, योजना कार्यक्रम तथा रणनीति तर्जुमाका लागि सम्पर्क मन्त्रालयका रुपमा कार्य गर्ने,
- स्थानीयस्तरमा बालमैत्री स्थानीय शासनको अवधारणा लागू गर्न सहयोग र समन्वय गर्ने,
- बालमैत्री स्थानीय शासन संचालनका लागि आवश्यक आन्तरिक तथा बाह्य स्रोत जुटाउन स्थानीय निकायहरुको सम्पर्क मन्त्रालयको रुपमा कार्य गर्ने,
- स्थानीय निकायको वार्षिक योजनामा बालमैत्री स्थानीय शासनलाई प्राथमिकताका साथ समावेश गर्न प्रोत्साहित गर्ने,
- स्थानीयस्तरको योजना प्रक्रियामा बालबालिकाका सबालहरुलाई समावेश गराउने र अनुगमन सूचकलाई बालमैत्री गराउने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने,
- बालमैत्री स्थानीय शासन सम्वन्धमा आवश्यक तालिम तथा गोष्ठी संचालन गर्ने गराउने,
- आवश्यकता अनुसार सम्बन्धीत स्थानीय निकायलाई सहजीकरण र पृष्ठपोषण उपलव्ध गराउने ।

(घ) महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय:

महिला तथा बालबालिका सम्बन्धी राष्ट्रिय नीतिको तर्जुमा, राष्ट्रिय स्तरको योजना र कार्यक्रम तर्जुमा र कार्यान्वयन, महिला बालबालिका सम्बन्धी जिल्ला स्तरको कार्यक्रम तर्जुमा र कार्यान्वयनमा सहयोग गर्ने मुख्य भूमिका रहेको यस मन्त्रालयको बालमैत्री शासनमा देहायको भूमिका रहन्छ ।

- बालमैत्री स्थानीय शासन पद्धतिको प्रर्वद्धनका लागि स्थानीय विकास मन्त्रालयलाई सहयोग गर्ने,
- बालबालिकाको विकासको लागि स्रोतको पहिचान र परिचालन गर्ने,
- बाल अधिकार महासन्धि लगायत अन्य सन्धि सम्झौताहरुको स्थानीयस्तरमा कार्यान्वयन गर्न गराउन सहयोग गर्ने,
- बालमैत्री स्थानीय शासन पद्धतिको विकास गर्न स्थानीय निकायलाई सघाउने,

- बालमैत्री स्थानीय शासन पद्धतिको प्रर्वद्धन तथा प्रोत्साहनका लागि मातहतका निकायहरुको बजेट तथा कार्यक्रम बालमैत्री भए नभएको लेखाजोखा गर्ने,
- बाल अधिकार सम्बन्धी परामर्श सुझाव दिने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी महिला र बालबालिकाको क्षेत्रमा भएका कार्यको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने ।

(ङ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः

स्वास्थ्य तथा जनसंख्या सम्बन्धी राष्ट्रिय नीतिको तर्जुमा, स्वास्थ्य तथा जनसंख्या सम्बन्धी राष्ट्रिय कार्यक्रमको संचालन, स्थानीय स्तरसम्म स्वास्थ्य सुविधाको सहज उपलब्धता र व्यवस्थापनमा सहयोग पुर्‍याउने प्रमुख भूमिका रहेको यस मन्त्रालयको बालमैत्री शासनको सर्न्दभमा देहायको भूमिका रहन्छ ।

- स्वास्थ्य तथा जनसंख्यासम्बन्धी नीति, योजना तथा कार्यक्रमहरुलाई बालमैत्री बनाउने,
- गर्भवती महिला एवं बालबालिकाको स्वास्थ्य सम्बन्धी सेबालाई बालमैत्री गराउने,
- बालबालिकाको आधारभूत स्वास्थ्य प्रवर्द्धनको लागि संचालन गरिने योजना तथा कार्यक्रमलाई बालमैत्री बनाउने,
- बालमैत्री स्थानीय शासन पद्धतिको क्षेत्रमा आवश्यक स्रोत विनियोजन र परिचालन गर्ने,
- बाल अधिकार महासन्धिमा भएका स्वास्थ्यसम्बन्धी विषयहरुको कार्यान्वयन गर्ने गराउने,
- बालमैत्री स्थानीय शासन पद्धतिको विकास गर्न स्थानीय निकायलाई सघाउने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी स्वास्थ्य तथा जनसख्याको क्षेत्रमा भएका कार्यको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने ।

(च) शिक्षा मन्त्रालयः

शिक्षा सम्बन्धी राष्ट्रिय नीतिको तर्जुमा, शिक्षा सम्बन्धी राष्ट्रिय कार्यक्रमको संचालन, पूर्व प्राथमिक देखि उच्च माध्यामिक विद्यालय शिक्षाको व्यवस्थापन, शैक्षिक पूर्वाधारको विकास, अनौपचारिक शिक्षा लगायतमा सहयोग पुर्‍याउने प्रमुख भूमिका रहेको यस मन्त्रालयको बालमैत्री शासनको सर्न्दभमा देहायको भूमिका रहन्छ ।

- बालबालिकाको शैक्षिक विकासका लागि संचालन गरिने योजना तथा कार्यक्रमहरुलाई बालमैत्री बनाउने,
- विद्यालय जान नसक्ने र बीचैमा कक्षा छोड्ने बालबालिकालाई विद्यालय शिक्षा उपलव्ध गराउने योजना कार्यान्वयन गर्ने गराउने,
- बालमैत्री स्थानीय शासन पद्धतिको विकासको लागि स्रोत विनियोजन र परिचालन गर्ने,
- बालबालिकाको शारीरिक विकासको लागि भौतिक साधनको व्यवस्था गर्ने,
- बाल अधिकार महासन्धिमा भएका शिक्षा सम्बन्धी विषयहरुको कार्यान्वयन गर्ने गराउने,
- बालमैत्री स्थानीय शासन पद्धतिको विकास गर्न स्थानीय निकायलाई सघाउने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी शिक्षा क्षेत्रमा भएका कार्यको अनुगमन र मूल्याङ्कनगर्ने, गराउने ।

छ) श्रम तथा यातायात व्यवस्था मन्त्रालयः

श्रम तथा यातायात सम्बन्धी राष्ट्रिय नीतिको तर्जुमा, श्रम तथा रोजगार व्यवस्थापन, बैदेशिक रोजगार व्यवस्थापन, श्रम सम्बन्ध, बालश्रम लगायतका क्षेत्रमा काम गर्ने यस मन्त्रालयको बालमैत्री शासनको सर्न्दभमा देहायको भूमिका रहन्छ ।

- श्रम तथा यातायातको क्षेत्रमा बालमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्न आवश्यक नीति तथा कार्यक्रम र मापदण्ड तर्जुमा गर्ने,
- बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि श्रम तथा यातायातका क्षेत्रमा कार्यरत संघसंस्था तथा कार्यक्रमहरु बीच समन्वय र सहजीकरण गर्ने,
- बालश्रम सम्बन्धी महासन्धि लगायत अन्य सन्धि महासन्धिहरुको कार्यान्वयन गर्ने गराउने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी श्रम तथा यातायात क्षेत्रमा भएका कार्यहरुको अनुगमन र मूल्याङ्कन गर्ने गराउने,
- बालमैत्री स्थानीय शासन पद्धतिको विकास गर्न स्थानीय निकायलाई सघाउने ।

(ज) कानून तथा न्याय मन्त्रालय:

ऐन कानूनको तर्जुमामा सहयोग पुर्‍याउने प्रमुख भूमिका रहेको यस मन्त्रालयको बालमैत्री शासनको सर्न्दभमा देहायको भूमिका रहन्छ ।

- बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न कानून तर्जुमा एवं परिमार्जन गर्दा बाल अधिकार सम्बन्धी विषयलाई ध्यान दिने,
- बाल अधिकार सम्बन्धी महासन्धि लगायत अन्य सन्धि महासन्धिहरुको पूर्ण कार्यान्वयनको खाका तयार गरी अनुगमन गर्ने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी कानूनको कार्यान्वयन गर्न स्थानीय निकायलाई सघाउने ।

(झ) केन्द्रीय बाल कल्याण समिति:

बालबालिका सम्बन्धी राष्ट्रिय नीति र कार्यक्रमको कार्यान्वयन, असहाय बालबालिकाहरुको व्यवस्थापन सम्बन्धी कार्य, जिल्ला बालकल्याण समितिलाई सहयोग र मार्गदर्शन गर्ने केन्द्रीय बालकल्याण समितिको बालमैत्री शासनका लागि देहायको भूमिका रहन्छ ।

- बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न केन्द्रीयस्तरको प्राविधिक निकायको रुपमा काम गर्ने,
- बाल कल्याण समितिहरुबाट संचालन हुने कार्यक्रमलाई बालमैत्री बनाउने,
- बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न मातहतका निकाय र संघसंस्थालाई निर्देशन दिने,
- बालमैत्री स्थानीय शासनको क्षेत्रमा स्रोत विनियोजन र परिचालन गर्ने गराउने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी भएका कार्यहरुको अनुगमन र मूल्याङ्कन गर्ने गराउने ।

(ञ) बालमैत्री स्थानीय शासन राष्ट्रिय समिति:

बालमैत्री शासनको विकास र प्रवर्द्धनका लागि बालमैत्री शासन राष्ट्रिय समितिको व्यवस्था गरिएको छ, जसको भूमिका देहाय बमोजिम रहन्छ ।

- बालमैत्री स्थानीय शासन सम्बन्धी नीति, निर्देशिका, कार्यविधि तयार गर्ने र यस पद्धतिको प्रवर्द्धन गर्न नेपाल सरकारलाई नीतिगत पृष्ठपोषण गर्ने,
- बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न केन्द्रीयस्तरबाट समन्वयकारी भूमिका निर्वाह गर्ने,
- बालबालिकाको क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय एवं राष्ट्रिय, सरकारी एवं गैर सरकारी संघसंस्था तथा निकायबीच आवश्यक समन्वय गर्ने गराउने,
- विषयगत मन्त्रालय र स्थानीय निकायहरुलाई बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न सहयोग पुर्‍याउने,
- बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि स्रोतको पहिचान र परिचालन गर्ने गराउने,

- बालबालिकासँग सरोकार राख्ने सबै साझेदार निकायहरुलाई बालमैत्री स्थानीय शासन सम्बन्धी नीतिगत निर्देशन दिने ।
- बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने ।

(ट) समाज कल्याण परिषद:

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुको परिचालन, समन्वय र अनुगमनमा प्रमुख भूमिका रहेको समाज कल्याण परिषदको बालमैत्री शासनमा देहायको भूमिका रहन्छ ।

- बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न बालबालिकाको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरुबीच समन्वय गर्ने गराउने,
- बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धनको लागि स्रोतको विनियोजन र परिचालन गर्ने गराउने ।

(ठ) बालबालिकाको क्षेत्रमा कार्यरत विकास साझेदार र गैरसरकारी संस्थाहरु :

बालबालिकाहरुको विकासका लागि संयुक्त राष्ट्रसंघीय लगायत प्लान नेपाल, सेभ द चिल्ड्रन, बर्ल्ड भिजन इन्टरनेशनल जस्ता अन्तर्राष्ट्रिय र राष्ट्रिय गैर सरकारी संस्थाहरु पनि क्रियाशील छन् । बालमैत्री शासनका सर्न्दभमा तीनको भूमिका देहाय बमोजिम रहने छ ।

- बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न नेपाल सरकार र स्थानीय निकायहरुलाई सघाउने, स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम स्थानीय निकायसंग कार्यक्रम तर्जुमा र कार्यान्वयनमा समन्वय गर्ने,
- बालमैत्री स्थानीय शासन पद्धतिको विकास र विस्तारको लागि संस्थागत क्षमता विकासमा सहयोग गर्ने,
- स्थानीय निकायहरुलाई बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न सघाउने,
- बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि स्रोतको पहिचान र परिचालन गर्ने ।

(ड) जिल्ला विकास समिति महासंघ, नेपाल, नेपाल नगरपालिका संघ, गाउँ विकास समिति राष्ट्रिय महासंघ, नेपाल:

विकेन्द्रित नीतिको तर्जुमा र कार्यान्वयनमा सहयोग, स्थानीय निकायका काम कारबाहीमा सहजीकरण, अनुगमन र मूल्याङ्कन गर्ने यी संस्थाको बालमैत्री शासनमा देहायको भूमिका रहन्छ ।

- बालमैत्री स्थानीय शासन सम्बन्धी अनुभव आदान प्रदान गर्ने व्यवस्था मिलाउने,
- बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न सम्बन्धीत संघ/महासंघहरुबीच समन्वयकारी भूमिका निर्वाह गर्ने र स्रोत परिचालनमा सहयोग गर्ने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने ।

जिल्लास्तरका साझेदारहरु

(क) जिल्ला विकास समिति : जिल्लाको समग्र विकासका लागि राष्ट्रिय विकास नीति र कार्यक्रमको परिधिभित्र रही जिल्लाको आवधिक योजना निर्माण, क्षेत्रगत योजना निर्माण, प्राथमिकताका आधारमा बार्षिक जिल्ला विकास योजना तर्जुमा र त्यसको कार्यान्वयन, स्थानीय स्तरका विकास साझेदारहरुसंग समन्वय, सहभागीतामुलक विकास, विकेन्द्रित शासनको प्रवर्द्धन, स्थानीय प्रजातन्त्रको सुदृढिकरणमा प्रमुख भूमिका रहेको जिल्ला विकास समितिको बालमैत्री शासनमा देहायको भूमिका रहन्छ ।

- केन्द्रस्तरबाट प्राप्त खाका, नीति, मार्गदर्शन तथा विशेष कार्यक्रमहरु र निर्देशनलाई जिल्लाको सन्दर्भमा लागू गर्ने गराउने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी जिल्लास्तरीय नीति, निर्देशिका तर्जुमा गर्ने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको लागि सम्पर्क डेस्कको व्यवस्था गर्ने,
- विभिन्न सरोकारबालाकोबीचमा सम्पर्क, समन्वय र साझेदारी विकास गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने,
- बालमैत्री स्थानीय शासनका सिद्धान्त र प्रक्रियाहरुको अनुकरण गर्दै योजना तथा कार्यक्रम संचालनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने र भौगोलिक तथा विषयगतरुपमा प्राथमिकता निर्धारण गरी बजेट विनियोजन गर्ने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी दीर्घकालीन नीति तथा कार्यक्रम बनाई आवधिक जिल्ला विकास योजनामा समावेश गराउने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी संचालित कार्यक्रमहरु समन्वयात्मक र एकीकृत ढंगबाट संचालन गर्ने गराउने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरु सम्बन्धीत विषयगत कार्यालय, निकाय एवं गैर सरकारी संघ संस्था मार्फत कार्यान्वयन गर्ने गराउने र जिल्ला विकास समितिले प्रवर्द्धनात्मक, सहयोगात्मक एवं समन्वयात्मक भुमिका निर्वाह गर्ने,
- विभिन्न निकायबाट संचालन भएका बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरुको सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने,
- बालमैत्री स्थानीय शासनको आवधिक प्रगति समीक्षा गरी कार्यक्रम संचालनमा देखा परेका समस्याहरु निराकरण गर्ने,
- आ-आफ्नो क्षेत्रबाट हुने विकास निर्माण एवं सेवा प्रवाह पद्धतिलाई बालमैत्री बनाउने ।

(ख) बालमैत्री स्थानीय शासन जिल्ला समिति : बालमैत्री शासनको विकासका लागि जिल्ला स्तरमा देहायको समिति रहने छ । जसको भूमिका यसप्रकार छ ।

- बालमैत्री स्थानीय शासन सम्बन्धी स्थानीयस्तरको नीति, निर्देशिका, कार्यविधि तयार गर्ने र यस पद्धतिको प्रवर्द्धन गर्न जिल्ला विकास समितिलाई नीतिगत पृष्ठपोषण गर्ने,
- बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न जिल्लास्तरबाट समन्वयकारी भूमिका निर्वाह गर्ने,
- बालबालिकाको क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय एवं राष्ट्रिय, सरकारी एवं गैर सरकारी संघसंस्था तथा निकायबीच आवश्यक समन्वय गर्ने गराउने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने ।

(ग) महिला विकास कार्यालयः

महिला तथा बालबालिकाहरुको प्रमुख समस्याहरु पहिचान गरी सोही अनुसार बार्षिक कार्यक्रम तर्जुमा गर्ने, महिला तथा बालबालिकाको क्षेत्रमा स्थानीयस्तरमा काम गर्ने सरकारी तथा गैर सरकारी कार्यालयसंग आवश्यक समन्वयन गर्ने प्रमुख जिम्मेबारी रहेको यस कार्यालयले बालमैत्री शासनका सर्न्दभमा देहायको भूमिका निर्वाह गर्नेछ ।

- बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न स्थानीय निकायलाई सहयोग गर्ने,
- महिला तथा बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमलाई बालमैत्री बनाउने र यस्ता कार्यक्रमहरुमा बाल सहभागिता सुनिश्चित गर्ने,

- बालमैत्री स्थानीय शासन सम्बन्धी सूचक प्राप्त हुनेगरी बालमैत्री योजना तर्जुमा र कार्यान्वयन गर्ने गराउने,
- बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने निकायबीच समन्वय गरी कार्यक्रम संचालन गर्ने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी सम्पर्क व्यक्ति/शाखा तोक्ने, भएका क्रियाकलाप तथा प्रगति विवरणको सूचना अद्यावधिक र सम्प्रेषण गर्ने,
- आफ्नो कार्यालय अन्तर्गत संचालित बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन तथा मूल्याङ्कन गर्ने,
- सेवा प्रवाह पद्धतिलाई बालमैत्री बनाउने ।

(घ) विषयगत कार्यालय (जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला शिक्षा कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, जिल्ला प्राविधिक कार्यालय, जिल्ला कृषि विकास कार्यालय, घरेलु तथा साना उद्योग विकास कार्यालय/समिति, जिल्ला बन कार्यालय, आदि) : जिल्लाको समग्र विकासमा आ-आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्दै आएका विषयगत कार्यालयको बालमैत्री शासनका सर्न्दभमा देहायको भूमिका रहन्छ ।

- बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न स्थानीय निकायलाई सहयोग र समन्वय गर्ने,
- आ-आफ्नो क्षेत्रमा संचालन हुने नीति तथा कार्यक्रमलाई बालमैत्री बनाउने र यस्ता कार्यक्रमहरुमा बाल सहभागिता सुनिश्चित गर्ने,
- आ-आफ्नो क्षेत्रका बालमैत्री स्थानीय शासन सम्बन्धी सूचक प्राप्त हुनेगरी बालमैत्री योजना तर्जुमा र कार्यान्वयन गर्ने गराउने,
- बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने निकायबीच समन्वय गरी कार्यक्रम संचालन गर्ने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी भएका क्रियाकलाप तथा प्रगति विवरणको सूचना अद्यावधिक र सम्प्रेषण गर्ने,
- आ-आफ्नो क्षेत्रमा संचालित बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन तथा मूल्याङ्कन गर्ने,
- आ-आफ्नो कार्यालयमा आवश्यकता अनुसार बालमैत्री फोकल पर्सन/डेस्क तोक्ने,
- आ-आफ्नो क्षेत्रबाट हुने विकास निर्माण एवं सेवा प्रवाह पद्धतिलाई बालमैत्री बनाउने ।

(ङ) जिल्ला बाल कल्याण समिति: बालबालिका सम्बन्धी स्थानीयस्तरका योजनाहरुको कार्यान्वयन, स्थानीय सरकारी तथा गैरसरकारी संस्थासंग समन्वयको भूमिका रहेको यस समितिको भूमिका देहाय बमोजिम रहन्छ ।

- बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न स्थानीय निकायलाई सहयोग गर्ने,
- बालमैत्री योजना तर्जुमा र कार्यान्वयनमा सम्बन्धीत निकायहरुलाई सहयोग गर्ने,
- बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने संघसंस्थाहरुबीच समन्वय गर्ने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी भएका क्रियाकलाप तथा प्रगति विवरणको सूचना अद्यावधिक र सम्प्रेषण गर्ने गराउने ।

(च) बाल संजाल, महिला संजाल तथा गैर सरकारी संस्था : बालबालिका र महिलाहरुको अधिकार र विकासका लागि स्थापना भएका संस्थाहरुको भूमिका देहाय बमोजिम रहन्छ ।

- बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न आफ्ना सदस्यहरुलाई परिचालन गर्ने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयनको लागि स्थानीय निकाय र विषयगत कार्यालयलाई सहयोग गर्ने,

- बालबालिका सम्बन्धी कार्यगर्दा स्थानीय निकायसंग समन्वय गरी एकद्वार पद्धतिबाट कार्य गर्ने गराउने,
- आ-आफ्नो क्षेत्रबाट हुने विकास निर्माण एवं सेवा प्रवाहलाई बालमैत्री बनाउने ।

गाउँ/नगरस्तरीय साझेदारहरु

(क) गाँउ विकास समिति र नगरपालिका : स्थानीय स्वायत्त निकायको रुपमा रहेका गाविस तथा नगरपालिकाको भूमिका देहाय बमोजिम रहनेछ ।

- केन्द्र र जिल्ला विकास समितिबाट प्राप्त मार्गदर्शन, नीति तथा कार्यक्रमहरु आ-आफ्नो क्षेत्रको सन्दर्भमा आवश्यकता अनुसार परिमार्जन गरी वा नगरी लागू गर्ने,
- आफ्नो क्षेत्रमा बालमैत्री स्थानीय शासन सम्बन्धी नीति तर्जुमा गर्ने,
- बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि सम्पर्क व्यक्ति तोक्ने,
- बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि स्थानीयस्तरमा योजना तथा कार्यक्रम संचालन गर्दा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,
- बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि बजेट विनियोजन गर्ने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी दीर्घकालीन नीति बनाई वार्षिक एवं आवधिक योजनामा समावेश गर्ने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी संचालित कार्यक्रमहरु समन्वयात्मक र एकीकृत ढंगबाट संचालन गर्ने गराउने,
- बाल समूहहरुको विकासमा सहयोग पुऱ्याउने,
- बालमैत्री स्थानीय शासनको आवधिक प्रगति समीक्षा गर्ने,
- आ-आफ्नो क्षेत्रबाट हुने सेवा प्रवाहलाई बालमैत्री बनाउने ।

(ख) बालमैत्री स्थानीय शासन नगर/गाउँ समिति : बालमैत्री शासन नगर तथा गाउँ समितिको गठन तरीका यस प्रकार छ । साथै तिनको भूमिका देहाय बमोजिम रहनेछ ।

- बालमैत्री स्थानीय शासन सम्बन्धी नगर/गाँउस्तरको नीति, निर्देशिका, कार्यविधि तयार गर्ने र यस पद्धतिको प्रवर्द्धन गर्न नगरपालिका/गाँउ विकास समितिलाई नीतिगत पृष्ठपोषण गर्ने,
- बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न नगर/गाँउ विकास समितिस्तरबाट समन्वयकारी भूमिका निर्वाह गर्ने,
- बालबालिकाको क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय एवं राष्ट्रिय, सरकारी एवं गैर सरकारी संघसंस्था तथा निकायबीच आवश्यक समन्वय गर्ने गराउने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने ।

(ग) सामुदायिक संस्था, सेवा केन्द्र, विद्यालय, स्वास्थ्य संस्था, गैसस तथा अन्य संघसंस्था

- बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम संचालन गरी सेवा प्रवाहमा सहयोग पुऱ्याउने,
- बालमैत्री स्थानीय शासनको अवधारणालाई समुदायस्तरसम्म पुऱ्याउन प्रवर्द्धनात्मक कार्यहरु गर्ने,
- बाल समूहहरुको विकास र प्रवर्द्धनमा सहयोग पुऱ्याउने,
- कार्यक्रमको स्वःअनुगमन, आवधिक समीक्षा र मूल्याङ्कन गर्ने,
- स्थानीयस्तरमा उपलब्ध साधन स्रोत बालबालिकाका क्षेत्रमा परिचालन गर्ने,
- सरोकारबालासंग सम्पर्क एवं समन्वय गर्ने र साझेदारी निर्माण गर्ने,
- स्वीकृत नीति निर्देशिका अनुसार कार्यक्रम संचालन गर्ने,
- आ-आफ्नो क्षेत्रमा संचालन हुने कार्यक्रमको स्वामित्व ग्रहण गर्ने,
- आ-आफ्नो क्षेत्रबाट हुने विकास निर्माण एवं सेवा प्रवाहलाई बालमैत्री बनाउने ।

बालमैत्री स्थानीय शासन संचालनको संस्थागत व्यवस्था

बालमैत्री स्थानीय शासनको प्रवर्द्धन, विकास, विस्तार र सुदृढीकरणमा सहयोग पुऱ्याउन केन्द्रदेखि समुदायसम्म विभिन्न संस्थागत सरचनाको व्यवस्था गरिएको छ । यस्ता संरचनाहरुलाई समावेशी र व्यहारिक वनाउने प्रयास भएको छ । संस्थागत संरचना सम्बन्धी विस्तृत विवरण तल दिईएको छ ।

१) बालमैत्री स्थानीय शासन राष्ट्रिय समिति

बालमैत्री स्थानीय शासनलाई एकीकृत र समन्वयात्मक ढंगबाट राष्ट्रिय एवं स्थानीयस्तरमा प्रवर्द्धन गर्ने प्रयोजनको लागि देहाय बमोजिमको "बालमैत्री स्थानीय शासन राष्ट्रिय समिति" गठन हुनेछ :

(१) सचिव, स्थानीय विकास मन्त्रालय – अध्यक्ष
(२) सह सचिव, राष्ट्रिय योजना आयोगको सचिबालय – सदस्य
(३) सह सचिव, अर्थ मन्त्रालय – सदस्य
(४) सह सचिव, स्वायत्त शासन समन्वय महाशाखा, स्थानीय विकास मन्त्रालय – सदस्य
(५) सह सचिव, गृह मन्त्रालय – सदस्य
(६) सह सचिव, शिक्षा मन्त्रालय – सदस्य
(७) सह सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय – सदस्य
(८) सह सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय – सदस्य
(९) सह सचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय – सदस्य
(१०) कार्यकारी निर्देशक, केन्द्रीय बाल कल्याण समिति – सदस्य
(११) प्रहरी नायव महानिरीक्षक, प्रहरी प्रधान कार्यालय, महिला तथा बालबालिका निर्देशनालय – सदस्य
(१२) सभापति, जिल्ला विकास समिति महासंघ, नेपाल – सदस्य
(१३) अध्यक्ष, नेपाल नगरपालिका संघ – सदस्य
(१४) अध्यक्ष, गाउँ विकास समिति राष्ट्रिय महासंघ, नेपाल – सदस्य
(१५) प्रतिनिधि, युनिसेफ नेपाल – सदस्य
(१६) अन्तर्राष्ट्रिय गैससमध्ये स्थानीय विकास मन्त्रालयले तोकेको प्रतिनिधि (१ जना) – सदस्य
(१७) उप सचिव, स्थानीय विकास मन्त्रालय, स्थानीय निकाय सहयोग शाखा – सदस्य सचिव

यस समितिले आवश्यकता अनुसार सम्बन्धीत क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

२) बालमैत्री स्थानीय शासन जिल्ला समिति

बालमैत्री स्थानीय शासनलाई जिल्लास्तरमा एकीकृत र समन्वयात्मक ढंगबाट प्रवर्द्धन गर्ने प्रयोजनका लागि जिल्लास्तरमा देहाय बमोजिमको बालमैत्री स्थानीय शासन जिल्ला समिति गठन हुनेछ :

(१) सभापति, जिल्ला विकास समिति -अध्यक्ष
(२) उप सभापति, जिल्ला विकास समिति -उपाध्यक्ष
(३) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय -सदस्य
(४) जिल्ला शिक्षा अधिकारी -सदस्य
(५) प्रमुख, जिल्ला (जन) स्वास्थ्य कार्यालय -सदस्य

(६) महिला विकास अधिकृत -सदस्य
(७) अधिकृत प्रतिनिधि, महिला तथा वातावरण ईकाई, जिल्ला प्रहरी कार्यालय -सदस्य
(८) महिला र बालबालिकाको क्षेत्रमा कार्यरत विकास साझेदारबाट जिल्ला विकास समितिले मनोनयन गरेको प्रतिनिधि १ जना -सदस्य
(९) गैसस महासंघ जिल्ला शाखाको प्रतिनिधि (महिला र बालबालिकाको क्षेत्रमा कार्यरत गैरसरकारी संघसंस्थाहरु मध्येबाट महासंघले मनोनयन गरेको प्रतिनिधि) १ जना -सदस्य
(१०) बालमैत्री स्थानीय शासनका लागि छानिएका गाँउ विकास समितिका अध्यक्ष तथा नगरपालिकाका प्रमुखहरुमध्ये जिल्ला विकास समितिले तोकेको प्रतिनिधि २ जना -सदस्य
(११) प्रतिनिधि, जिल्ला बाल कल्याण समिति -सदस्य
(१२) प्रतिनिधि, जिल्ला उद्योग वाणिज्य संघ -सदस्य
(१३) प्रतिनिधि, गाँउ विकास समिति महासंघ – सदस्य
(१४) प्रतिनिधि २ जना (कम्तिमा १ जना बालिका), जिल्ला बाल संजाल -सदस्य
(१५) महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था/समूह मध्ये जिल्ला विकास समितिले तोकेको प्रतिनिधिज्ञ (१ जना) – सदस्य
(१६) बालमैत्री शासन फोकल पर्सन, जिल्ला विकास समितिको कार्यालय -सदस्य
(१७) स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय -सदस्य सचिव[2]

यस समितिले आवश्यकता अनुसार सम्बन्धीत क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

बालमैत्री स्थानीय शासन नगर समिति

नगरपालिकास्तरमा बालमैत्री स्थानीय शासन संचालन गर्नका लागि देहाय बमोजिमको बालमैत्री स्थानीय शासन नगर समिति रहनेछ :

(१) प्रमुख, नगरपालिका -अध्यक्ष
(२) उप प्रमुख, नगरपालिका -उपाध्यक्ष
(३) नगरपालिकाले मनोनयन गरेको स्वास्थ्य संस्थाका प्रमुख/प्रतिनिधि (१ जना) -सदस्य
(४) शिक्षा कार्यालयका प्रमुख/प्रतिनिधि (१ जना) -सदस्य
(५) महिला विकास कार्यालयका प्रमुख/प्रतिनिधि (१ जना) -सदस्य
(६) गैसस महासंघ जिल्ला शाखाको प्रतिनिधि (महिला र बालबालिकाको क्षेत्रमा कार्यरत गैरसरकारी संघसंस्थाहरु मध्येबाट महासंघले मनोनयन गरेको प्रतिनिधि) १ जना - सदस्य
(७) स्थानीय विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट नगरपालिकाले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य
(८) नगरपालिकामा कार्यरत महिला शिक्षिका वा महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट नगरपालिकाले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य

[1] यसरी सदस्य छनौट गर्दा प्यारालिगल समिति वा यस्तै प्रकृतिका अन्य समूह भएको अवस्थामा उक्त समूहबाट सदस्य छनौट गर्नुपर्नेछ ।
[2] स्थानीय विकास अधिकारीले अध्यक्षको जिम्मेवारी लिएको अवस्थामा सदस्य सचिवको जिम्मेवारी अन्य कुनै पदाधिकारीलाई तोक्न सक्नेछ ।

(९) नगरपालिकास्तरीय बाल संजालका प्रतिनिधि २ जना (कम्तिमा १ जना बालिका समेत) -सदस्य

(१०) महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था/समूह मध्ये नगरपालिकाले तोकेको महिला प्रतिनिधि[3], (१ जना) – सदस्य

(११) नगरपालिकाका बालमैत्री स्थानीय शासन हेर्ने अधिकृत -सदस्य

(१२) कार्यकारी अधिकृत, नगरपालिकाका सदस्य–सचिव[4]

यस समितिले आवश्यकता अनुसार सम्बन्धीत क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

४) बालमैत्री स्थानीय शासन गाउँ समिति

गाँउ विकास समितिस्तरमा बालमैत्री स्थानीय शासन संचालन गर्नका लागि देहाय बमोजिमको बालमैत्री स्थानीय शासन गाउँ समिति रहनेछ :

(१) गाँउ विकास समिति अध्यक्ष -अध्यक्ष

(२) गाँउ विकास समिति उपाध्यक्ष -उपाध्यक्ष

(३) स्थानीय स्वास्थ्य संस्थाका प्रमुख/प्रतिनिधि (१ जना) -सदस्य

(४) महिला र बालबालिकाको क्षेत्रमा कार्यरत स्थानीय गैरसरकारी संघसंस्था वा सामुदायिक संस्था मध्येबाट गाँउ विकास समितिले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य

(५) विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट गाँउ विकास समितिले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य

(६) गाँउ विकास समितिमा कार्यरत महिला शिक्षिका वा महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट गाँउ विकास समितिले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य

(७) गाँउ विकास समितिस्तरीय बाल संजालका अध्यक्ष -सदस्य

(८) महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था/समूह मध्ये गाँउ विकास समितिले तोकेको महिला प्रतिनिधि[5], (१ जना) – सदस्य

(९) प्रतिनिधि, गाउँ बाल संरक्षण समिति[6] – सदस्य

(१०) बालमैत्री स्थानीय शासन हेर्ने गाँउ विकास समितिका कर्मचारी -सदस्य

(११) गाविस सचिव -सदस्य सचिव[7]

---

[3] यसरी महिला सदस्य छनौट गर्दा प्यारालिगल समिति वा यस्तै प्रकृतिका अन्य समूह भएको अवस्थामा उक्त समूहबाट सदस्य छनौट गर्नुपर्नेछ ।

[4] कार्यकारी अधिकृतले नगर प्रमुखको जिम्मेवारी लिएको अवस्थामा सदस्य सचिवको जिम्मेवारी अन्य कुनै पदाधिकारीलाई तोक्न सक्नेछ ।

[5] यसरी महिला सदस्य छनौट गर्दा प्यारालिगल समिति वा यस्तै प्रकृतिका अन्य समूह भएको अवस्थामा उक्त समूहबाट सदस्य छनौट गर्नुपर्नेछ ।

[6] यसरी प्रतिनिधि छनौट गर्दा केन्द्रीय बाल कल्याण समिति अन्तर्गतको समिति भएको अवस्थामा उक्त कमितिबाट सदस्य छनौट गर्नुपर्नेछ

[7] गाविस सचिवले अध्यक्षको जिम्मेवारी लिएको अवस्थामा सदस्य सचिवको जिम्मेवारी अन्य कुनै पदाधिकारीलाई तोक्न सक्नेछ ।

यस समितिले आवश्यकता अनुसार सम्बन्धीत क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

५) बालमैत्री स्थानीय शासन समुदायस्तरीय समिति

बालमैत्री स्थानीय शासनलाई समुदायस्तरमा संचालन गर्नका लागि देहाय बमोजिमको बालमैत्री समुदायस्तरीय समिति रहनेछ :

(१) सामुदायिक संस्था/समूहका अध्यक्षहरुमध्ये गाँउ विकास समितिले तोकेको प्रतिनिधि -अध्यक्ष
(२) स्थानीय विद्यालयका प्रधानाध्यापकहरुमध्ये सामुदायिक संस्था/समूहले छनौट गरेको १ जना प्रतिनिधि -सदस्य
(३) समुदायमा रहेका बाल समूहमध्ये सामुदायिक संस्था/समूहले छनौट गरेका १ जना बालिका सहित २ जना बाल प्रतिनिधि -सदस्य
(४) महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था/समूह मध्ये गाँउ विकास समितिले तोकेको महिला प्रतिनिधि[8], (१ जना) -सदस्य
(५) सामुदायिक संस्था/समुहका सचिव/मेनेजरहरु मध्येबाट उनीहरुले छानेको प्रतिनिधि (१ जना) -सदस्य सचिव

यस समितिले आवश्यकता अनुसार सम्बन्धीत क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

उपर्युक्त समितिहरुले आ-आफ्नो क्षेत्रका सम्बन्धीत केन्द्रीय एवं स्थानीय निकायहरु, गैसस एवं निजी क्षेत्रका संघसंस्थासँग समन्वय गरी बालमैत्री स्थानीय शासन पद्धतिको संस्थागत विकास र विस्तार गर्न सघाउ पुऱ्याउनु पर्दछ ।

[8] यसरी महिला सदस्य छनौट गर्दा प्यारालिगल समिति वा यस्तै प्रकृतिका अन्य समूह भएको अवस्थामा उक्त समूहबाट सदस्य छनौट गर्नुपर्नेछ ।

विपन्न र पिछडिएको वर्गको सहभागिता

विपन्न वर्ग

विपन्न वर्ग भनेको के हो र कस्ता वर्गलाई विपन्न वर्ग भन्ने विषयमा विभिन्न राय हुन सक्दछन् । स्थानीय विकास मन्त्रालयले खाद्यान्न उपलब्धता, प्राथमिक शिक्षा, स्वास्थ्य, निर्णय प्रक्रियामा सहभागिता जस्ता विषयलाई आधार मानि विपन्न वर्गको नक्सांकन गरेको छ । तरपनि सामान्य अर्थमा भन्नु पर्दा आर्थिक अवस्था कमजोर भई खाद्यान्नको समस्या भोगेका, बालबालिकालाई विद्यालय पठाउन नसकेका, राम्रो स्वास्थ्य सेवा प्राप्त गर्न नसकेका र सामाजिक तथा आर्थिक क्रियाकलापमा निर्णायक भुमिका निर्वाह गर्ने अवसर प्राप्त नगरेका वर्गलाई विपन्न वर्ग भनि वुझ्न सकिन्छ । नेपाल सरकारले आ.व. ०६६/०६७ को बजेट बक्तव्य मार्फत विपन्न तथा अत्यन्त पिछडिएका परिवारमा शिशु स्याहारको अवस्थामा सुधार ल्याउन आ.व. ०६६/६७ को कार्तिकदेखि प्रत्येक विपन्न दलित परिवार र कर्णाली अञ्चलमा सबै परिवारका ५ वर्ष मुनिका दुई जनासम्म बालबालिकाको पोषणमा खर्च गर्ने गरी आमा वा आमा नभएमा संरक्षकलाई प्रति बालबालिका मासिक रु. २००।- का दरले बाल संरक्षण अनुदान दिने घोषणा भए अनुरुप नेपाल सरकारले यो कार्यविधि तर्जुमा गरी जारी गरेको छ । यस बालसंरक्षण अनुदान कार्यविधि, २०६६ ले देहायका वर्गलाई विपन्न दलित परिवार भनि परिभाषित गरेको छः

- स्थायी वसोवासका लागि आफनो स्वामित्वमा वा अंशको हक लाग्ने आफनो परिवारमा समेत घर जग्गा नभएका विपन्न दलितहरु ।
- पहाडमा २ रोपनी र तराईमा १कट्ठा सम्म जग्गा भएका दलित परिवार ।
- आफनो खेत वारीबाट वर्षमा ३ महिना भन्दा कम समय खान पुग्ने दलित परिवार

हामो विद्यमान सामाजिक, आर्थिक तथा भौगोलिक अवस्था अनुसार विभिन्न जात जाति, वर्ग र लिंगका आधारमा विभेद रहेको देखिन्छ । यसैका कारण समाजका केही वर्ग माथि उठेका भए तापनि अधिकांस मानिसहरु गरिव, विपन्न र पछाडि परेका छन् । उनीहरुको आर्थिक, शैक्षिक तथा स्वास्थ्य अवसरहरुमा पहुँचको अवस्था समेत फरक रहेको देखिन्छ । यस्तै यस्ता वर्गको राजनैतिक, प्रशासनीक तथा प्राविधिक पहुँच समेत फरक परेको देखिन्छ । सामान्यतया दलित तथा विभिन्न जनजातिका मानिसहरु गरिवीको रेखा मुनि रहेका छन् भने उनीहरुलाई सामाजिक, आर्थिक तथा राजनैतिक अवसरहरवाट समेत वंचित रहनु परेको देखिन्छ । एक दलित महिलाको औषत आयु अन्य महिलाको भन्दा ५ वर्ष कम रहेको छ यस्तै दलितको साक्षरता प्रतिशत मुलुकको औषत दरभन्दा २१ प्रतिशत र आदिवासी जनजातिको ४ प्रतिशत कम रहेको छ (राष्ट्रिय योजना आयोग, ३ वर्षे अन्तरिम योजना) ।

समाजमा कस्ता वर्ग पछि परेका छन्

नेपालको विद्यमान अवस्था हेर्दा आर्थिक वृद्धिले धनी र गरिब बालबालिकाबीचको अन्तरलाई कम गर्न सकेको छैन । राष्ट्रिय सहस्राब्दी विकास लक्ष्यको औसत नतिजा हेर्दा यसले ठूलो र बढ्दो विषमतालाई लुकाउँछ । यसवाट अपेक्षित प्रतिफल प्राप्त गर्न कठिन छ । वित्तीय संकट, जलवायु परिवर्तन, शहरीकरण र मानवीय संकट सहश्राब्दी विकास लक्ष्यका उपलब्धीहरूका लागि खतरा हुन् । यिनै र यस्तै कारणहरुले गर्दा पनि नेपालमा धेरै वर्ग र क्षेत्रका मानिसहरु विपन्न र पछाडि परेका छन् ।

हामी हाम्रो गाउँघर र आसपासको अवस्था हेर्दा पनि विगट र दुर्गम स्थानमा रहेका, प्राकृतिक स्रोत साधनको उपलव्धता कम भएका, आर्थिक क्रियाकलापको अवसर प्राप्त नगरेका र हेयको दृष्टिले हेरिने गरेका वर्गनै समाजमा पछि परेका छन् । यस्ता वर्गमा विभिन्न जातजाति, महिला, पुरुष, तथा बालबालिका र किशोर किशोरीहरु हुन सक्दछन् । अझै यस यस भित्रको अवस्था हेर्दै जादा दलित, जनजाति तथा मधेशी र महिला तथा बालबालिका अझै पछि परेका हुन सक्दछन् । दुर्गम र दुर दराजका गाउँहरुमा अझै पनि आधारभुत स्वास्थ्य सेवा पुग्न सकेको छैन, प्राथमिक शिक्षाको अवसर प्राप्त छैन, रोजगारीको अवसर छैन, सुचना प्रर्याप्त छैन र मानिसहरुले न्यूनतम् सेवा सुविधा प्राप्त गर्न सकेका छैनन् । यस्तो क्षेत्र विकासमा पछि परेको छ । यस क्षेत्रमा बाल अधिकार वंजितिका थुप्रै उदाहरणहरु हुन सक्दछन् । दुर्गम, विकट र ग्रामिण इलाकामा ठूलो सङ्ख्यामा बालबालिका पीडित छन् ।

<u>बालमैत्री स्थानीय शासनमा विपन्न वर्गको सहभागिता कसरी वढाउने ?</u>

बालमैत्री स्थानीय शासन पद्धतिले समाजका सवै बालबालिकालाई विना भेदभाव आफ्नो अधिकार प्राप्तिमा सघाउ पुऱ्याउदछ । तर माथि उल्लेख गरिएका कतिपय अवस्थाका कारण विपन्न वर्गका बालवालिकाहरु अझै पनि यस प्रक्रियामा पछि पर्न सक्ने भएको हुदा उनीहरुको सहभागितालाई सुनिश्चित गर्न विशेष ध्यान दिनु आवश्यक छ । भनिन्छ बालिकालाई थप एक वर्षको शिक्षा दिदा शिशु मृत्युदरलाई ५%–१०% ले घटाउँदन सकिन्छ त्यस्तै पुरुषहरूले आफ्नो आम्दानीको ३०%–४०% आफ्नो परिवारमा पुनःलगानी गदर्छन् भने महिला र बालिकाहरूले ९०% सम्म लगानी गर्ने गदैछन् । माध्यमिक शिक्षा तहमा बालिकाहरूको सङ्ख्या १% ले बढाउँदा वार्षिक प्रतिव्यक्ति आय ०.३% ले वृद्धि हुन्छ । माध्यमिक शिक्षाले महिलाको पहिलो पटक आमा बन्ने उमेर ढिलाइ गर्नमा उल्लेख्य योगदान गर्दछ र आवागमनको स्वतन्त्रता अभिवृद्धि गर्न सक्दछ । माध्यमिक शिक्षाको एक वर्षले बालकहरूको ५%–१०% को प्रतिफल दरको तुलनामा बालिकाहरूको भावी आम्दानीमा १०%–२०% ले उल्लेखनीय वृद्धि ल्याउँदछ । यस्ता कारण पनि हामीले बालमैत्री स्थानीय शासन पद्धतिमा सबै बालवालिकाको सहभागिता सुनिश्चित गर्नु पर्दछ ।

हाम्रो मुलुकका दुर्गम तथा ग्रामिण समुदायमा रहको अधिकांश बालवालिका कुनै न कुनै रुपमा शोषित हुने गरेको गुनासो सुन्ने गरिन्छ । यस्ता बालवालिकाले न्यूनतम् बाल अधिकार को पनि उपयोग गर्न पाएका छैनन् । यस्तो हुनुमा एक प्रमुख कारण भौगोकि विकटता पनि हुन सक्दछ । यस्तो विकट क्षेत्रमा आधारभुत सेवा आपूर्ति गर्न वढि खर्चिलो हन्छ, कार्यान्वयन प्रक्रिया ढिलो हुन्छ र अनुगमन पद्धति कमजोर हुन्छ । तर प्राप्त स्रोत साधन प्रभावकारी रुपमा परिचालन गर्न सके नतिजा तुलनात्मकरुपमा राम्रो र किफायती हुन्छ । स्थानीयस्तरमा रहेका सामुदायिक संस्था, गैर सरकारी संस्था, महिला स्वास्थ्य स्वयंसेविका, सामाजिक परिचालक, ग्रामिण सहजकर्ता, बाल क्लव, बाल संजाल र सामुदायिक कार्यकर्तालाई प्रशिक्षण दिएर उनीहरुको क्षमता विकास गर्ने हो भने उनीहरुवाट सजिलै सेवा प्रवाह गर्न सकिन्छ । यस्ता वर्गको सहभागिता वृद्धि गर्न उनीहरुलाई आवश्यक सुचनाहरु प्रदान गर्ने, सीप र क्षमता विकास गर्ने, स्थानीयस्तरको निर्णय प्रक्रियामा सहभागिता वढाउने, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, सामुदायिक संस्थाको नेतृत्व, स्थानीय बाल क्लव, वाल संजाल जस्ता संरचनामा बाल सहभागित गराउदा विपन्न वर्गका बालबालिकालाई प्राथमिकता दिन सकेमा उनीहरुलाइ सहजै यस प्रक्रियामा सहभागि गराउन सकिन्छ । तर बाल सहभागिता सुनिश्चित गर्न सम्बन्धीत अभिभावक, शिक्षक र घरपरिवारको सहयोग महत्वपूर्ण रहने हुदा उनीहरुको समेत क्षमता, सीप, ज्ञान र दक्षता विकास गर्ने कार्यमा ध्यान जानु आवश्यक छ ।

बालमैत्री स्थानीय शासनको लागि स्रोत नक्साक्तन, क्षमता विकास र लगानी योजना

१) स्रोतः

हामी विकासको कुरा गर्दछौ, स्थानीय विकासको कुरा गर्दछौ अनि सामुदायिक विकासको कुरा गर्दछौ साथसाथै व्यक्तिगत विकासको पनि कुरा गर्दछौ । यस्ता सबै विकास भनेका हाम्रो गाउघरको विकास संग सम्बन्धीत हुन्छन् । आफ्नो गाउघरको विकासका लागि आफै जुट्नु पर्दछ । कुनै गाउँका मानिसहरुले विकास कुरा गर्दछन् भने पहिला आफ्ना समस्याहरु के के हुन् पत्ता लगाउनु पर्दछ । यसरी समस्या पत्ता लगाई सकेपछि समस्याको प्राथमिकता निर्धारण गर्ने अनि प्राथमिकता अनुसार समस्या समाधानका लागि विकास कार्यहरु गर्दै जानु पर्दछ । यस्ता कार्यहरु सम्पन्न गर्न स्रोत आवश्यक हुन्छ । स्रोत भन्ने वितिक्कै हामी सबै आर्थिक स्रोत वा वजेटको कुरा गर्दछौ । तर यो मात्रै स्रोत होईन । आफ्नो समाज, समाजका मानिहरु, त्यहाको जमिन, जंगल र पानी र फोहरमैला समेत स्रोत हुन सक्दछन् । त्यसैले कुनैपनि समस्या समाधानको लागि लक्षित काम गर्न आवश्यक सामाग्री, जनशक्ति, सामुदायिक सहभागिता, भौतिक सुविधा, रकम लगानी (वजेट), सामाजिक पूर्वाधार जस्ता वस्तुहलाई स्रोत भनिन्छ । हाम्रो सम्बन्धमा बालमैत्री स्थानीय शासन पद्धतिको विकास, विस्तार र सुदृढीकरण कसरी गर्ने भन्ने विषय प्राथमिकतामा परेको हुदै यसैसंग सम्बन्धीत कार्यक्रम सम्पन्न गर्न लाग्ने वस्तुहरुलाई स्रोत भनि वुझ्नु उपयुक्त हुन्छ । उदाहरणका लागि हामी बालमैत्री हाम्रो गाउँ, नगर वा जिल्लालाई बालमैत्री वनाउन चाहन्छौ भने पहिला हामी हाम्रो समस्या विश्लेषण गरौं, त्यसपछि प्राथमिकता निर्धारण गरौं र योजना वनाऔं । यस्तो योजना कार्यान्वयन गर्न लाग्ने आवश्यक जनशक्ति, वजेट र सामाग्रीहरु पत्ता लगाऔं । यी सबैनै हाम्रा लागि स्रोत हुन सक्दछन् । यसरी हेर्दा हामी स्रोतलाई मुलतः ३ भागमा वाढ्न सक्दछौ ।

(क) आर्थिक स्रोतः भन्नाले बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन, विकास, विस्तार र सुदृढीकरणका लागि आवश्यक पर्ने वजेट भन्ने वुझ्नु पर्दछ । स्थानीय निकायहरुले तर्जुमा गरेको बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमको लागि कति वजेट लाग्न सक्दछ र यो कहावाट प्राप्त हुन सक्दछ भन्ने अनुमान र विश्लेषण गर्नु पर्दछ । सामान्यतयाः यस्तो स्रोत गाउँ विकास समिति, नगरपालिका, जिल्ला विकास समिति, स्थानीय विकास मन्त्रालय (स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम), नेपाल सरकारका विषयगत कार्यालयहरु (खासगरी जिल्ला शिक्षा कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय), दातृ निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था, संयुक्त राष्ट्रसघीय निकायहरु र स्थानीय समुदायवाट समेत प्राप्त हुन सक्दछ ।

(ख) मानवीय स्रोतः भन्नाले बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन, विकास, विस्तार र सुदृढीकरणका लागि आवश्यक पर्ने जनशक्ति (कर्मचारी, विज्ञ, स्वयंसेवक/सेविका, समुदाय, बालबालिका, युवा) भन्ने वुझ्नु पर्दछ । स्थानीय निकायहरुले तर्जुमा गरेको बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमको लागि कति जनशक्ति लाग्न सक्दछ र यो कहावाट प्राप्त हुन सक्दछ भन्ने अनुमान र विश्लेषण गर्नु पर्दछ । सामान्यतयाः यस्तो स्रोत गाउँ विकास समिति, नगरपालिका, जिल्ला विकास समिति, विषयगत कार्यालयहरु (खासगरी जिल्ला शिक्षा कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय) मा विद्यमान जनशक्तिवाट प्राप्त हुन्छ । यसका साथै सम्बन्धीत दातृ निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था, संयुक्त राष्ट्रसघीय निकायहरु र स्थानीय समुदायमा उपलव्ध विज्ञ, कर्मचारी, सीपयुक्त व्यक्तिहरुको सेवा समेत प्राप्त हुन सक्नेछ । यस प्रकार बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि मौजुदा जनशक्तिको क्षमता विकास गरी कार्य संचालन गरिनेछ । यस्तो कार्यको लागि वार्षिक कार्य योजनामै बजेट व्यवस्था गर्न सकिनेछ ।

जिल्ला विकास समिति र नगरपालिकामा रहेको मानव संसाधन विकास केन्द्रले जनशक्ति विकास र व्यवस्थापन कार्य गर्नेछन् ।

(ग) भौतिक स्रोतः भन्नाले बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन, विकास, विस्तार र सुदृढीकरणका लागि आवश्यक पर्ने सामजिक तथा भौतिक पूर्वाधार र सामाग्रीहरु भन्ने बुझ्नु पर्दछ । यस्ता स्रोतहरुमा स्थानीय विद्यालय, शिक्षण संस्था, स्वास्थ संस्था, अस्पताल, सेवा केन्द्र, गाविस, नगरपालिका र उनीहरुसंग उपलव्ध भौतिक साधन, सडक, यातायात, खानेपानी, टेलिफोन, विद्युत, पुस्तक, पम्पलेट, पोष्टर, म्यानुअल, कार्यविधि, प्रतिवेदन, फर्निचर, औजार उपकरण, खेलकुदका सामाग्री जस्ता वस्तुहरु पर्दछन् । स्थानीय निकायहरुले तर्जुमा गरेको बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमको लागि कति भौतिक स्रोत लाग्न सक्दछ र यो कहावाट प्राप्त हुन सक्दछ भन्ने अनुमान र विश्लेषण गर्नु पर्दछ ।

यस्ता स्रोतहरु मध्ये कतिपय प्राकृतिक स्रोत हुन सक्दछन् भने कतिपय मानवनिर्मित स्रोत पनि हुन सक्दछन् ।

२) स्रोत नक्सांकनः

हाम्रो समाज, गाउँ वस्ती, जिल्ला र आसपासमा यस्ता थुप्रै स्रोतहरु भएका हुन सक्दछन्, जसलाई हामीले स्रोतको रुपमा देख्न नसकेको हुन सक्दछ । त्यसैले समुदायका मानिसहरु वसेर यस्ता स्रोतहरुको नक्सांकन गर्न सकिन्छ । आफ्नो वस्ती वा गाउँ, टोल, नगर वा जिल्लामा रहेका स्रोतहरुलाई कुनै कागज वा चित्रमा देखाउने कार्यलाई स्रोत नक्सांकन भनिन्छ । यस्तो स्रोत नक्सामा गाउँ, वस्ती, टोल, विद्यालय, खानेपानी धारा, ग्रामिण सामुदायिक स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य चौकी, अस्पताल, वनजंगल, खोला, खेतवारी, चौतारो, प्रारम्भिक वाल केन्द्र, कुलो, पैनी, वाध, क्याम्पस, टेलिफोन, विजुलि वत्ती, उद्यम व्यवसाय, सार्वजनिक स्थल, पार्क, वाल क्लव, सामुदायिक संस्था, सरकारी कार्यालय, गैर सरकारी संस्था, गाविस भवन, नगरपालिका, वडा कार्यालय, जिविस, तरकारी वजार, औषधी पसल, फोहर पाल्ने ठाउँ, शौचालय, आदी लगायतका कुराहरु कहा कहा छन् र यिनीहरुवाट के कस्ता सुविधा प्राप्त हुन सक्छ भन्ने कुरा देखाउन सकिन्छ । साथै कुन घरमा कति मानिसहरु छन्, तिनीहरुमा कति महिला, कति पुरुष, कति बालक, बति बालिका र कति वृद्धवृद्धा छन् सो समेत पत्ता लगाउन सकिन्छ । उनीहरुको शैक्षिक अवस्था कस्तो छ, सीप र अनुभव के छ र बालमैत्री स्थानीय शासन पद्धतिको विकास, विस्तार र सुदृढीकरणमा उनीहरुको भुमिका के हुन सक्छ भनि पत्ता लगाउन सकिन्छ । यसै कार्यलाई यहा स्रोत नक्सांकन भन्न खोजिएको छ ।

बालमैत्री स्थानीय शासनका लागि स्रोतको व्यवस्था:

बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धनको लागि नेपाल सरकार, विकास साझेदार, स्थानीय निकाय, गैर सरकारी संस्था र अन्य सहयोगी संस्थाहरुको उल्लेख्य भूमिका रहनेछ । नेपाल सरकारले स्थानीय निकायलाई स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम मार्फत थप अनुदान उपलव्ध गराउने रकमबाट यस क्षेत्रमा खर्च जुटाउन सहयोग पुग्नेछ । विकास साझेदारहरुले बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनैतिक खाकाको कार्यान्वयनको लागि सामुहिक वा छुट्टा छुट्टै रुपमा कार्यक्रम सहयोग वा बजेटगत सहयोग वा अन्य सहयोगको रुपमा समझदारी पत्रमा उल्लेख भए बमोजिम थप वित्तीय सहयोग उपलव्ध गराउनेछन् । नेपाल राष्ट्रिय कार्यक्रम कार्ययोजनामा उल्लेख भए बमोजिम सन् २०१२ सम्म र त्यसपछि पनि निर्धारित कार्यक्रमलाई सघाउ पुग्ने गरी युनिसेफ लगायतका विकास साझेदार संस्थाहरुबाट सहयोग प्राप्त गर्न ध्यान दिइनेछ । स्थानीय निकायले आवधिक तथा वार्षिक बालमैत्री योजना तर्जुमा गर्ने र यसको कार्यान्वयनको लागि आफ्नो कुल पूजीँगत बजेटको कम्तिमा १५ प्रतिशत रकम विनियोजन गरी लगानी सुनिश्चित गर्नेछन् । यस्तै, गैर सरकारी संस्था र अन्य सहयोगी संस्थाहरुले यो रणनीतिको कार्यान्वयनको लागि बनेको आवधिक तथा वार्षिक योजनासंग सह-सम्वन्ध कायम राखी बजेट सहयोग वा कार्यक्रम संचालनमा सहयोग उपलव्ध गराउनेछन् । यसको लागि आवश्यक मानवीय तथा भौतिक स्रोत पहिचान र परिचालनमा स्थानीय निकाय, नेपाल सरकारका विषयगत कार्यालय, दातृ निकाय, गैर सरकारी संस्था, नीजि क्षेत्र र स्थानीय समुदायको सहयोग र सहभागिता रहनेछ ।

यसका साथै स्थानीय विकास मन्त्रालयले स्थानीय निकायको अनुगमन मूल्याङ्कन लगायतका सूचकहरुमा बालमैत्री स्थानीय शासन सम्बन्धी सूचकहरु थप गर्नेछ र यस सम्बन्धी सूचकहरुको मूल्याङ्कनको आधारमा स्थानीय निकायलाई वार्षिक एकमुष्ट थप आर्थिक अनुदान दिन र दातृ निकायबाट थप आर्थिक, मानवीय तथा भौतिक स्रोत साधन जुटाउन प्राथमिकता दिनेछ ।

३) लगानी योजना:

कुनैपनि योजना वा कार्यक्रम संचालन गर्न लगानी आवश्यक हुन्छ, त्यसैले लगानीलाई योजना कार्यान्वयनको पूर्व शर्तको रुपमा लिईएको हुन्छ । लगानी (आर्थिक, मानवीय वा भौतिक) विना कुनै पनि कार्य सम्पन्न गर्न नसकिने हुदा यसलाई पूर्व शर्तको रुपमा लिईएको हो । त्यसैले बालमैत्री स्थानीय शासन प्रवर्द्धन, विकास, विस्तार र सुदृढीकरणको लागि लगानी सुनिश्चत हुनु पर्दछ ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले व्यवस्था गरे वमोजिम स्थानीय निकायहरु (गाविस, नगरपालिका र जिविस) ले आफ्नो आवधिक तथा वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै आएका छन् । तर स्थानीय आवश्यकताको तुलनामा लगानी कम हुने हुदा प्राथमिकतामा परेका सवै योजना वा कार्यक्रमहरु कार्यान्वयन गर्न नसकेको अवस्था रहेको छ । प्राथमिकतामा परेका योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न पहिलेनै स्रोत विश्लेषण गरी लगानी सुनिश्चित गर्नु पर्दछ । अन्यथा वार्षिक वा आवधिक योजनामा समावेश गरिएका कार्यक्रमहरु पनि कार्यान्वयन हुन सक्दैनन् । हाल बालमैत्री स्थानीय शासनलाई प्राथमिकतामा राखिएको हुदा यस सम्बन्धी जति पनि योजना तथा कार्यक्रमहरु तर्जुमा गरिएका हुन्छन् तिनका लागि आवश्यक वजेट प्राप्त हुने पक्का गर्नुपर्दछ । यस्तो लगानी योजना सम्बन्धीत स्थानीय निकाय, विषयगत कार्यालयका विज्ञ, बाल क्लव वा बाल संजालका प्रतिनिधि, स्थानीय सामुदायिक संस्था, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति र अन्य सम्बन्धीत निकायको सहभागितामा तयार गर्नु पर्दछ । लगानी योजना तर्जुमा गर्दा यस्ता योजनामा लगानी गर्ने निकायको उपस्थिती अनिवार्य हुन्छ र यस्तो योजनामा उनीहरुवाट अपेक्षित

लगानी समेत स्पष्ट रुपमा किटान गर्नु पर्दछ । सम्बन्धीत निकायको प्रतिवद्धताविना लगानी योजना तर्जुमा गर्दा लगानी सुनिश्चित हुन सक्दैन । बालबालिकाको लागि स्थानीय लगानी योजनाको खाका तल दिईएको छ ।

अवधिः .....देखि .....सम्म
जिल्लाः. . .. . गाँउ विकास समितिः... ....नगरपालिकाः.... ... .
वडा नं.....वस्ती/टोलः
बजेटको स्रोतः
बजेट प्राप्त हुने समयः (छिटोमा .....ढिलोमा .....)
योजना कार्यान्वयन गर्ने समयः शुरु हुने मितिः.....सम्पन्न हुने मिति.....

लगानीको क्षेत्र/कार्यक्रम	वार्षिक लक्ष्य	न्यूनतम् सूचकमा योगदान		आवश्यक जम्मा बजेट	बजेटका स्रोतहरु र प्राप्त हुने रकम रु.									न्यून रु	जोखिम
		सूचक	उपलब्धि		स्थानीय स्रोत				वाह्य स्रोत			अन्य	जम्मा		
					जिविस	नपा	गाविस	सहभागिता	नेपाल सरकार	विकास साझेदार	गैसस				
जम्मा															
नोटः नपुग हुने बजेट कुन स्रोतवाट जुटाईने हो सो स्पष्ट उल्लेख गर्नु पर्दछ ।															

आफ्नो क्षेत्रको वस्तुस्थिति विवरण तथा विकास योजनाले लिएका निर्दिष्ट लक्ष्य हासिल गर्न स्थानीय निकायले बालबालिकाको लागि लगानी योजना तर्जुमा गर्नेछन् । यस्तो लगानी योजनामा बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि अवलम्बन गरिने सबै कार्यक्रम तथा क्रियाकलापलाई स्रोतगत रुपमा उल्लेख गरिनेछ । यसो गर्दा केन्द्रीय सरकारबाट प्राप्त अनुदान, वाह्य सहयोग, आन्तरिक स्रोत तथा गैसस र स्थानीय विषयगत निकायबाट प्राप्त रकमलाई स्पष्ट र एकीकृत रुपमा विनियोजन गर्नु आवश्यक हुन्छ ।

४) क्षमता विकास

कुनैपनि निकाय, संस्था वा व्यक्ति आफूलाई दिईएको वा आफूले लिएको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गर्न सक्ने वा नसक्ने कुरा उनीहरुको क्षमता संग सम्बन्धीत हुन्छ । यस्तो क्षमता कसैले पनि जन्मजात प्राप्त गर्न सक्दैन । यसको लागि लगानी, जाँगर र लगन चाहिन्छ । यसरी उनीहरुलाई निर्धारित कार्य गर्न चाहिने सीप, दक्षता, जोस र जागर उपलव्ध भै निर्धारित कार्य योजना अनुसार कार्य गर्न सक्ने अवस्थामा पुऱ्याउनु र कार्य गर्न सक्नुलाई क्षमता विकास भनिन्छ । बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि सम्बन्धीत साझेदारहरुको क्षमता विकासका लागि देहायका कार्यहरु गर्नु पर्दछः

(१) विभिन्न तहका साझेदार र सहयोगीहरुबीच कार्यगत संजाल निर्माण गर्ने ।

(२) बालमैत्री कार्यक्रम संचालन गर्न आवश्यक पर्ने आर्थिक तथा प्राविधिक सहयोग उपलव्ध गराउने ।

(३) नमूनाको रुपमा बालबालिकाका लागि मात्र कार्यक्रम संचालन गर्ने ।

(४) अध्ययन, अनुसन्धान, तालिम, गोष्ठी तथा सेमिनारहरु संचालन गर्ने र तालिम, अवलोकन र अनुभव आदान प्रदानका माध्यमबाट मानवीय क्षमताको विकास गर्ने ।

(५) संचार रणनीति तयार गरी अवधारणा, नीति तथा कार्यक्रमहरुको सम्प्रेषणका लागि रेडियो, एफएम्, टिभि, पत्रपत्रिकाजस्ता संचार माध्यमहरुको उपयोग गर्ने ।

(६) राष्ट्रियस्तरमा स्रोत व्यक्ति एवं प्रशिक्षकहरुको सूची तयार गरी आवश्यकता अनुसार परिचालन गर्ने । आवश्यक शिक्षण सामाग्री तयार गरी जिल्लास्तरमा समेत प्रशिक्षक तयार गर्ने ।

(७) स्थानीय विकास मन्त्रालय, जिल्ला विकास समिति र नगरपालिकामा बालमैत्री स्थानीय शासन स्रोत केन्द्र स्थापना गर्ने र वेब साइटमा बालमैत्री उपयोगी सामाग्री राखी व्यापक प्रचार प्रसार गराउने ।

(८) जिल्लास्तरमा जिल्ला सूचना तथा अभिलेख केन्द्र र मानव संसाधन विकास केन्द्रको क्षमता बढाउने ।

यस प्रक्रियालाई कार्यान्वयन गर्न र बालमैत्री सेवालाई प्रभावकारी रुपमा अघि बढाउन देहायको क्षमता विकास कार्य गरिनेछ ।

(१) बालमैत्री स्थानीय शासन पद्धतिको कार्यान्वयनको लागि स्थानीय विकास मन्त्रालय मार्फत विभिन्न तहमा प्रशिक्षक प्रशिक्षण (ToT) सञ्चालन गर्ने ।

(२) बालमैत्री स्थानीय शासन प्रवर्द्धन हुनेगरी स्थानीय निकायको क्षमता मूल्याङ्कन गरी विद्यमान क्षमता र चाहिने न्यूनतम् क्षमताको बीचको खाडल (Gap) पहिचान गर्ने ।

(३) देखिएको खाडलको आधारमा क्षमता विकास योजना तर्जुमा गरी आवश्यक प्राविधिक सहयोग र प्रशिक्षक प्रशिक्षण तालिम संचालन गर्ने ।

(४) प्रशिक्षक प्रशिक्षण (ToT) प्राप्त प्रशिक्षकहरुले जिल्ला, नगर, गाउँ एवं समुदायस्तरमा प्रशिक्षण दिने । यसका लागि आवश्यकता अनुसार केन्द्रीय तहका स्रोत व्यक्तिहरुको सेवा लिने ।

(५) विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति र स्थानीयस्तरमा कार्य गर्ने सामाजिक परिचालक/गाउँ सहजकर्ता, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, स्थानीय निकायका पदाधिकारी र प्राथमिक तहका शिक्षकहरुलाई अनिवार्य रुपले बालमैत्री स्थानीय शासन सम्बन्धी प्रशिक्षण दिईने ।

यस पद्धतिको प्रभावकारी संचालनको लागि वार्षिक कार्ययोजनामा बजेट व्यवस्था गरी संस्थागत क्षमता विकासको समग्र प्याकेज निर्माण गर्न सकिनेछ । यस्तो प्याकेजमा बालमैत्री स्थानीय शासन प्रर्वद्धन सम्बन्धी प्रक्रियागत कार्यहरु समेत समावेश हुनेछन् । यस्तो कार्यक्रम संचालन गर्न बालमैत्री स्थानीय शासनका लागि विनियोजित रकमको २० प्रतिशतको सीमा भित्र रहनु पर्नेछ ।

नोटः क्षमता विकाससम्बन्धी गोष्ठी, प्रशिक्षण जस्ता कार्य संचालन गर्दा लाग्ने खर्चको लागि स्थानीय निकायहरुले आफ्नो नर्म्स तथा मापदण्ड निर्धारण गर्नेछन् । यसको लागि सम्बन्धीत स्थानीय निकायले प्रचलनमा रहेको कुनै स्वीकृत नर्म्स तथा मापदण्डलाई आधार मान्न सक्नेछन् ।

बालमैत्री स्थानीय शासन सम्बन्धी आवधिक तथा वार्षिक योजना तर्जुमा र कार्यान्वयन प्रक्रिया

योजना

हाम्रा आवश्यकताहरु असिमित छन् तर स्रोत साधन सिमित रहेको छ । स्रोत साधन भन्नाले आर्थिक स्रोत मात्र नभै हाम्रो समय र मानवीय स्रोतलाई समेत सम्झनु पर्दछ । हामीले गर्नुपर्ने कामहरु धेरै छन् जस्तो हामी आफ्नै व्यक्तिगत र घरपरिवारको लागि काम गर्छौं । त्यस्तै हामी समाज, गाउँ, जिल्ला र देशको लागि पनि काम गर्छौं । हाम्रा समस्या कृषि उत्पादन संग सम्बन्धीत छन्, स्वास्थ्य संग सम्बन्धीत छन्, शिक्षासंग सम्बन्धीत छन्, बालबालिकाको विकास संग सम्बन्धीत छन् । यस्तै हामीलाई सडक चाहिएको छ, खानेपानी चाहिएको छ, सिंचाइ चाहिएको छ, सामुदायिक भवन चाहिएको छ अनि विजुलि पनि चाहियो, टेलिफोन चाहियो, आदि । यसका साथै हामीलाई खेल मैदान चाहिएको छ, वगैचा र पार्क चाहिएको छ अनि स्वास्थ्य चौकि र कृषि केन्द्र पनि चाहिएको छ । यस्ता यावत आवश्यकताहरु पुरा गर्न हामीसंग नत प्रयाप्त पैसा छ, न दक्ष जनशक्ति र समयनै । यस्तो अवस्थामा हामी सवै काम एकै पटक गर्न सक्दैनौ त्यसैले यसको लागि प्राथमिकता तोक्दै आफ्नो आवश्यकता विस्तारै पुरा गर्दै जानु पर्दछ । यसरी उपलव्ध स्रोत परिचालन गरेर निश्चित समयमा कुनै लक्ष्य वा उद्देश्य पुरा गर्न निर्धारण गरिएको पद्धतिलाई सामान्य अर्थमा योजना भनि वुझ्नु उपयुक्त हुन्छ ।

कुनै पनि योजनाले एक वा वहु क्षेत्र समेटेको हुन्छ । त्यसैले हामीहरु अहिले कहा छौं र कतातिर लाग्दैछौं भन्ने जानेपछि मात्र हामीले त्यसपछि के गर्ने र कसरी गर्ने भन्ने वारे निर्णय लिन सक्दछौ । यसैले योजना भनेको भविष्यको अनिश्चिततालाई वस्तुगत आधारमा निश्चिततामा परिणत गरी भविष्यलाई आफूले चाहेको जस्तो अवस्था (दीर्घकालीन सोंच र लक्ष्य) तर्फ उन्मुख गराउने पद्धति हो ।

आवधिक बालमैत्री स्थानीय शासन योजनाः

जिल्ला, नगर वा गाँउको सामाजिक, आर्थिक, सांस्कृतिक तथा मानवीय र भौतिक स्रोत साधन तथा क्षमताको विश्लेषण गर्दै बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन, विकास, विस्तार सुदृढीकरणका लागि लक्ष्य तथा उद्देश्यहरु निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त नीति, सिद्धान्त, रणनीति तथा प्राथमिकताहरु पहिचान एवम् परिभाषित गरि आवश्यक स्रोत साधन निर्धारण गरिएको दस्तावेजलाई आवधिक बालमैत्री जिल्ला, नगर वा गाँउ विकास योजना भनिन्छ ।

आवधिक बालमैत्री योजनाले न्यूनतम् ५ र अधिकतम् ७ वर्षको अवधिमा बाल अधिकार र बालवालिकाको हितको लागि जिल्ला, नगर वा गाँउ ले के गर्न खोजेको हो भनि उनीहरुले चाहेको दिशातर्फ डोऱ्याउने काम गर्दछ ।

वार्षिक बालमैत्री स्थानीय शासन योजनाः

वार्षिक योजना भनेको कुनै पनि निकाय वा संघ संस्थाले एक आर्थिक वर्षको लागि बनाउने योजना हो । बालमैत्री स्थानीय शासन सम्बन्धी वार्षिक योजनाले बाल अधिकारका विषयहरुलाई समेटेको हुन्छ । यस्तो योजना आवधिक बालमैत्री योजनालाई आधार मानी तयार गर्नु पर्दछ जसले गर्दा आवधिक बालमैत्री योजनाले

निर्धारण गरेका लक्ष्य तथा उद्देश्यहरु प्राप्त गर्न सजिलो हुन्छ । यस्तो योजनालाई बालबालिका सम्बन्धी स्थानीय विकास योजना पनि भनिन्छ ।

<u>योजना, आयोजना, परियोजनाः</u> कतिपय अवस्थामा हामी योजना, आयोजना वा परियोजना भनेको के होला भनेर अन्यौलमा पर्ने गर्दछौ । यिनिहरु विचको फरक के होला भनेर वुझ्ने प्रयास गदैछौ तर यसको अन्तर पत्ता लगाउन निकै कठिन हुने गर्दछ, किनकि हामीले हेर्ने, देख्ने र वुझ्ने गरेका कतिपय दस्तावेजहरुमा यिनिहरुलाई अलग अलग ढंगले प्रस्तुत गर्ने गरेको पाईन्छ । समान्य अर्थमा आयोजना वा परियोजनामा खासै भिन्नता देखिदैन, तर योजना चाहि अलि फरक देखिन्छ ।

कुनै पनि कार्य व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि निर्धारण गरिने रुपरेखा नै योजना हो । यसमा के, किन, कहिले, कहाँ, कसरी, कसले भन्ने कुराको स्पष्ट खाका कोरिन्छ । हाम्रो सम्बन्धमा योजना वृहत् हुन्छ र बढी Indicative हुन्छ अर्थात् उद्देश्य, लक्ष्य, रणनीतिको माध्यमबाट विकासको गतिलाई कुन दिशा तर्फ निर्देशित गर्ने भन्ने मार्गदर्शन गरिएको हुन्छ । योजना कुनै विषय क्षेत्रगत वा एकीकृत र समष्टिगत प्रकृतिको हुन्छ । योजनाको अवधिको हिसाबले हेर्दा योजना दीर्घकालिन, मध्यकालिन र अल्पकालिन हुन्छ । सामान्यतया १५ बर्ष माथिको योजना दीर्घकालिन, ३ देखि १० बर्ष सम्मको आवधिक र एक बर्षको लागि बनाईने योजनालाई बार्षिक भनिन्छ । एउटा योजनाले एक भन्दा बढी कार्यक्रम, आयोजना वा परियोजना, र थुप्रै क्रियाकलापहरुलाई समेटेको हुन्छ । यस अर्थमा भन्नु पर्दा कुनै विषयवस्तुको सम्पुर्णतालाई ध्यानमा राखी सो सम्बन्धी कार्य सम्पन्न गर्नको लागि बनाइएको विस्तृत योजनालाई आयोजना वा परियोजना भनिन्छ । यसमा निश्चित क्षेत्र तोकि समय, बजेट र सूचकहरु निर्धारण गरी कुशल समायोजना गरिएको हुन्छ । त्यस्तै विविध अंगहरुको सम्पादन गर्न तयार गरिएको कुनै कामको सिलसिला, क्रम र प्रक्रिया नै कार्यक्रम हो । योजनाको उद्देश्य पुरा गर्नको लागि त्यस निर्धारित योजनाको फ्रेम भित्र विभिन्न कार्यक्रमहरु हुन्छन् । कार्यक्रम भित्र विभिन्न परियोजना र क्रियाकलापहरु हुन्छन् । कार्यक्रम एउटा प्याकेज हो भने कुनै निश्चित क्षेत्र, सिमा र समयमा गरिने गतिविधि नै क्रियाकलाप हो ।

हामीले योजना भनेको के हो भनेर माथिनै छलफल गरिसकेका छौ, यसले अलि फराकिलो लक्ष्य लिएको हुन्छ । योजना कुनै विषय क्षेत्रगत वा एकीकृत र समष्टिगत पनि हुन्छ । एउटा योजनाले धेरै आयोजना वा परियोजनाको समेत कल्पना गरेको हुन्छ । सामान्य अर्थमा आयोजना वा परियोजना भन्नाले कुनै निश्चित उद्देश्य वा कार्य सम्पन्न गर्ने प्रयोजनका निम्ति तोकिएको स्रोत र साधनको परिचालनवाट निर्धारित गुणस्तरको सेवा वा वस्तु उत्पादन गर्ने कार्य पद्धति भन्ने वुझिन्छ । यसमा समय सीमा, लक्ष्य, उद्देश्य, रणनीति, क्रियाकलाप, लगानी तथा लाभान्वित वर्ग र क्षेत्र तथा स्थान स्पष्ट गरिएको हुन्छ । तसर्थ हाम्रो सन्दर्भमा निर्धारित समय अवधिभित्रमा बालमैत्री स्थानीय शासन सम्बन्धी निश्चित लक्ष्य तथा उद्देश्य प्राप्त गर्ने हेतुले स्थानीय निकायले निर्धारण गरेको कुनै पनि योजनामा बालबालिकाको हितलाई ध्यानमा राखि यसलाई बालमैत्री वनाईएको छ भने त्यस्तो आर्थिक तथा प्राविधिक र भौतिक क्रियाकलापलाई बालमैत्री आयोजना भनी वुझ्नु उपयुक्त हुन्छ । तर बालमैत्री स्थानीय शासन आफैमा कुनै आयोजना वा परियोजना होइन ।

<u>एकीकृत बालमैत्री स्थानीय शासन योजनाः</u>

बालमैत्री स्थानीय शासन एक पद्धति र प्रक्रिया हो भन्ने विषयमा हामीले धेरै छलफल गरिसकेका छौ । यो कुनै आयोजना वा परियोजना होइन वरु यो त एक अवधारणा र प्रक्रिया हो । यसको लक्ष्य तथा उद्देश्यहरु फराकिलो रहेका छन् । त्यस्तै बालमैत्री स्थानीय शासनका हामीले योजना भनेको के हो भनेर माथिनै छलफल गरिसकेका छौ, यसको लक्ष्य तथा उद्देश्य धेरै फराकिलो रहेको छ । यसका सूचकहरु प्राप्त गर्न कुनै एक निकाय, कार्यालय, मन्त्रालय वा वर्ग र क्षेत्रले मात्रै सक्दैन । यिनिहरु धेरै विषय क्षेत्रसंग सम्बन्धीत रहेका छन् ।

त्यसैले बालमैत्री स्थानीय शासनको लक्ष्य तथा उद्देश्य प्राप्त गर्न धेरै साझेदार र सहयोगी निकायहरुको एकीकृत र समन्वयात्मक प्रयास आवश्यक छ । यस प्रक्रियामा धेरै सहयात्रीहरु रहने हुदा उनीहरु विचको समन्वय र साझेदारीलाई सहजीकरण गर्न यस प्रक्रियाको नेतृत्व स्थानीय निकायहरुले गर्ने गरी नीति तयार गरिएको हो । यसैले विकासका विभिन्न पक्षमा कार्यरत निकायहरु (कार्यालय, संस्था, समूह, साझेदार, सहयोगी र दातृ निकाय) ले आ-आफ्नो उद्देश्य वमोजिम तयार गरेका विषय क्षेत्रगत बालमैत्री योजनाहरुको समष्टिगत स्वरुपलाई एकीकृत बालमैत्री स्थानीय शासन योजना भनिएको छ । उदाहरणका लागि स्थानीय स्वायत्त शासन ऐन, २०५५ अनुसार नेपालका प्रत्येक स्थानीय निकायहरुले आवधिक तथा वार्षिक योजना तर्जुमा गर्ने गरेका छन् । यस्ता योजनामा बालबालिका सम्बन्धी कार्यक्रम हुन्छन्, महिलाका कार्यक्रम हुन्छन् त्यस्तै स्वास्थ्य, शिक्षा, खानेपानी, शौचालय, कृषि र आय आर्जन तथा वातावरण र सामाजिक परिचालन सम्बन्धी कार्यक्रम पनि हुन्छन् । यस्ता सबै कार्यक्रमले कुने न कुनै रुपमा बाल अधिकार र बालबालिकाको हितलाई ध्यानमा राखेका हुन सक्दछन् जसले बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन, विकास, विस्तार र सुदृढीकरणमा सहयोग पुऱ्याएको हुन सक्दछ । यस्तो योजनाको एकीकृत र समष्टिगत स्वरुपलाईनै एकीकृत बालमैत्री स्थानीय शासन योजना भनिन्छ ।

बालमैत्री स्थानीय शासन योजना तर्जुमा प्रक्रिया

समुदाय, गांउ विकास समिति तथा नगरपालिकास्तरमा हुने योजना तर्जुमा

बालमैत्री स्थानीय शासन सम्बन्धी योजना तर्जुमा प्रक्रिया बाल समूह, बस्ती तथा समुदायस्तरबाट शुरु हुन्छ । योजना तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा आफ्नो आवश्यकताहरु कसरी पहिचान गर्ने भन्ने बारे स्थानीयस्तरमा रहेका बाल समूह र बाल संजालका सदस्यहरुलाई योजना तर्जुमाको हरेक चरणमा सहभागी गराउनु पर्दछ । गैर सरकारी संस्थाहरु समेत आ-आफ्नो कार्यक्रम र प्राविधिक सहयोग सहित योजना तर्जुमा प्रक्रियामा सहभागी हुनेछन् । स्थानीयस्तरमा सहभागितामूलक योजना तर्जुमा पद्धति अन्तर्गत निम्न चरणहरु हुन्छन् ।

(क) बजेट पूर्वानुमान र मार्गदर्शन: प्रत्येक नगरपालिका/गाँउ विकास समितिले जिल्ला र केन्द्रबाट प्राप्त बजेट पूर्वानुमान, मार्गदर्शन र आफ्नो स्रोतलाई आधार मानी बालमैत्री स्थानीय शासनको लागि अनिवार्य रुपमा बजेट छुट्याई वस्तुगत विश्लेषण गरी वडा/टोल/बस्तीस्तरमा योजना तर्जुमा शुरु गर्नु, गराउनु पर्दछ ।

(ख) आवश्यकता पहिचान: बाल समूहका प्रतिनिधिहरुको सहभागितामा स्थानीय आवश्यकताको पहिचान गर्नुपर्दछ । यसका लागि प्रारम्भमा गाउँ तथा नगरस्तरको बालबालिकासम्बन्धी वस्तुस्थिति विवरण (प्रोफाइल) तयार गरिनेछ । यसको आधारमा आवश्यकता पहिचानको लागि प्रत्येक बाल समूहको अलगअलग बैठक बसी छलफलद्वारा प्रस्तावित कार्यक्रम तर्जुमा गरी गाउँ/नगरस्तरको एकीकृत समितिमा पेश गर्ने र सो समितिबाट प्राथमिकता निर्धारण गरी स्वीकृतिको लागि गाँउ विकास समिति/नगरपालिकामा सिफारिस सहित पेश गर्नुपर्दछ ।



(ग) योजना छनौटः प्राप्त प्रस्ताव उपर गाँउ विकास समिति/नगरपालिकाले बाल समूहका प्रतिनिधिहरु तथा सम्बन्धीत विषयगत निकायका प्रतिनिधिहरुसँग संयुक्त बैठक गरी उपलव्ध स्रोतका आधारमा योजनाहरु छनौट गर्नुपर्दछ । योजना छनौटको निर्णय सम्बन्धीत स्थानीय निकायको परिषद्बाट हुनेछ ।

(घ) जिल्ला विकास समितिमा सिफारिसः गाँउ विकास समिति/नगरपालिकाबाट प्राथमिकता निर्धारण गरिएका सबै योजनाहरु आफ्नो साधन, स्रोत र क्षमताले संचालन गर्न नसक्ने भएमा त्यस्ता योजना तथा कार्यक्रम जिल्ला विकास योजनामा समावेश गर्न सम्बन्धीत जिल्ला विकास समितिबाट आयोजना हुने इलाकास्तरीय योजना तर्जुमा गोष्ठीमा पेश गर्न सकिनेछ ।

इलाकास्तरमा हुने योजना तर्जुमा

इलाकास्तरमा हुने योजना तर्जुमा गोष्ठीमा गाँउ विकास समिति/नगरपालिकाबाट प्रस्ताव भै आएका योजना तथा बालमैत्री स्थानीय शासन सम्बन्धी जिल्लास्तरीय कार्यक्रमहरुको प्राथमिकता निर्धारण गर्नुपर्दछ । बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमको लागि प्रस्तावित बजेटको सिलिङ र योजना तर्जुमा मार्ग निर्देशनबारे जिल्ला विकास समितिले इलाका गोष्ठीमा जानकारी दिनेछ । यस्तो गोष्ठीमा जिल्लाका सबै साझेदारहरुको सहभागिता रहने भएकोले बालबालिकाको लागि स्थानीय विकास सम्बन्धी योजना लाई मूलप्रवाहीकरण गर्न सकिनेछ । यस्तो गोष्ठीमा बाल संजालका प्रतिनिधिको सहभागिता गराउनु पर्दछ । ईलाकास्तरको योजना तर्जुमा गोष्ठीबाट प्राथमिकीकरण गरिएका योजना तथा कार्यक्रमहरु जिल्लास्तरमा हुने विषयगत योजना तर्जुमा समिति बैठकहरुमा पठाउनुपर्दछ ।

जिल्ला तहको योजना तर्जुमा

इलाकास्तरीय योजना तर्जुमा गोष्ठीबाट प्रस्ताव भई आएका बालमैत्री स्थानीय शासन सम्बन्धी योजना तथा कार्यक्रमहरु देहाय बमोजिम जिल्लास्तरीय योजना तर्जुमा प्रक्रियासँग आवद्ध गर्नु गराउनु पर्दछ ।

(क) विषयगत योजना तर्जुमा समिति

बालमैत्री स्थानीय शासन सम्बन्धी योजना तथा कार्यक्रमहरु मूलतः सामाजिक विकास समिति अन्तर्गत पर्ने भएको हुँदा इलाकास्तरबाट प्रस्ताव भै आएका योजनाहरु यसै समितिमा प्रस्तुत गर्नुपर्दछ । यस वाहेक अन्य समितिमा जानुपर्ने योजना भएमा तत्तत् समितिहरुमा पठाउनु पर्दछ । यस्ता समितिहरुले प्रस्तुत कार्यक्रम उपर छलफल गरी आवश्यक परिमार्जन सहित वार्षिक जिल्ला विकास योजनामा समावेश गर्न प्राथमिकता निर्धारण गरी एकीकृत योजना तर्जुमा समितिमा पेश गर्नुपर्दछ । प्रस्तावित योजना तथा कार्यक्रमहरुमाथि समितिले निम्न अनुसार पुनरावलोकन गर्न सक्नेछः

- प्राविधिक रुपले सम्भाव्य छ छैन र लगानीको लागि श्रोत खुलेको छ छैन,
- प्राविधिक पक्ष तथा आर्थिक श्रोत साधन सुनिश्चित छ छैन, बजेट पूर्वानुमान र मार्गदर्शन भित्र छ छैन,
- प्रस्तावित योजनाले बालवालिकालाई प्रत्यक्ष रुपमा फायदा पुऱ्याउन सक्ने नसक्ने,
- प्रष्टसँग प्राथमिकताक्रम तोकेर जिल्ला विकास समितिमा कार्यक्रम सिफारिस भई आएको छ छैन,

(ख) एकीकृत योजना तर्जुमा समिति

विषयगत योजना तर्जुमा समितिहरुबाट सिफारिस भै आएका योजनाहरु एकीकृत योजना तर्जुमा समितिमा छलफल गर्नुपर्दछ । विद्यमान ऐन, नियम, विनियम, निर्देशिका तथा कार्यविधिहरुको परिधिभित्र रही प्रस्तावित योजना तथा कार्यक्रमहरुमाथि समितिले छलफल गर्ने र कार्यक्रममा दोहोरोपन र क्षेत्रगत सम्वन्ध छ छैन भनि पुनरावलोकन गर्नेछ । यस प्रकार छलफल भई प्राथमिकता निर्धारण गरिएका योजनाहरु वार्षिक जिल्ला विकास योजनामा समावेश गर्न जिल्ला विकास समितिलाई अनुरोध गरी पठाउनु पर्दछ ।

(ग) जिल्ला विकास समिति

एकीकृत योजना तर्जुमा समितिबाट सिफारिस भई आएका योजना तथा कार्यक्रमहरु सम्बन्धीत विषयगत कार्यालय तथा अन्य साझेदार संस्थाहरु वा जिल्ला विकास समिति स्वयंले समावेश गर्नुपर्ने भएमा समावेश गरी प्राविधिक तथा आर्थिक सम्भाव्यताको आधारमा योजना छनौट गरी अन्तिम स्वीकृतिका लागि जिल्ला विकास समितिले जिल्ला परिषद्मा पेश गर्नेछ ।



(घ) जिल्ला परिषद्

जिल्ला विकास समितिले सिफारिससाथ पठाएका योजना, कार्यक्रम एवं बजेट पुनरावलोकन गर्ने र आवश्यक भएमा संसोधन समेत गरी स्वीकृत गर्ने अधिकार जिल्ला परिषद्मा रहने हुँदा सोही अनुरुप सम्बन्धीत जिल्ला परिषद्ले बालमैत्री स्थानीय शासन पद्धतिसम्बन्धी योजनाहरु स्वीकृत गर्नेछ । बालमैत्री स्थानीय शासन कार्यक्रम संचालनका लागि वार्षिक कार्यक्रम तथा बजेटको स्वीकृति गाँउ विकास समिति तथा नगरपालिकाको हकमा सम्बन्धीत परिषद्ले तथा जिल्लास्तरको योजनाको हकमा जिल्ला परिषद्ले गर्नेछ । गैर सरकारी संस्थाहरुबाट संचालन हुने कार्यक्रमहरु समेत सम्बन्धीत जिल्ला विकास समिति/नगरपालिका/गाँउ विकास समितिको योजनामा समावेश गरी एकीकृत योजना पारित गर्नुपर्दछ । यसरी पारित योजना कार्यान्वयनको लागि लगानी सुनिश्चित गरिएको हुनुपर्दछ ॥ यसरी जिल्ला परिषद्बाट स्वीकृत योजना नै जिल्लाको बालमैत्री स्थानीय शासन सम्बन्धी वार्षिक योजनाको रुपमा रहनेछ ।

केन्द्रीयस्तरका योजनाहरु

केन्द्रीयस्तरबाट स्वीकृत भई कार्यान्वयन हुने योजनाको हकमा सम्बन्धीत जिल्ला परिषद्बाट पारित भएका बालमैत्री स्थानीय शासन सम्बन्धी वार्षिक कार्यक्रम तथा बजेटको सहमति दिने कार्य बालमैत्री स्थानीय शासन राष्ट्रिय समितिको समन्वयमा स्थानीय विकास मन्त्रालयले गर्नेछ ।

बालबालिकाहरुका लागि स्थानीय विकास योजना तर्जुमाको खाकामा समावेश हुनुपर्ने महत्वपूर्ण बुंदाहरु

सन्दर्भ

- बाल अधिकारको मौजुदा अवस्था ।
- स्थानीय स्वशासनका मूल पक्ष ।
- बाल अधिकारसम्बन्धी स्थानीय सरकारको एजेण्डा ।
- लगानीका स्रोतहरु ।
- बस्तुस्थिति पहिचान र समस्यासँग सम्बन्धीत कुराहरु ।
- सार्वजनिक सेवासम्बद्ध कर्मचारीको क्षमता ।
- नागरिक समाजको सहभागिता ।

प्रकृया

- स्था.स्वा.शा.ऐन र नियमावलीमा उल्लेखित १४ चरणको सहभागितात्मक योजना पद्धति
- वालअधिकारसम्बन्धी ऐनमा उल्लिखित कुराहरु ।
- बालबालिकासम्बन्धी अन्य कानूनहरु ।
- मुलुकको प्रचलित आवधिक योजना (अन्तरिम योजना) का प्रावधानहरु ।

- गाविस र नगरपालिका अनुदान निर्देशिका ।
- बालमैत्री स्थानीय शासन राष्ट्रिय ढाँचा ।
- बालमैत्री स्थानीय शासन सम्बन्धमा भएका उपलब्धिहरु ।

विषयबस्तु

- बालबालिकाहरुलाई उनीहरुको अधिकारको संरक्षण गर्दै सर्वतोमुखी विकास गर्ने लक्ष्य सहित
- सहश्राब्दी विकास लक्ष्य (बाल अधिकार सम्वन्धी) को परिमाणात्मक लक्ष्यलाई योगदान पुग्ने ।
- समावेशी पक्ष, र बाल सहभागिता हुने ।
- लक्ष्य र परिणाम, नतिजा प्राप्तिमा सघाउ पुग्ने ।
- बाल क्लव, बाल विकास केन्द्र, सामुदायिक संस्थाले गरेका कामहरु समाहित हुने ।
- बालबालिका र आमाका सर्वोत्तम हितका लागि लगानी प्रवर्द्धन (विद्यालय भर्नाको सन्दर्भमा भौतिक पूर्वाधार, सिकाइ कृयाकलाप, बालबालिकाका स्वास्थ्यसम्बन्धी विषयबस्तु समेटिएको हुनुपर्ने ।

बजेट

- योजनाको लागि आवश्यक बजेट अनुमान र बजेटको उपलव्धता
- बजेटको स्रोत (केन्द्रीय, स्थानीय, दातृ समुदाय)
- बजेट न्यून हुने अवस्था र पूर्ति हुन सक्ने क्षेत्रहरु

उपलब्धि

- बार्षिक लक्ष्य
- परिणाम
- नतिजा
- प्रभाव
- जवाफदेहिता र उत्तरदायित्व

योजना कार्यान्वयन

- क्रियाकलाप योजना
- जिम्मेवारी तालिका
- अनुगमन तथा मूल्यांकन
- प्रतिवेदन
- समीक्षा
- पृष्ठपोषण

कार्यक्रम कार्यान्वयन प्रक्रिया

बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्दा स्वीकृत वार्षिक कार्यक्रमको परिधिभित्र रहेर मात्र गर्नुपर्दछ । यस्तो कार्यक्रम कार्यान्वयन गर्दा बाल समूहसँग प्रत्यक्ष सरोकार राख्ने योजनाहरु यथासम्भव बाल समूह मार्फत् नै सम्पन्न गराउनुपर्दछ । प्राविधिक दृष्टिकोणले बाल समूहले सम्पन्न गर्न नसक्ने योजना तथा कार्यक्रमहरुको हकमा स्थानीय सामुदायिक संस्था, उपभोक्ता समिति र स्थानीय गैसस मार्फत् संचालन गर्न गराउन सकिनेछ । कार्यक्रम संचालन गर्दा लागत साझेदारी र सहभागितात्मक पद्धतिलाई प्राथमिकता दिनुपर्नेछ । कार्यक्रम कार्यान्वयनमा सम्बन्धीत विषयगत कार्यालय र गैर सरकारी संस्थाले समेत प्राविधिक सहयोग उपलव्ध गराउने छन् । नगरपालिकाको हकमा शहरी गरिवी न्यूनीकरण कार्यक्रमबाट समेत यस्तो सहयोग प्राप्त हुन सक्नेछ । बालमैत्री कार्यक्रम संचालन गर्दा देहायको तहगत प्रक्रिया अवलम्वन गर्न सकिनेछ :

(क) कार्यान्वयनको लागि सामूहिक निर्णय तथा पूर्वाधार तयारी,
(ख) अवस्था विश्लेषण र सूचक वा मापदण्ड निर्धारण,
(ग) कार्ययोजना तयारी र श्रोत व्यवस्थापन,

बालमैत्री स्थानीय शासन पद्धतिको कार्यान्वयनका लागि संयन्त्र र तौरतरिका (Mechanisms, Instruments and Tools)

बालमैत्री स्थानीय शासन पद्धतिलाई वैज्ञानिक, व्यवस्थित तथा नतिजामूलक रुपमा कार्यान्वयन गर्न सघाउंन तथा सुनिश्चित गर्नका लागि कार्यविधिको महत्वपूर्ण पक्षका रुपमा विभिन्न संयन्त्र र तौरतरिकाको उपयोग गर्नुपर्ने हुन्छ । यस अन्तरगत देहायका संयन्त्र तथा तौरतरिकाको प्रयोग गर्न सकिनेछ :

(क) बाल सहभागितामूलक योजना तथा कार्यक्रम तर्जुमा (Participatory Planning)
(ख) सामाजिक परीक्षण (Social Auditing)
(ग) सार्वजनिक सुनुवाइ (Public Hearing)
(घ) कार्यमूलक अनुसन्धान (Action Research)
(ङ) प्रभावकारिता सर्भेक्षण (Effectiveness Survey)
(च) गुनासो तथा उजुरी व्यवस्थापन (Grievance Handling)
(छ) कार्यमूलक लेखापरीक्षण (Performance Auditing)
(ज मूलप्रवाहीकरण (Mainstreaming)
(झ) सूचना अनुगमन (Media Monitoring)
(ञ) बाल सूचना पद्धति (Child Information System)

बालमैत्री स्थानीय शासन कोष व्यवस्था र कोष प्रवाह

बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि प्रत्येक जिल्ला (गाँउ विकास समितिहरुको कार्यक्रम समन्वय र संचालन गर्न) र नगरपालिकामा एक "महिला तथा बालबालिका विशेष कोष" रहनेछ । सम्बन्धीत स्थानीय निकायले यस्तो कोष अन्तर्गत बालमैत्री स्थानीय शासनको कार्यक्रम सचालनको लागि एक अलग्गै खाता खडा गर्नेछन् ।
यस्तो कोषको खातामा बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि तपसिल बमोजिमको रकम जम्मा हुनेछ :

- नेपाल सरकारबाट उपलब्ध गराइएको अनुदान रकम,
- जिल्ला विकास समितिले वार्षिक रुपमा विनियोजन गरेको रकम,
- नगरपालिका तथा गाँउ विकास समितिको बजेटबाट तोकिएको अंश र अनुदान रकम,
- विकास साझेदारहरुबाट बालमैत्री स्थानीय शासनका लागि प्राप्त रकम,
- अन्य श्रोतबाट प्राप्त रकमहरु,
- उल्लेख्य कार्य सम्पादन गरे बापत केन्द्र र अन्य निकायबाट प्राप्त पुरस्कार र थप अनुदान रकमहरु ।

कोषमा जम्मा भएको रकम स्थानीय निकायको सम्बन्धीत परिषद्बाट स्वीकृत बालमैत्री योजनाको कार्यान्वयन गर्ने कार्यमा खर्च गरिनेछ ।

कोष प्रवाह

(१) बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि प्राप्त रकम देहाय मध्ये कुनै तरिकाद्वारा प्रवाह गर्न सकिनेछ ।

(क) केन्द्रबाट सिधै जिल्ला विकास समिति, नगरपालिका, गाँउ विकास समितिमा रकम प्रवाह गर्ने, वा केन्द्रबाट जिल्ला विकास समिति मार्फत रकम प्रवाह गर्ने,

(ख) विकास साझेदारबाट केन्द्रमा जानकारी गराई सिधै स्थानीय निकायको कोषमा पठाउने, वा आफ्ना स्थानीय इकाई मार्फत् सम्बन्धीत स्थानीय निकायमा रकम प्रवाह गरी बालमैत्री स्थानीय शासन राष्ट्रिय समितिलाई जानकारी दिने ।

(२) सम्बन्धीत स्थानीय निकायले बालबालिका सम्बन्धी संजाल, स्थानीय व्यवस्थापन समिति, उपभोक्ता समूह, सामुदायिक संस्था तथा विषयगत निकाय मार्फत स्वीकृत कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाउनेछ ।

(३) बालमैत्री स्थानीय शासनको लागि केन्द्रबाट रकम विनियोजन गर्दा वा अनुदान वितरण गर्दा बालमैत्री स्थानीय शासनका लागि तर्जुमा गरिएका न्यूनतम् सेवा सूचकहरु तथा स्थानीय विकास मन्त्रालयबाट परिमार्जन गरी जारी गरिएको न्यूनतम् शर्त तथा कार्य सम्पादन मापन निर्देशिकालाई आधार मानिनेछ ।

बालबालिकासम्बन्धी प्रोफाईल, स्थिति पत्र तयारी तथा प्रकाशन

बालबालिका सम्बन्धी प्रोफाईलको अर्थ

आजको युग सूचनाको युग हो । भनिन्छ सूचनानै सवैभन्दा ठूलो शक्ति र स्रोत हो । त्यसैले बालमैत्री स्थानीय शासनमा पनि सूचनाको ठूलो महत्व रहेको छ । सामान्यतया सूचना भन्नाले कुनै पनि व्यक्ति, संस्था, समूह, क्षेत्र वा वस्तुका वारेमा भएको तथ्य वा विवरण भन्ने वुझिन्छ । संकलन र स्रोतका आधारमा सूचनालाई प्राथमिक र द्वितीय गरी २ प्रकारमा विभाजन गरिएको छ । यस्तो सूचना संकलन, विश्लेषण, प्रशोधन, प्रकाशन तथा भण्डारण र वितरण तथा उपयोग गर्ने प्रक्रियालाई सूचना व्यवस्थापन भनिन्छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले प्रत्येक स्थानीय निकायले सूचना व्यवस्थापन सम्बन्धी कार्य गर्नु पर्ने व्यवस्था गरेको छ । स्थानीय निकायको कार्यक्षेत्र विस्तार हुदै गएको परिप्रेक्ष्यमा यस्तो कार्यको महत्व अझ वढेको छ ।

निश्चित सूचनाहरु व्यवस्थित गरी गुणात्मक तथा संख्यात्मक विवरण समावेश गरिएको दस्तावेजलाई प्रोफाईल (पार्श्वचित्र) भनिन्छ । बालबालिका संग सम्बन्धीत सूचनाहरु समावेश गरिएको दस्तावेजलाई बालबालिका स्म्बन्धि प्रोफाईल भनिन्छ । बालमैत्री स्थानीय शासनको लागि बालबालिका सम्बन्धी सम्पूर्ण सूचनाहरू समेटिएको प्रोफाइल (वस्तुगत विवरण) अनिवार्य रुपमा तयार गरिएको हुनपर्दछ ।

बालबालिका सम्बन्धी प्रोफाईलको महत्व

कुनैपनि विषयको प्रोफाईल तयार हुनु सूचना व्यवस्थापनको प्राथमिक र महत्वपूर्ण कार्य हो । वस्तुस्थिति विश्लेषण सहितको प्रोफाईलले योजना प्राथमिकताकरण, यसको छनौट र कार्यान्वयनमा महत्वपूर्ण योगदान पुऱ्याउछ । सूचना वेगर तर्जुमा गरिएको योजना हचुवा हुन्छ र यस्तो हचुवा योजनाले सही प्रतिफल प्राप्त गन सक्दैन । बालबालिका र सुशासन सम्बन्धी वास्तविक तथ्यांक विना बालमैत्री स्थानीय योजना तर्जुमा गर्न सकिदैन । यसैले बालमैत्री स्थानीय योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्यांकन को लागि बालबालिका सम्बन्धी सूचना र तथ्यांक आवश्यक पर्दछ । बालबालिका सम्बन्धी प्रोफाइलले देहायको कार्यमा सघाउ पुऱ्याउदछः

(क) सहभागितामूलक निर्णय प्रक्रिया अवलम्वन गरी बालमैत्री स्थानीय शासन सम्बन्धी योजना (बालमैत्री स्थानीय योजना) तथा कार्यक्रम तर्जुमा गर्न,
(ख) बालमैत्री स्थानीय शासनका लागि स्रोत पहिचान, विश्लेषण र स्थानीय लगानी योजना तर्जुमा गर्न,
(ग) बालबालिका र बालअधिकार (बाच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकार) सम्बन्धी सवालहरुमा सही सूचना प्राप्त गर्न र देखिएका कमि कमजोरी सुधार्न,
(घ) स्थानीय स्थिती, आवश्यकता, क्षमता र औचित्यताका आधारमा बालमैत्री स्थानीय शासन सम्बन्धी सूचकहरु निर्धारण गर्न,
(ङ) बालमैत्री स्थानीय योजना कार्यान्वन, अनुगमन, मुल्यांकन र पृष्ठपोषण प्राप्त गर्न,
(च) संचालित कार्यक्रमको प्रभाव तथा असरहरु खोज्न र यसको सफलता वा असफलता मापन गर्न र यसका आधारहरु थाहा पाउन ।

प्रोफाइल तयारी प्रक्रिया

हरेक स्थानीय निकाय वा संघ संस्थाहरुले आ-आफ्नो आवश्यकता, क्षमता र दक्षताका आधारमा बालबालिकासंग सम्बन्धीत प्रोफाईल तयारी प्रक्रिया अवलम्वन गर्न सक्नेछन् । यसको लागि आवश्यक सूचना प्राथमिक स्रोतवाट लिने कि द्वितीय स्रोतवाट भन्ने प्रश्न आउन सक्छ । हाल स्थानीय विकास मन्त्रालयले गाउँ प्रोफाईलको नमुना खाका तयार गरी सवै गाविसहरुलाई वितरण गरेको छ । यसैको आधारमा कतिपय गाविसहरुले आफ्नो प्रोफाईल तयार गरिसकेका छन् । यस्तो अस्थामा यहि गाविस प्रोफाईलमा बालबालिका सम्बन्धी सूचनाहरु छुट हुन गएको भए छुटेका महत्वपूर्ण सूचनाहरु थप गरी यसैलाई बालबालिका सम्बन्धी प्रोफाईलको रुपमा प्रयोग गर्न सकिन्छ । यदि कुनै गाविसले यस्तो प्रोफाईल तयार गरिसकेको नभएमा स्थानीय विकास मन्त्रालयले उपलव्ध गराएको नमुनामा बालबालिका सम्बन्धी सूचना थप गरि प्रोफाईल तयार गर्न सकिन्छ । तर यस्तो प्रोफाईल तयार गरेका कुनै पनि गाविसहरुले बालमैत्री स्थानीय शासनका लागि अलग्गै बालबालिका प्रोफाईल तयार गर्नु आवश्यक छैन । यस्तै गरी नगरपालिका र जिल्ला विकास समितिको हकमा पनि हाल प्रचलनमा रहेको प्रोफाईलमा बालबालिका सम्बन्धी सूचना थप गरी प्रोफाईल प्रकाशन गर्न सकिन्छ । तर कतिपय नगरपालिका तथा जिल्ला विकास समितिहरुले धेरै लामो समयदेखि प्रोफाईल अपडेट गर्न नसकिरहेको परिप्रक्ष्यमा यस्ता नगरपालिका तथा जिल्ला विकास समितिहरुले बालबालिका सम्बन्धी प्रोफाईल तयार गर्नुपर्ने हुन्छ ।

बालबालिका सम्बन्धी प्रोफाईल तयार गर्न कतिपय द्वितीय स्रोत (सम्बन्धीत निकायका रहेको रेकर्ड, बाल क्लव, सामुदायिक संस्था वा विद्यालय र स्वास्थ्य संस्थामा रहेको सूचना, गाविसको रेकर्ड, जिल्ला सूचना केन्द्रमा उपलव्ध सूचना, आदि) उपयोग गर्न सकिन्छ । तर कुनै सूचना यस्तो स्रोतवाट प्राप्त गर्न नसकिएमा प्राथमिक स्रोत उपयोग गर्नु पर्दछ । प्राथमिक स्रोतवाट सूचना संकलन गर्न धेरै समय र लगानी आवश्यक हुने हुदा यसको लागि कम खर्च र समयमा सम्पन्न गर्न सक्ने विधि अवलम्वन गर्नु पर्दछ । जिल्ला, नगर तथा गाउँ प्रोफाईलको लागि सुचना संकलन गर्न स्थानीयस्तरमा कार्यरत सामुदायिक संस्था, बाल क्लव, सेवा केन्द्र, स्थानीय गैर सरकारी संस्था, विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा रहेका जनशक्ति प्रयाृग गरी सूचना लिन सकिन्छ । सहभागितात्मक लेखाजोखा वा अन्य कुनै द्रुत तरिका अवलम्वन गरी सूचना लिन सकिन्छ । बालबालिका सम्बन्धी प्रोफाईलको नमुना तल दिईएको छ ।

प्रोफाइलको कभरपृष्ठ
गाँउ विकास समिति/नगरपालिकाको नक्सा
मन्तव्य (आवश्यक भएमा)

१. गाउँ विकास समिति/नगरपालिकाको परिचय
   १.१ गाँउ विकास समिति/नगरपालिकाको भौगोलिक अवस्थिति
   १.२ हावापानी, भू-उपयोग
   १.३ ऐतिहासिक पृष्ठभूमि तथा विशेषता
   १.४ गाँउ विकास समिति/नगरपालिकाको आर्थिक अवस्था
   १.५ गाँउ विकास समिति/नगरपालिकाका मानिसहरुको प्रमुख व्यवसाय तथा रोजगारीको अवस्था
   १.६ विकासका सम्भावना, अवसर, चुनौती र समस्याहरु
२. बालमैत्री स्थानीय शासनको अवधारणा र कार्यक्षेत्र
   २.१ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता
   २.२ विद्यमान ऐन नियममा बालबालिकासम्बन्धी भएको व्यवस्था
   २.३ जिल्ला, नगर तथा गाउँस्तरीय योजनामा बालबालिकासम्बन्धी भएको व्यवस्था

२.४ बाल समूह वा बाल क्लवहरु
२.५ बालमैत्री गाँउ विकास समितिको अवधारणा
२.६ बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र
२.७ बाल अधिकार (बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता)
२.८ बालमैत्री स्थानीय शासन कार्यक्रमका साझेदार तथा सहयोगी संस्थाहरु
२.९ बालमैत्री सुशासनयुक्त गाँउ विकास समितिको स्थापनाका लागि अवसर र सम्भावनाहरु

३. जनसंख्या
३.१ उमेर समूह तथा जातिगत आधारमा जनसंख्या
३.२ मातृभाषाका आधारमा जनसंख्या
३.३ जनसंख्या वृद्धिदर
३.४ जन्म दर्तासम्बन्धी विवरण
३.५ बाल विवाहको अवस्था
३.६ परिवार संख्या र प्रतिपरिवार औसत बालबालिका संख्या

४. बाल तथा मातृ स्वास्थ्य
४.१ सुरक्षित मातृत्व कार्यक्रम
४.२ खोप लगाउने बालबालिकासम्बन्धी विवरण
४.३ बालबालिकामा पोषणको स्थिति
४.४ बालबालिकामा देखा पर्ने गरेका मुख्य रोगहरु र तिनको उपचार व्यवस्था
४.५ परिवार नियोजनको साधन प्रयोगकर्ताको विवरण
४.६ प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परीक्षण गराउने गर्भवती महिलाहरुको विवरण
४.७ दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरुको विवरण
४.८ नियमित रुपमा तौल लिइएका बालबालिकासम्बन्धी विवरण
४.९ भिटामिन ए तथा जुकाको औषधि खाएका बालबालिकासम्बन्धी विवरण
४.१० आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवारसम्बन्धी विवरण
४.११ सार्वजनिक तथा निजी चर्पी र सरसफाईसम्बन्धी विवरण
४.१२ खानेपानीको स्रोत तथा उपलब्धतासम्बन्धी विवरण

५. शैक्षिक अवस्था
५.१ महिला तथा बालबालिकाको साक्षरता विवरण
५.२ शैक्षिक संस्थाहरुको विवरण
५.३ छात्रछात्राको विवरण
५.४ विद्यार्थी भर्ना दर
५.५ कक्षा दोहोऱ्याउने विद्यार्थीसम्बन्धी विवरण
५.६ छात्रवृत्ति प्राप्त विद्यार्थी विवरण
५.७ तहगत रुपमा कुल शिक्षकसम्बन्धी विवरण (शिक्षकशिक्षिका विवरण)
५.८ शिक्षकको तालिमसम्बन्धी विवरण
५.९ गाँउ विकास समितिस्तरमा विद्यार्थी र शिक्षकको अनुपात
५.१० विद्यालयमा खानेपानीको सुविधा
५.११ छात्रछात्राको लागि शौचालयको व्यवस्था
५.१२ कक्षा कोठा, फर्निचर, खेल मैदानसम्बन्धी विवरण
५.१३ विद्यालय जान लाग्ने समय
५.१४ बिद्यालय जान छोड्नेहरुसम्बन्धी विवरण

५.१५ बाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयको विवरण

६. बाल संरक्षण

६.१ द्वन्द्व पीडित तथा जोखिममा परेका बालबालिकासम्बन्धी विवरण

६.२ विस्थापित बालबालिकासम्बन्धी विवरण

६.३ बालश्रमिकसम्बन्धी विवरण

६.४ बाल यौन शोषण तथा बेचबिखनसम्बन्धी विवरण

६.५ सडक बालबालिकाको विवरण

६.६ कुलतमा लागेका बालबालिकाको विवरण

६.७ उमेर समूह अनुसार मृत्यु हुने बालबालिकाको विवरण

६.८ खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण

६.९ जाडो तथा गर्मीका कारण मृत्यु हुने गर्भवती महिला तथा बालबालिकाको विवरण

६.१० संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण

७. आर्थिक विकास

७.१ पेशा तथा रोजगारीको अवस्थासम्बन्धी विवरण

७.२ युवा रोजगारीसम्बन्धी विवरण

७.३ रोजगारीका लागि विदेशमा गएकाहरुको विवरण

७.४ दैनिक कार्य घण्टा विवरण (महिला, पुरुष)

८. प्रकोप तथा शान्ति सुरक्षा

८.१ प्रकोपको विवरण

८.२ प्रकोपबाट भएको क्षतिको विवरण

८.३ बाल अपराधको विवरण

बालबालिका सम्बन्धी स्थिती पत्र

बालबालिका सम्बन्धी स्थिती पत्र आवधिक रुपमा प्रकाशन गरिने प्रतिवेदन हो । यस्तो प्रतिवेदनमा बालबालिका, बाल अधिकार (बाच्न पाउने, संरक्षण, विकास र सहभागिता) र बालमैत्री स्थानीय शासन सम्बन्धी भएका क्रियाकलाप, नीति, योजना, वस्तुस्थिती विश्लेषण र बालबालिकाको अवस्था विश्लेषण जस्ता विषयहरु समावेश गरिएका हुन्छन् । बालबालिकासम्बन्धी स्थितिपत्रमा बालबालिकाको विकासका क्षेत्रमा स्थानीय निकायहरुद्वारा विगतका वर्षहरुमा भए गरेका कार्यहरुको उपलब्धिको विवरण, बालबालिकाको वर्तमान अवस्थाको चित्रण, बाल अधिकारको कार्यान्वयनको अवस्था, बालबालिकासम्बन्धी नीति, कानुन, योजना र कार्यसम्बन्धी कार्यक्रमहरुको कार्यान्वयनको चित्रण गरिएको हुनेछ । हालको लागि यस्तो प्रतिवेदन अनिवार्य गरिएको छैन । बालमैत्री स्थानीय शासन अवलम्वन गर्ने स्थानीय निकायहरुले कार्यक्रम संचालन गरेको २ वर्षको अवधिमा यस्तो प्रतिवेदन तयार गर्नेछन् । जिल्ला बाल कल्याण समिति, जिल्ला बाल संजाल र जिल्ला विकास समितिका सामाजिक विकास क्षेत्र हेर्ने कार्यक्रम अधिकृत सम्मिलित टोलीले यस्तो प्रतिवेदन तयार गर्नेछ । यस टोलीको नेतृत्व जिल्ला विकास समितिका कार्यक्रम अधिकृतले गर्नेछन् । यस्तो प्रतिवेदन सम्बन्धी स्थानीय निकायले प्रकाशन गर्नेछन् । बालबालिका सम्बन्धी स्थिती पत्रको नमुना तल दिईएको छ ।

प्रतिवेदनको कभरपृष्ठ
जिल्ला/गाँउ विकास समिति/नगरपालिकाको नक्सा
मन्तव्य (आवश्यक भएमा)

भाग १ : परिचय

१.१ जिल्ला विकास समिति/गाँउ विकास समिति/नगरपालिकाको चिनारी
१.२ बालमैत्री स्थानीय शासनको अवधारणा
१.३ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासनको आवश्यकता
१.४ बालबालिका सम्बन्धी विद्यमान ऐन कानूनहरु
१.५ बालमैत्री स्थानीय शासनका अवसर, चुनौति र समस्याहरु

भाग २: बालबालिकाको विद्यमान अवस्था
२.१ विभिन्न उमेर समूहका बालबालिकाको जनसंख्या
२.२ बाल श्रमको अवस्था
२.३ सडक बालबालिका
२.४ बाल यौन शोषण र दुर्व्यवहारको अवस्था
२.५ अपाङ्गता भएका बालबालिका
२.६ बालबालिका सम्बन्धी घटनाहरु
३.७ बाल विवाहको अवस्था
३.८ बालबालिका र एच.आई.भी एड्स

भाग ३: बाल अधिकार र बालबालिकाको अवस्था
३.१ बाँच्न पाउने अधिकार
३.२ संरक्षणको अधिकार
३.३ बाल विकासको अधिकार
३.४ बाल सहभागिताको अधिकार

भाग ४: बालबालिका सम्बन्धी योजना तर्जुमा र कार्यान्वयनको अवस्था
४.१ बालबालिकाको लागि स्थानीय विकास योजना
४.२ बालबालिकाको लगानी योजना
४.३ योजनाको अनुगमन तथा मुल्याङ्कन
४.४ साझेदार तथा सहयोगी संस्थाहरुको भुमिका
भाग ५: बालबालिका सम्बन्धी भएका कार्यहरुको उपलव्धी
५.१ सहश्राव्दी विकास लक्ष्य र बालबालिका
५.२ बाल शिक्षा
५.३ बाल स्वास्थ्य
५.४ खानेपानी तथा सरसफाई
५.५ बाल अपराध र बाल न्याय
५.६ स्थानीय निकायद्वारा निर्धारण गरिएका न्यूनतम् सूचकहरु को सम्बन्धमा भएका ठोस् उपलब्धी र यसको अवस्था रचुनौति

भाग ६: निष्कर्ष र सुझावहरु

अनुगमन तथा मूल्यांकन

अनुगमन

अनुगमन भन्नाले सामान्यतया योजना/आयोजना/कार्यक्रम संचालन भैरहेको अवस्थामा सो का गतिविधिहरु तोकिए वमोजिम हुन सकेका छन् वा छैनन् भनेर जाँच गर्ने प्रकृया भन्ने वुझ्नु पर्दछ । तोकिएको कार्ययोजना अनुसार तोकिएको गुणस्तर कायम गरी उपलव्ध स्रोत साधन भित्र रही आयोजनाका विविध कार्यहरु संचालन गर्न सहयोग गर्ने प्रकृयानै अनुगमन हो । यथार्थ स्थितिको वारेमा सम्वन्धित व्यवस्थापन पक्ष वा कार्यान्वयनकर्ता वा कार्यालय प्रमुखलाई जानकारी गराउने प्रकृयालाई अनुगमन भनिन्छ । यो कार्यक्रम/आयोजना कार्यान्वयनका चरणमा नियमित रुपमा गरिने कार्य हो । यस्तो कार्य आयोजनाका सुपरीवेक्षक तथा प्राविधिकहरुवाट हुने गर्दछ । अनुगमनवाट देखिएको अवस्थाको आधारमा यस्ता आयोजना कार्यान्वयनको वाँकि अवधिमा कुनै क्रियाकलाप, रणनीति वा लगानी समेत परिमार्जन गर्न उपयुक्त हुने देखिएमा सो गर्न सकिन्छ । अनुगमन गर्दा प्रत्येक क्रियाकलापको परिणाम र स्तरलाई हेरेर गर्नु पर्ने हुन्छ । अनुगमन निर्दिष्ट लक्ष हासिल गऱ्यो गरेन भनेर गरिने हुँदा वढी परिणाममुखी हुन्छ ।

मुल्यांकन

कुनै पनि योजना वा कार्यक्रमको कार्यान्वयन सम्पन्न भै सकेपछि वा कार्यान्वनको केही चरणहरु पूरा भैसकेपछि मुल्याङ्कन गरिन्छ । आयोजना सम्पन्न भएपछि लक्ष वमोजिमको कार्य भयो/भएन अपेक्षित प्रतिफल प्राप्त भयो भएन र सकारात्मक प्रभाव पऱ्यो परेन भनेर अध्ययन वा छानविन गर्ने कार्यनै मुल्याङ्कन हो । सामान्यतया आयोजना कार्यान्वनमा संलग्न नरहेका निकायवाट मुल्यांकन गर्ने गरिन्छ । तर कुनै अवस्थामा कार्यान्वयन गर्ने निकायले आन्तरिक प्रयोजनका लागि आफैले योजनाको मुल्यांकन गर्ने प्रचलन रहेको समेत देखिन्छ ।

कुनै पनि योजना स्वीकृत गर्नु पूर्व त्यस्तो योजना, आयोजना वा कार्यक्रमको अनुगमन कसरी गर्ने, अनुगमन तथा मुल्याङ्कनको प्रकृया के कस्तो हुने र सो को कार्यान्वयन कस्तो हुने भन्ने समेत विचार गरिएको हुन्छ । योजनामा लगानी गरेपछि त्यसवाट निश्चित उपलव्धि हासिल गर्नु पर्ने हुन्छ । कतिपय अवस्थामा मध्यावधी मुल्याङ्कन समेत गरिन्छ भने कतिपय अवस्थामा अन्तिम मुल्याङ्कन मात्र पनि गरिन्छ । मध्यावधी मुल्याङ्कनले योजना वा कार्यक्रमको प्रारम्भिक संकेतहरु देखाउदछ र वाकि कार्यहरु संचालन गर्ने सम्वन्धमा व्यवस्थापन पक्ष समक्ष आवश्यक सुझावहरु राख्दछ । अन्तिम मुल्याङ्कनले योजना सम्पन्न भैसकेपछि यसको समग्र सफलता वा असफलताको वारेमा अध्ययन गरी व्यवस्थापन पक्षलाई जानकारी गराउँदछ । सामान्यतया योजना स्वीकृत गर्दाको वखतमानै योजनाको समग्र पक्षमा ध्यान दिनु पर्दछ । कार्यक्रम कार्यान्वयन भैसकेपछि के कस्तो उपलव्धि भयो भनेर हेर्न तलको तालिकाले सघाउन सक्छ:

लगानी	→	प्रतिफल	→	असर	→	प्रभाव
Input	→	Output	→	Effect	→	Impact

अनुगमन समय : आयोजनाको कार्यान्वयन शुरु हुनु पहिला,
आयोजना कार्यान्वयनको चरणमा,
आयोजना सम्पन्न भएपछि,

अनुगमनको प्रक्रिया :

- लाभग्राही तथा सरोकारवालासंग प्रत्यक्ष भेट, अन्तरक्रिया र छलफल,
- लागत अनुमान, आयोजना सम्पन्न गर्ने समयाबधि र उपलब्ध प्रगतिको विश्लेषण गरेर,
- फिल्डमा खटिने कर्मचारीसंग छलफल,
- कार्यान्वयन गर्ने निकायसंग छलफल, परामर्श,
- सार्वजनिक परीक्षण,
- सार्वजनिक सुनुवाई,
- आन्तरिक तथा अन्तिम लेखा परीक्षण,

कार्यक्रम/आयोजनाहरु संचालन गर्दा **देहायको कार्यतालिका अनुसार गरेमा अनुगमन गर्नेलाई पनि सोही अनुसार मूल्याङ्कन गर्न सहज हुने देखिन्छ । (गाविस अनुदान कार्यविधि २०६६)**

सि. नं.	कार्यहरु	समय तालिका
१.	चालु आर्थिक वर्षको वार्षिक कार्य तालिका निर्माण	भाद्र मसान्तभित्र
२.	वार्षिक कार्य तालिका अनुसार उपभोक्ता समितिको गठन र संझौता, वा अन्य वैकल्पिक व्यवस्थाबाट आयोजना कार्यान्वयन, व्यवस्थापन र कार्यारम्भ आदेश	वार्षिक कार्य आयोजना अनुसार कार्तिक मसान्तभित्र
३.	आयोजना सम्पन्न गर्ने :	
४.	जाँचपास र फरफारक	आयोजना संपन्न भएको ३० दिनभित्र
५.	आगामी आर्थिक वर्षको कार्यक्रम र बजेट तर्जुमा	पुष मसान्तभित्र

बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमको अनुगमन

बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमको अनुगमन प्रक्रिया स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ अनुरुप हुनेछ । तर स्थानीयस्तरमा निर्वाचित जनप्रतिनिधि वहाल नरहेको अवस्थामा यस्तो अनुगमनको सुनिश्चितता कायम गर्न जिल्ला विकास समितिले वैकल्पिक व्यवस्था मिलाउन सक्नेछ । साथै स्थानीय निकाय, बालमैत्री स्थानीय शासन जिल्ला समिति, जिल्लास्तरीय सुपरीवेक्षण तथा अनुगमन उपसमिति एवं विषयगत कार्यालयहरुले नियमित रुपमा कार्यक्रमको अनुगमन गरी सोको प्रतिवेदन सम्बन्धीत स्थानीय निकाय समक्ष पेश गर्नुपर्नेछ । यस्तो प्रतिवेदन उपर स्थानीय निकायले आवश्यक सल्लाह, सुझाव र निर्देशन दिन सक्नेछ । बालमैत्री स्थानीय शासन सम्बन्धी जिल्लामा भए गरेका कार्यक्रमहरुको जिल्ला विकास समितिमा चौमासिक, अर्धवार्षिक र वार्षिक समीक्षा समेत गर्नुपर्दछ ।

बालमैत्री स्थानीय शासन अवलम्वन गरिएका जिल्लाहरुको हकमा स्थानीय विकास मन्त्रालय एवं स्रोत उपलव्ध गराउने विकास साझेदारहरुले समेत अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछन् । अनुगमन, समीक्षा र मूल्याङ्कनबाट देखिएका समस्याहरुको तत्काल समाधान गर्नु सम्बन्धीत सरोकारबालाहरुको दायित्व हुनेछ ।

प्रगति प्रतिवेदन

कुनै पनि संघ, संस्था, व्यक्ति वा निकायले गरेका क्रियाकलापहरुको अवस्था देखिने गरी तोकिएको ढाँचामा व्यवस्थित तरिकाले तयार पारिएको विवरण लाई प्रगति प्रतिवेदन भनिन्छ । बालमैत्री स्थानीय शासन सम्बन्धी प्रत्येक वर्ष संचालन भएका कार्यहरुको प्रतिवेदन तयार गरी व्यवस्थित रुपमा अभिलेखीकरण गरिनेछ ।

कार्यान्वयनको क्रममा देखिएका सफलताका कुराहरुलाई उजागर गरी वार्षिक प्रतिवेदनमा समावेश गरिनेछ । यस्ता प्रतिवेदनहरु सम्बन्धीत साझेदारहरु समक्ष पठाइनुका साथै स्थानीय निकायको सूचना केन्द्रमा उपलव्ध हुनेछन् । वार्षिक रुपमा कार्यान्वयन भएका बालमैत्री कार्यक्रमहरुको अवस्था झल्किने गरी बालबालिकाको स्थितिसम्बन्धी प्रतिवेदन तयार गरिनेछ । बालमैत्री स्थानीय शासन सम्बन्धी भएका क्रियाकलापहरुलाई व्यापक प्रचार प्रसार गराउन स्थानीय संचार माध्यमहरुको परिचालन गर्न सकिनेछ । यसले गर्दा जिल्लाका अन्य निकाय पनि कार्यक्रम लागु गर्न अभिप्रेरित हुनेछन् । त्यसैले बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम संचालन गर्ने प्रत्येक स्थानीय निकाय, विषयगत कार्यालय, गैर सरकारी संस्था, सामुदायिक संस्था, वाल क्लव वा संजाल, जिल्ला बाल कल्याण समिति र सहयोगी निकायहरुले आवधिक रुपमा कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरी स्थानीय विकास मन्त्रालय र अन्य सम्बन्धीत निकायहरुमा पठाउनु पर्दछ । यसरी प्रतिवेदन पठाउँदा गैसस, सामुदायिक संस्थाले गाविस वा नगरपालिकामा, गाविस तथा नगरपालिका र विषयगत निकायले सम्बन्धीत जिल्ला विकास समितिमा र जिल्ला विकास समितिले स्थानीय विकास मन्त्रालय लगायत केन्द्रस्तरका निकायमा पठाउनु पर्नेछ । कार्यक्रम संचालन भएका जिल्लाहरुबाट प्राप्त विवरणहरुको आधारमा केन्द्रस्तरमा स्थानीय विकास मन्त्रालयले एकीकृत प्रगति प्रतिवेदन तयार गरी मन्त्रालयस्तरमा हुने समीक्षा बैठकमा प्रस्तुत गरी सार्वजनिक गर्ने व्यवस्था गरिएको छ ।

प्रतिवेदनको नमुना ढाँचा तल दिईएको छ ।

आर्थिक वर्ष :
जिल्ला : गाउँ विकास समिति / नगरपालिकाको नाम :
प्रगति प्रतिवेदन : चौमासिक (प्रथम/दोस्रो/तेश्रो), वार्षिक
कार्यक्रम/योजनाहरुको भौतिक प्रगति तथा वित्तीय स्थिति

रकम रु हजारमा

क.स	श्रोत	आयोजना वा कार्यक्रमको नाम	इकाई	लागत अनुमान	कुल बजेट	वार्षिक भौतिक लक्ष्य	यस चौमासिकको भौतिक		यस चौमासिक सम्मको भौतिक		खर्च		लाभान्वित संख्या
							लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	यस चौमासिकको	यस चौमासिक सम्मको	
		१											
१	केन्द्रीय अनुदान	२											
	सशर्त	३											
	निशर्त	४											
		पुँजिगत को जम्मा											
		चालु खर्च											

क्र.स	श्रोत	आयोजना वा कार्यक्रमको नाम	इकाई	लागत अनुमान	कुल बजेट	वार्षिक भौतिक लक्ष्य	यस चौमासिकको भौतिक		यस चौमासिक सम्मको भौतिक		खर्च		लाभान्वित संख्या
							लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	यस चौमासिकको	यस चौमासिक सम्मको	
		जम्मा											
		१											
		२											
२	जि.वि.स अनुदान	३											
		पुँजिगत को जम्मा											
		चालु खर्च											
		जम्मा											
		१											
३	बैदेशिक अनुदान	पुँजिगत को जम्मा											
		चालु खर्च											
		जम्मा											
		१											
		२											
४	अन्य अनुदान	पुँजिगत को जम्मा											
		चालु खर्च											
		जम्मा											
		१											
		२											
५	नपा/गा.वि.सको आन्तरिक	३											

क.स	श्रोत	आयोजना वा कार्यक्रमको नाम	इकाई	लागत अनुमान	कुल बजेट	वार्षिक भौतिक लक्ष्य	यस चौमासिकको भौतिक		यस चौमासिक सम्मको भौतिक		खर्च		लाभान्वित संख्या
							लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	यस चौमासिकको	यस चौमासिक सम्मको	
	आय												
		पुँजिगत को जम्मा											
		चालु खर्च											
		जम्मा											
	सरदर	प्रगति (% मा)											

द्रष्टव्यः तेस्रो चौमासिक प्रगति प्रतिवेदन वार्षिक प्रतिवेदन समेत हुनेछ ।

तयार गर्ने
नाम
पद
मिति

रुजु गर्ने
नाम
पद
मिति

स्वीकृत गर्ने
नाम
पद
मिति

सामजिक परीक्षण

सामाजिक परीक्षण एउटा उदेश्यमूलक परीक्षण पद्धति हो । यस पद्धतिमा विकास सम्वन्धी योजना, कार्यक्रम र क्रियाकलापहरुको कार्यसम्पादन मूल्याङ्कन तथा लेखाजोखा जनसहभागिताका माध्यमवाट हुने व्यवस्था मिलाइएको हुन्छ । कुनै खास आयोजना वा कार्यक्रम तर्जुमा गर्नुको औचित्यता, उक्त कार्यक्रम सम्पादन गरिएको प्रक्रिया र त्यसबाट सरोकारवालाहरुलाई पुग्न गएको फाइदा वा उपलब्धि, सो कार्यको निमित्त जुटाइएको स्रोत तथा लाग्न गएको लागत आदिका वारेमा विस्तृत विवरण तयार गरी आम सरोकारवालालाई सुसूचित गराई निजहरुवाट प्राप्त सुझावहरुलाई भविष्यमा मार्गदर्शनको रुपमा उपयोग गर्ने पद्धतिलाई नै सामाजिक परीक्षण भनिन्छ । सामाजिक परीक्षण अन्तरगत सरोकारवालासंग गरिने छलफल, अन्तरक्रिया, विश्लेषण र सूचनाको आदान प्रदानले स्थानीय निकायहरुलाई पारदर्शी, उत्तरदायी र जनमुखी तुल्याउन महत्वपूर्ण भूमिका खेल्दछन् । यस अर्थमा स्थानीय स्तरमा संचालित सवै आयोजना तथा कार्यक्रमहरुको सामाजिक लेखा परीक्षण हुनु आवश्यक छ । तर कतिपय आयोजना वा कार्यक्रमवाट खास कुनै व्यक्ति विशेषलाई मात्र फाईदा पुगेको छ भने त्यस्ता आयोजना वा कार्यक्रमको सामाजिक परीक्षण अनिवार्य छैन ।

बालमैत्री स्थानीय शासन अन्तर्गत स्थानीयस्तरमा संचालित विभिन्न तहका कार्यक्रमहरुको कम्तिमा वर्षमा १ पटक सामाजिक परीक्षण वा सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था गरिएको छ । जिल्ला बाल संजालले स्थानीय निकायको सहयोगमा यस्तो कार्यक्रम संचालन गर्न सक्नेछन् । सामाजिक परिक्षणको नमुना फारम तल दिईएको छ ।

१. कार्यक्रम/योजनाको नाम :
   क) नाम :
   ख) स्थल :
   ग) लागत अनुमान :
   घ) योजना शुरु हुने मिति :
   ङ) योजना सम्पन्न हुने मिति :

२. कार्यान्वयन गर्ने निकाय/सामुदायिक संस्थाको
   क) नाम :
   ख) अध्यक्षको नाम :
   ग) सदस्य संख्य : बालक : बालिका :

३. आम्दानी खर्चको विवरण :
   क) आम्दानीतर्फ

आम्दानीको श्रोत (कहाँबाट कति नगद तथा जिन्सी प्राप्त भई खुलाउने)	रकम वा परिमाण	कैफियत

   ख) खर्चतर्फ

खर्चको विवरण	**दर**	**परिमाण**	**जम्मा**
१. सामग्री (के के सामग्री खरिद भयो ?)			
२. ज्याला (केमा कति ज्याला भुक्तानी भयो ?)			
३. स्थानीय लगानी (कसले के योगदान दिएको ?)			
४. अन्य खर्च (के कामको लागि ?)			

ग) मौज्दात

विवरण	**रकम वा परिमाण**	**कैफियत**
१. नगद		
बैंक		
समूह वा व्यक्तिको जिम्मा		
२. जिन्सी		

घ) भुक्तानी दिन बाँकी

विवरण	रकम वा परिमाण

४. सम्पन्न योजनाको लक्ष्य तथा प्रगति विवरण

कामको विवरण	लक्ष्य	प्रगति

५. देहायका कार्यहरुमा बाल सहभागिता कस्तो छ ?

विवरण	सहभागिता छैन	सामान्य सहभागिता छ	अर्थपूर्ण सहभागिता छ
योजना माग तथा प्राथमिकिकरण			
योजना स्वीकृति			
योजना कार्यान्वयन			
योजनाको अनुगमन मूल्याङ्कन			
योजना लाभ वितरण			

६. योजनाले पुऱ्याएको लाभ तथा प्रत्यक्ष रुपमा लाभान्वित बालबालिका

७. योजना संचालन गर्दा तोकिएको कार्य जिम्मेवारी (क-कसले कस्तो-कस्तो कामको जिम्मेवारी लिएका थिए ? खुलाउने)

पृष्ठपोषण

आयोजना कार्यान्वयनका सिलसिलमा पृष्ठपोषण एक महत्वपूर्ण औजारका रुपमा लिइन्छ। विशेषगरी आयोजना तथा कार्यक्रम कार्यान्वयनका क्रममा विभिन्न निकाय र तहबाट हुने अनुगमन तथा मूल्याङ्कनका क्रममा प्राप्त भएका सुझाव, कार्यान्वयनमा देखिएका कमी कमजोरी, सुधार गर्नुपर्ने पक्ष आदिलाई समेटि तयार पारिएको विवरणलाई पृष्ठपोषणका रुपमा लिइन्छ। यसरी प्राप्त पृष्ठपोषणका आधारमा आयोजना कार्यान्वयन प्रक्रियामा

देखिएका कमी कमजोरी सुधार गरी आयोजनाको उद्देश्य, निर्धारित समय, लागतमा सम्पन्न गरी बढी नजितामुखि बनाउन सहयोग पुग्दछ ।

मुलप्रवाहीकरण

बालमैत्री स्थानीय शासन एक अवधारणा हो । यो छुट्टै आयोजना तथा कार्यक्रम होईन । त्यसैले बालमैत्री शासनलाई एक अवधारणाको रुपमा लिई स्थानीय निकाय, विषयगत कार्यालय, सामुदायिक संस्था, विद्यालय आदिले संचालन गर्ने आयोजना तथा कार्यक्रम वा ति संस्थाले गरिरहेका नियमित कामहरुलाई बालमैत्री हिसावले तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, त्यसको अनुगमन गर्ने, पृष्ठपोषण लिई सुधार गर्दै जाने प्रक्रियानै बालमैत्री शासनको सर्न्दभमा मुलप्रवाहीकरण हो ।

कार्य योजना

हामी सबैले आफ्नो क्षेत्र भित्रका योजनाहरु बनाएका छौं र यसको कार्यान्वयन पनि गरेका छौं । तर कतिपय कारणवाट यस्ता योजनाहरु लक्ष्य गरे बमोजिम कार्यान्वयन हुन नसकेको र कार्यान्वयन भएका योजनावाट अपेक्षित नतिजा प्राप्त नभएका उदाहरणहरु पनि छन् । यस्तो किन हुन्छ ? यसको समीक्षा हुन आवश्यक छ । हाम्रो जिल्ला, नगर तथा गाउँस्तरमा संचालन भएका कतिपय योजनाहरु अधुरो रहेको, कतिमा विवाद वढेका कारण समयमा सम्पन्न हुन नसकेको र कुनै योजना कार्यान्वयन गर्ने समय र जिम्मेवारी वीच तालमेल नमिलेका कारण पनि यस्तो भएको हुन सक्दछ । त्यसैले यस्तो समस्यावाट मुक्त हुन कुनै पनि विषयमा योजना तयार भइसकेपछि त्यसको कार्यान्वयनको लागि कार्ययोजना तयारी आवश्यक हुन्छ । यस्तो कार्ययोजनामा संचालन गर्नुपर्ने क्रियाकलापको विस्तृत विवरण राखिएको हुन्छ । जसमा कुन काम कसले गर्ने, कुन समयमा गर्ने, कति समयमा गरिसक्ने र यसको लागि आवश्यक सामाग्रीहरु कहा पाईन्छ भन्ने विषय पनि स्पष्ट संग लेखिएको हुन्छ । हरेक क्रियाकलापको कार्यान्वयमा प्रमुख जिम्मेवारी कुन सस्था, समुह वा व्यक्तिः को हो भन्ने स्पष्ट खुलाईएको हुन्छ । त्यसैले कार्ययोजना भनेको कुनै पनि योजना वा कार्यक्रम वा क्रियाकलापको विस्तृत विवरण उल्लेख गरिएको र उक्त कार्य कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी तोकिएको र कार्य सम्पन्न गर्ने समय तालिका स्पष्ट गरिएको विवरणलाईनै कार्ययोजना भनिन्छ । कार्ययोजना जति व्यवहारिक बनाउन सकिन्छ, त्यति नै कार्यान्वयन पक्ष बलियो हुन सक्छ ।

कार्ययोजना तर्जुमा गर्दा सम्बन्धीत सबै साझेदार, लाभान्वित वर्ग, निर्णयकर्ता, बालबालिका, महिला तथा अन्य सम्बन्धीत संस्थाहरुको सहभागिता आवश्यक हुन्छ । साझेदार संस्थाको सहभागिता विना तयार गरिएको कार्ययोजना कार्यान्वयन गर्न कठिन हुन्छ, किनकि यस्तो कार्ययोजनामा जिम्मेवारी हुदैन । जसले कार्य योजना तयार हुन्छ उसले यसको कार्यान्वयनको पूर्ण जिम्मेवारी लिनुपर्दछ । कार्ययोजना वनाउदा समय अनुकुल हुने र अपेक्षित लक्ष्य प्राप्त गर्न सक्ने किसिमको हुनु पर्दछ । बालमैत्री स्थानीय शासन कार्ययोजनाको नमुना फारम तल दिईएको छ ।

<u>वालमैत्री स्थानीय शासन कार्ययोजनाको नमुना फारम</u>

क्र.स	क्रियाकलाप	स्थल	भौतिक लक्ष्य	जिम्मेवार निकाय			समय सिमा			पूर्वानुमान तथा जोखिम
				कार्यान्वयन गर्ने	समन्वय गर्ने	सहयोग गर्ने				

समूह कार्यको लागि सहयोगी हुने अपेक्षका साथ काभ्रे जिल्लाले तयार गरेको बालमैत्री स्थानीय शासनको कार्ययोजना तल दिईएको छ । सहभागिहरुले आफ्नो कार्ययोजना तयार गर्दा यसलाई आधार मान्न सक्नेछन् ।

काभ्रे जिल्लाले तयार गरेको कार्ययोजनाको नमुना

क्र.स	क्रियाकलाप	अपेक्षित उपलव्धी/सूचक	जिम्मेवार निकाय			समय सिमा
			कार्यान्वयन	समन्वय गर्ने	सहयोग गर्ने	
१	समन्वय बैठक (सरोकारवालाहरुबीच), गाविस बिस्तार	बालमैत्री स्थानीय शासन बालसम्बन्धी बार्षिक कार्ययोजना तयार भई जिल्ला परिषदबाट पारित भएको हुनेछ । जिल्लाका थप ६ गाविसहरु बालमैत्री स्थानीय शासन नमूना गाविसका रुपमा छनौट भई जिल्ला परिषदबाट पारित भएको हुनेछ ।	जिल्ला विकास समिति	जिल्ला वाल कल्याण समिति	सहयोगी निकाय	मार्च पहिलो हप्ता
२	सरोकारवालाहरुको लागि जिल्लास्तरीय अनुशिक्षण	२५ जना सरोकारवालाहरुले बालमैत्री स्थानीय शासन को अवधारणाको बारेमा जानकारी हासिल गरी यसप्रति प्रतिबद्धता जनाएका हुनेछन् ।	जिविस	जिल्ला वाल कल्याण समिति	यूनिसेफ नेपाल	अप्रिल १५
३	जिल्लाको वालवालिकाहरुको वस्तुगत बिवरण अद्यावधिक	काभ्रे जिल्लाको वालवालिकाहरुको वस्तुगत बिवरण तयार भई प्रकाशन भएको हुनेछ ।	जिल्ला वाल कल्याण समिति/जिविस	जिविस	जिविस	जुन १५
४	बालमैत्री स्थानीय शासन अवधारणापत्र पुनरावलोकन	राष्टिय खाका तथा कार्यविधिका आधारमा जिल्लाको ऋीन अवधारणापत्र तयार भएको हुनेछ	जिविस, जिल्ला वाल कल्याण समिति	जिविस	स्था.वि.मं., (प्राविधिक)	जुन १५
५	जिल्ला वालमैत्री नीति तर्जुमा	जिल्लाको वालमैत्री नीति तयार भै प्रकाशन भएको हुनेछ ।	जिल्ला विकास समिति	जिविस, जिल्ला वाल कल्याण समिति	स्था.वि.मं., यूनिसेफ (प्राविधिक)	जुन ३०
६	त्रिबर्षीय जिल्ला	जिल्लाको त्रिबर्षिय	जिल्ला विकास	जिविस,	स्था.वि.मं.,	सेप्टेम्वर

क.स	क्रियाकलाप	अपेक्षित उपलव्धी/सूचक	जिम्मेवार निकाय			समय सिमा
			कार्यान्वयन	समन्वय गर्ने	सहयोग गर्ने	
	वालमैत्री योजना निर्माण	वालमैत्री योजना तयार भई प्रकाशन भएको हुनेछ ।	समिति	जिल्ला वाल कल्याण समिति	यूनिसेफ (प्राविधिक)	१५
७	वालमैत्री स्थानीय शासन सम्बन्धी एफएम रेडियो कार्यक्रम प्रसारण	प्रत्येक हप्ता ५ मिनेट वालमैत्रीको अवधारणा तथा कृयाकलापहरु सम्बन्धी रेडियो कार्यक्रम प्रसारण भई जिल्लावासीहरु सुसूचित भएका हुनेछन् ।	जिल्ला विकास समिति	स्थानीय एफ.एम रेडिया	जिल्ला वाल कल्याण समिति	मार्च पहिलो हप्ता
८	प्रशिक्षक प्रशिक्षण	जिल्लास्तरमा वालमैत्री स्थानीय शासन सम्बन्धी २० जना प्रशिक्षकहरु तयार भएका हुनेछन्	जिल्ला विकास समिति	जिविस, जिल्ला वाल कल्याण समिति	स्था.वि.मं., यूनिसेफ (प्राविधिक)	अप्रिल तेश्रो हप्ता
९	गाविसस्तरीय अनुशिक्षण	६ वटा गाउँ विकास समितिका स्थानीय सरोकारवालाहरुले बालमैत्री स्थानीय शासनको अवधारणाका बारेमा जानकारी प्राप्त गरी यसप्रति प्रतिबद्धता जनाएका हुनेछन् ।	जिविस, जिल्ला वाल कल्याण समिति	गाउँ विकास समिति		मे अन्तिम हप्ता
१०	गाविसको वस्तुगत बिवरण तयारी	१० वटा गाविसको वस्तुगत बिवरण तयार भै प्रकाशन भएको हुनेछ ।	सम्बन्धीत गाउँ विकास समिति	जिविस, जिल्ला वाल कल्याण समिति		अगष्ट १५
११	बालब्लवहरुका लागि तालिम /अनुशिक्षण	१० गाविसका गाविसस्तरीय वालक्लव संजालका पदाधिकारीहरुले ज्ञालमैत्री स्थानीय शासनको अवधारणाको बारेमा बुझेका हुनेछन् ।	स्थानीय गैसस, जिल्ला वाल कल्याण समिति	जिविस	जिविस	सेप्टेम्वर १५
१२	आचारसंहिता तयारी	जिल्लाको वालमैत्री	जिविस, जिल्ला			जुलाई

क्र.स	क्रियाकलाप	अपेक्षित उपलव्धी/सूचक	जिम्मेवार निकाय			समय सिमा
			कार्यान्वयन	समन्वय गर्ने	सहयोग गर्ने	
		आचारसंहिता तयार भएको हुनेछ	वाल कल्याण समिति			अन्तिम साता

कार्ययोजना कार्यान्वयनको लागि प्रतिवद्धताको ढाँचा :

हामी ..... का पदाधिकारीहरू हामीद्वारा तयार पारिएको आ.व. ..... को कार्ययोजना कार्यान्वयन गर्नको लागि प्रतिवद्धता व्यक्त गर्दछौं ।
प्रतिबद्धता व्यक्त गर्ने पदाधिकारीहरूको

नाम थर :- .....
पद :- .....
संस्था :- .....
सही :- .....

soprotection.com